भाग सानी भाग... पृष्ठ ४

लोकप्रिय राष्ट्रिय दैनिक

राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

ग्राहक वर्गमा जानकारी

राजधानी दैनिकको वार्षिक ग्राहकदर रू १,५०० अब केहि दिनको लागि मात्र

राजधानी न्यूज पब्लिकेशन प्रा.लि
बिक्रितरण विभाग
कुपण्डोल, ललितपुर.
फोन नं. : ५५४६३००, Ext : ११७

काठमाडौं । वर्ष १५, अंक २३५, काठमाडौं, बिहीबार २१ माघ २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np I Email rajdhaninews@gmail.com I RAJDHANI Nepali National Daily I Kathmandu, Thursday 4 February 2016 I पृष्ठ : ८+४ मूल्य रु. ५/-

महाधिवेशन प्रतिनिधि अधिकांश युवा

नेपाली कांग्रेसको १३औं महाधिवेशनअन्तर्गत गाउँ, नगर वडा तथा नगरपालिकामा सम्पन्न महाधिवेशनबाट अधिकांश युवा प्रतिनिधि चयन भएका छन् । ५

जिका भाइरस यौन सम्पर्कबाट सरेको पुष्टि

जिका भाइरस यौन सम्पर्कबाट सर्ने गरेको एउटा दुर्लभ घटना अमेरिकामा फेला परेको छ । डल्लासका एक जना जिका संक्रमित व्यक्तिसँगको यौन सम्पर्कबाट सरेको अमेरिकी रोग नियन्त्रण केन्द्रले ८

सहकारी अभियानको विरोधबिच मन्त्रिपरिषद् पुग्यो ऐन

सहकारी तथा गरिबी निवारण मन्त्रालयले तयार पारेको सहकारी ऐनको मस्यौदा मन्त्रिपरिषद् पुगेको छ । राष्ट्रिय सहकारी संघले प्रस्तावित ऐनप्रति विराध जनाएको भए पनि मन्त्रालयले ऐनअगाडि बढाएको हो । १०

राष्ट्रपतिद्वारा विश्वशान्ति पूजा

पोखरा/रास- पोखरा/रास- राष्ट्रपति विद्यादेवी भण्डारीले प्रकृतिले दिएका अद्भुत उपहारलाई विश्वशान्तिका रूपमा प्रयोग गर्नुपर्नेमा जोड दिएकी छन् ।

पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा बुधवार सुरु विश्वशान्ति पूजा-२०७२ उद्घाटन गर्दै उनले सो कुरा बताएकी हुन् ।

उनले हत्या, हिंसा र दैवी एवं प्राकृतिक प्रकोपजस्ता घटना न्यूनीकरण गरी मानव कल्याणका लागि शान्तिपूजा सार्थक हुने बताइन् ।

(विस्तृत पृष्ठ ३ मा)

एप्पललाई उछिन्दै अल्फाबेटा विश्व उत्कृष्ट

सन फ्रान्सिस्को/एजेन्सी- अमेरिकी कम्पनी अल्फाबेटा इन्कर्पोरेटेड यसअघिको एप्पल कम्पनीको कीर्तिमानलाई उछिन्दै विश्व उत्कृष्ट बन्न सफल भएको अल्फाबेटालै जनाएको छ । अल्फाबेटाले आफ्नो पछिल्लो त्रैमासिक नाफा ५ प्रतिशतले बढेको जनाउँदै वर्तमान अवस्थामा सो कम्पनीको मूल्य ५ सय ७८ अर्ब अमेरिकी डलर पुगेको बताएको छ । प्रतिद्वन्द्वी कम्पनी एप्पलको यो त्रैमासिक कारोबारपछि मूल्य ५ सय ३५ अर्ब अमेरिकी डलर कायम छ ।

(विस्तृत पृष्ठ ८ मा)

कप्तान रिजाललाई सफाइ

काठमाडौं/रास- यू-१९ विश्वकपमा नेपाली टोलीको नेतृत्व गरिरहेका कप्तान राजु रिजालको उमेरसम्बन्धी विवादलाई अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले प्रमाण नभेटिएको भन्दै उनी योग्य रहेको बताएको छ ।

(विस्तृत पृष्ठ १२ मा)

यसरी हुँदै छ पुनर्निर्माण कार्यान्वयन

भीम गौतम/राजधानी
काठमाडौं, २० माघ

भूकम्पपछि क्षतिग्रस्त संरचनाका लागि गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले संस्थागत संरचनासहितको कार्यान्वयनको अवधारणा तयार गरेको छ ।

भूकम्पपछिको पुनर्निर्माण गर्दा सरकारी निकायबिच कसरी समन्वय हुने तथा भूकम्पपीडितहरूले कसरी सरकारद्वारा घोषित राहत पाउने भन्नेबारे अन्योल भइरहेका बेला प्राधिकरणले स्पष्ट कार्यान्वयनको अवधारणासहितको मस्यौदा तयार पारेको हो ।

'पुनर्निर्माण गर्दा कुन निकायले कसरी गर्ने र केके गर्ने भन्ने स्पष्ट संरचनासहितको अवधारणाको मस्यौदा तयार पारेका छौं,' पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील ज्ञवालीले भने । तयार भएको मस्यौदा परामर्श समितिमा छलफलका सार्वै निर्देशक समितिबाट पारित गरेपछि कार्यान्वयनमा आउनेछ । अवधारणाको मस्यौदाबारे प्राधिकरणले प्रधानमन्त्री केपी शर्मा ओली तथा मन्त्रीहरूसँग छलफल गरिसकेको छ ।

१२ वैशाख २०७३ भित्र 'पञ्चवर्षीय राष्ट्रिय पुनर्निर्माण तथा पुनःस्थापना योजना' तयार पारी कार्यान्वयनमा ल्याउन गृहकार्य अघि बढाइएको तथा दोस्रो अन्तर्राष्ट्रिय दातृ सम्मेलन गरी थप वित्तीय सहयोग जुटाउनुपर्ने मस्यौदामा उल्लेख छ ।

मस्यौदाअनुसार पुनर्निर्माण कार्यान्वयनका लागि प्राधिकरणअन्तर्गत आठ ओटा महाशाखा र उपक्षेत्रीय कार्यालय, ३१ जिल्ला समन्वय समिति र १ सय स्थानीय स्रोत केन्द्र रहनेछन् । यसैगरी, प्राधिकरणअन्तर्गत विषयगत आयोजना समिति, विषयगत मन्त्रालयअन्तर्गत छुट्टै विभाग, योजना महाशाखालगायत रहनेछन् ।

त्यसैगरी, नगरपालिकाहरूमा पुनर्निर्माण योजना कार्यान्वयन एकाइ तथा योजना, अनुगमन तथा गुनासो व्यवस्थापनका साथै अनुदान वितरण, निरीक्षण तथा प्रमाणीकरण, सामाजिक परिचालन तथा आर्थिक पुनःसंरचना, प्राविधिक सहयोग तथा निर्माणकर्मी तालिम व्यवस्थापन एकाइ तथा सम्भार तथा सञ्चार व्यवस्थापन एकाइ रहनेछन् । पुनर्निर्माणका लागि ग्रामीण आवास, बस्ती विकास, सार्वजनिक भवन तथा सहरी पूर्वाधार पुनर्निर्माणसम्बन्धी कार्यान्वयन संरचनाको व्यवस्था पनि मस्यौदामा गरिएको छ । विपद्पछिको क्षति आवश्यकता आंकलन (पीडीएनए) प्रतिवेदनले समेटिएका सबै विषयगत क्षेत्रको पुनर्निर्माणका लागि सम्बन्धित मन्त्रालयहरूका लागि छुट्टै कार्यान्वयन एकाइको समेत मस्यौदामा व्यवस्था गरिएको छ ।

प्राधिकरणले योजना तयारी, बजेट व्यवस्थापन, आयोजना स्वीकृति तथा कार्यान्वयन प्रक्रियालाई एकीकृत ढंगले सञ्चालन गराउने र अनुगमन गर्ने, प्राधिकरणद्वारा तोकिएका मन्त्रालयहरूमार्फत विभागीय हैसियतमा रहने गरी स्थापना गरिने विशेष पुनर्निर्माण कार्यान्वयन एकाइद्वारा कार्यान्वयन गरिने लक्ष्य राखेको छ ।

अर्थ मन्त्रालयद्वारा एकमुष्ट बजेट रकम प्राधिकरणमा पठाउने र प्राधिकरणले बजेट निकासा एवं अख्तियारी सिधै सम्बन्धित आयोजना कार्यान्वयन एकाइलाई दिने गरी द्रुतगतिको अवधारणा अघि बढाइएको सो मस्यौदामा उच्च जोखिममा नरहेका तर छरिएका घर तथा बस्तीहरूलाई एकीकृत बस्तीका रूपमा विकास गर्न प्रोत्साहन गरिने उल्लेख छ ।

चरणबद्ध रूपमा ५० हजारदेखि १ लाख स्वयंसेवक परिचालन गर्ने लक्ष्यसहितको स्वयंसेवक कार्यविधि तयार भइरहेको जनाउँदै तयार मस्यौदामा काठमाडौं उपत्यकाको एकीकृत विकास योजना तथा भूकम्प प्रभावित क्षेत्रको क्षेत्रीय विकास अवधारणा तयार पारी सोही आधारमा सहरी संरचना र आर्थिक विकास कार्यक्रम तय गरिने उल्लेख छ ।

कार्यान्वयनसँग सम्बन्धित निर्णयसम्बद्ध केन्द्रीय कार्यान्वयन एकाइका प्रमुख (सहसचिव) को तहबाट टुंग्याई तथा मन्त्रालय र विभागमा फाइल नजाने प्रस्ताव गर्दै मस्यौदामा साझेदार विभिन्न राष्ट्रिय तथा अन्तर राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत उपलब्ध गराइने सहयोगलाई एकीकृत ढंगले परिचालन गरिने, जोखिमयुक्त बस्तीहरू (हाल १ सय ४३ ओटा) लाई निजकै उपलब्ध हुने सुरक्षित स्थानमा स्थानान्तरण गरी एकीकृत सघन बस्तीका रूपमा आर्थिक पुनःस्थापना प्याकेजसहित विकास गरिने उल्लेख छ ।

घरहरूको पुनर्निर्माण तथा स्थानीय तहका (टोल तथा बस्तीभित्रका) पूर्वाधार हरूको पुनर्निर्माण र विकास स्थानीय सामुदायिक संस्थाहरूमार्फत गरिने उपभोक्ता संस्थाको सीमा ६० लाखबाट बढाएर करोड पुऱ्याइने, गरिबको घर पहिले बनाउने, सम्भव भएसम्म विद्यालय तथा स्वास्थ्य चौकीहरूको पुनर्निर्माण कार्य सम्बन्धित व्यवस्थापन समितिहरूमार्फत गरिने, स्थानीय स्रोत साधनको परिचालनसहित जनताको अपनत्व र स्वामित्व बढाइने मस्यौदामा उल्लेख छ ।

व्यक्तिगत घरहरूको पुनर्निर्माण तथा स्थानीय स्तरका पूर्वाधारहरूको पुनर्निर्माणका निम्ति तिनदेखि ६ वटा गाबिसका लागि पायक पर्ने स्थानमा स्थानीय स्रोत केन्द्रको स्थापना गरिने, निर्माण सामग्री, निर्माणकर्मी, इन्जिनियर, बैंकिङ सेवा, समुदाय परिचालक, गुनासो सुनुवाइ र सञ्चार व्यवस्था एकद्वार प्रणालीका आधारमा उपलब्ध गराइने मस्यौदामा उल्लेख छ ।

नगरपालिकाका हकमा नगरपालिकामै स्रोत केन्द्र रहने, गाबिस तहमा इन्जिनियर, समुदाय परिचालक र तालिम प्राप्त डकर्मी एकएक जना रहने तथा गाबिस सचिव अधिकृत स्तरको आवश्यक हुने मस्यौदामा प्रस्ताव गरिएको छ ।

१२ वैशाख २०७३ भित्र 'पञ्चवर्षीय राष्ट्रिय पुनर्निर्माण तथा पुनःस्थापना योजना' तयार पारी कार्यान्वयनमा ल्याउन गृहकार्य अघि बढाइएको तथा दोस्रो अन्तर्राष्ट्रिय दातृ सम्मेलन गरी थप वित्तीय सहयोग जुटाउनुपर्ने प्रस्तावमा उल्लेख छ ।

गोरखाको लाप्राकस्थित गुप्सिपाखामा अस्थायी टहराबाहिर घाम ताप्दै भूकम्पपीडित वृद्धा । **तस्बिर : रासस**

अलमलमा कार्यदल

अझै सुरु भएन वार्ता प्रक्रिया

टेनिस रोका/राजधानी
काठमाडौं, २० माघ

आन्दोलनरत संयुक्त मधेसी मोर्चाका माग सम्बोधन गर्न क्रियाशील बनाइएको प्रमुख तिन दल र मोर्चाको संयुक्त कार्यदल अवरुद्ध संवादलाई कसरी अगाडि बढाउने भन्नेमा नै अलमलमा परेको छ ।

मोर्चामा सहमति जुटेको अवस्थामा समेत शीर्ष तहमा पुनः विवाद उत्पन्न हुने गरेकाले मोर्चा यो विषयलाई कसरी अगाडि बढाउने भन्नेमा अलमलमा छ । सरकार र तिन दलले मधेसी, थारू तथा जनजातिका माग पूरा गर्न भन्दै संविधान संशोधन गर्दासमेत मोर्चा सन्तुष्ट छैन ।

मोर्चाको अड्डानअनुसार माग सम्बोधन गर्न पुनः संविधान संशोधन गर्नुपर्ने हुन्छ । मोर्चाले संशोधनमा नै सीमांकनको टुंगो लगाउन बनाइने संयन्त्रको कार्यादेश टीओआर संशोधनमा नै उल्लेख गर्नुपर्ने अड्डान राख्दै आएको छ ।

प्रमुख दल र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबिचको सोमवार बसेको शीर्ष तहको बैठकले विवादित विषय टुंगो लगाउने जिम्मा पुनः कार्यदललाई दिएको थियो । तर, त्यसयता आन्तरिक तथा दुई पक्षीय कुनै पनि छलफल भएका छैनन् । एमाओवादी महासचिव तथा कार्यदल सदस्य कृष्णबहादुर महराले केही साथी बाहिर रहेकाले बैठक बस्न नसकेको र उनीहरू आउनासाथ वार्ता प्रक्रिया अघि बढ्ने बताए ।

संघीय समाजवादी फोरमका सहअध्यक्ष राजेन्द्र श्रेष्ठले अहिले केही पनि नभएको र बैठक पनि नबसेको भन्दै सरकारी कार्यदलले बोलाउनासाथ आफूहरू वार्ताका लागि तयारी अवस्थामा रहेको बताए । तर, मधेसी मोर्चाका केही नेता देशबाहिर रहँदा कार्यदल स्तरमा कसरी प्रस्तुत हुने भन्नेमा मोर्चाभित्र पनि छलफल भएको छैन ।

यसअघि पटकपटक वार्ता गर्दा कुनै निकासमा पुग्न नसकेकाले पनि तिन दल र मधेसी मोर्चाका दुबै कार्यदल सदस्यले यो विषयलाई महत्त्व दिएको पाइन्न ।

कार्यदलका सदस्यहरू वार्ता र सहमतिलाई भन्दा पनि अन्यत्रै बढी व्यस्त देखिएका छन् । तिन दलीय मोर्चाका सदस्यहरूमा एमाले नेता तथा रक्षामन्त्री भीम रावल सरकारी काममा व्यस्त छन् । नेपाली कांग्रेसका नेता महेश आचार्य पार्टीको महाधिवेशनमा केन्द्रित छन् भने एमाओवादी महासचिव कृष्णबहादुर महरा पार्टीकै काममा बढी व्यस्त देखिएका छन् ।

(बाँकी पृष्ठ ३ मा)

समाजवादी फोरममा चर्कियो समानुपातिक समावेशी मुद्दा

नवविचार समूह गठन, नेतृत्वलाई दुई साताको अल्टिमेटम

विजय चाम्लिङ/राजधानी
काठमाडौं, २० माघ

राज्यको सबै अंग र तहमा समानुपातिक समावेशी सिद्धान्तको नीतिअनुसार सबै जातजातिको सहभागिता हुनुपर्ने बकालत गर्दै आएको संघीय समाजवादी फोरम नेपाल आफैले पार्टीभित्र भने यो सिद्धान्त लागू गरेको छैन ।

एकीकरणपश्चात् पार्टी नेतृत्वले समानुपातिक समावेशी नीति अंगीकार नगरेपछि हाल समाजवादी फोरमभित्रको आन्तरिक विवाद चुलिएको छ । गत ३२ जेठमा संघीय समाजवादी पार्टी नेपाल, मधेसी जनअधिकार फोरम नेपाल र खस समावेशी राष्ट्रिय पार्टीबिच एकीकरण भएको थियो । तर, पार्टी एकीकरणपछि नेतृत्वले पार्टीभित्र समानुपातिक समावेशी नीति लागू गर्नुको सट्टा विधानबाटै समानुपातिक समावेशी शब्द हटाएपछि सोही वेलादेखि सुरु भएको विवाद हाल चुलिएको हो ।

बुधवार मात्रै पार्टीका केन्द्रीय सदस्यहरू रिजबान अन्सारी, वीरबहादुर लामा, नोर्साङ, शेर्पा, राजकुमार यादवलगायतले नवविचार समूह गठन गरी पार्टीको विधानमा समानुपातिक समावेशी उल्लेख गर्न नेतृत्वलाई दुई साताको अल्टिमेटम दिएको छ । 'दुई साताभित्र पार्टीले हाम्रो माग सम्बोधन गरेन भने हामी जिल्लाजिल्लामा पनि नवविचार समूह गठन गरी संघर्ष तल्लो तहसम्म पुऱ्याउँछौं,' नवविचार समूहका संयोजकसमेत रहेका अन्सारीले भने, 'हाम्रो उद्देश्य कुनै अर्को नयाँ पार्टी खोल्न होइन, यही पार्टीलाई नेपाली जनताको अहिलेको चाहनाबमोजिम एउटा समावेशी राष्ट्रिय पार्टी बनाउने हो ।'

नवविचार समूह गठन गरी पार्टीभित्र संघर्ष सुरु गर्ने केन्द्रीय सदस्यहरू सबै अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टीका छन् । संघीय समाजवादी पार्टी गठन गर्दा अन्सारी र लामा दुबै उपाध्यक्ष थिए, नोर्साङ शेर्पा भने उपमहासचिव थिए ।

तर, पार्टी एकीकरणपछि तिनै जना नेतालाई केन्द्रीय सदस्य मात्रै बनाइएको छ । पार्टी एकीकरणपछि आफूहरूलाई पदाधिकारीमा नसमेटिएको र कुनै जिम्मेवारी पनि नदिइएको भन्दै तिनै जना नेता असन्तुष्ट रहँदै आएका थिए ।

हाल उनीहरू पदाधिकारी तहमा आफ्नो जातिको प्रतिनिधित्व नभएपछि पार्टीले विधानमै समानुपातिक समावेशी उल्लेख गरी पार्टीको प्रत्येक तह र कमिटी समानुपातिक समावेशी बनाउनुपर्ने माग गरेका छन् । उनीहरूले विधानको धारा ४१ को उपधारा ३ बाट समानुपातिक समावेशी शब्द जानीजानी हटाइएको दावी गरेका छन् । गत ९, १० र ११ माघमा काठमाडौंको भीमसेनगोलास्थित ओमशान्ति पार्टी प्यालेसमा आयोजित पार्टीको दोस्रो केन्द्रीय समितिको बैठकमा पनि अन्सारी र लामाले चार बुंदे फरक मत राख्दै तत्काल विधान संशोधन गरी समानुपातिक समावेशी उल्लेख गर्न दबाब दिएका थिए ।

(बाँकी पृष्ठ ३ मा)

राजधानी कार्टुन

लौन लौ..! मलाई ओछ्यानबाट समातेर उठाइदेऊ..! सभापतिमा उठ्नु छ क्या..!

पूर्वसभाध्यक्ष नेम्वाङलाई ६० लाखको गाडी

ईश्वरी सुवेदी/राजधानी
काठमाडौं, २० माघ

सरकारले संविधानसभाका पूर्वअध्यक्षको हैसियतमा सुवासचन्द्र नेम्वाङलाई आजीवन सुविधाका लागि ६० लाख रुपैयाँसम्म मूल्य पर्ने गाडी उपलब्ध गराउने भएको छ ।

एक महिनाअघि मन्त्रिपरिषद्ले गरेको निर्णयबमोजिम व्यवस्थापिका संसद् सचिवालयले सभाध्यक्ष नेम्वाङलाई उपलब्ध गराइने गाडी खरिदका लागि बोलपत्रसमेत आह्वान गरेको छ ।

गत २१ पुसदेखि आज (बिहीबार) सम्म एक महिनाको समय राखेर संसद् सचिवालयले गाडी खरिदका लागि बोलपत्र आह्वान गरेको हो । हालसम्म एउटा मात्रै बोलपत्र दर्ता भएको छ । अन्य तिन ओटा कम्पनीले फाराम लगे पनि बोलपत्र दर्ता गरिनसकेको सचिवालयको भनाइ छ । पूर्वसभाध्यक्षलाई उपप्रधानमन्त्रीलाई दिइने हैसियतको सवारी उपलब्ध गराइन लागिएको हो । संसद् सचिवालयले बुधवारसम्म फाराम बिक्रीको अन्तिम दिन तोकेको थियो । शुक्रवार २ बजे बोलपत्र खोलिने भएको छ । सरकारले ऐतिहासिक संविधानसभा अध्यक्षलाई सम्मानस्वरूप नयाँ गाडी दिने विशेष व्यवस्था गरेको जनाउँदै खरिद प्रक्रिया अघि बढाएको हो । पूर्वराष्ट्रपति डा. रामबरण यादवलाई आवाससहितको व्यवस्था गरिसकिएको छ भने उपराष्ट्रपतिलाई विशेष सवारी र सुरक्षाको मात्र व्यवस्था गरिएको छ ।

संविधानसभाका अध्यक्षलाई पनि केही न केही सुविधा दिनुपर्ने भन्दै प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले यो निर्णय गरेको हो । पूर्वपदाधिकारी तथा विशिष्ट व्यक्तिको सेवासुविधा उपलब्ध गराउँदा कानुन बनाएर मात्र उपलब्ध गराउनू भन्ने सर्वोच्च अदालतको आदेश छ ।

तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले संसद्मा दुई पटक विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दर्ता गरेको थियो । तर, पछिल्लो पटकको विधेयकलाई सदनमा अघि बढाउन नहुने भन्दै व्यापक विरोध भएपछि तत्कालीन संविधानसभाका अध्यक्ष नेम्बाङल नै विधेयक गृह मन्त्रालयमै फिर्ता पठाएका थिए ।

गत २४ मंसिरमा बसेको मन्त्रिपरिषद्को बैठकले सर्वोच्च अदालतको आदेशलाई दृष्टिगत गरी पूर्वपदाधिकारी तथा विशिष्ट व्यक्तिको सेवासुविधासम्बन्धी विधेयक बनाई पेस गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको थियो । आदेशबमोजिम गृह मन्त्रालयले विधेयकको खाका तयार गरिरहेको छ । नेम्बाङले अहिले पूर्वविशिष्ट पदाधिकारीको हैसियतमा 'स्कोर्पियो जिप' चढ्दै आएका छन् । नेम्बाङ अहिले एमाले संसदीय दलको उपनेता छन् ।

(बाँकी पृष्ठ ३ मा)

भक्तपुरमा देउवा पक्षको वर्चस्व

राजधानी समाचारदाता
भक्तपुर, २० माघ

कांग्रेस भक्तपुरको नगर अधिवेशनमा देउवा पक्षको वर्चस्व देखिएको छ।

जिल्लाका ६ नगरपालिकामध्ये ५ नगरपालिकामा देउवा पक्षले जित हासिल गरेको हो।

सूर्यविनायक र नगरकोट नगरपालिकामा सर्वसम्मत रूपमा नगर अधिवेशन सम्पन्न भए पनि चार नगरपालिकामा भने दुई पक्षबिच निर्वाचन भएको थियो। निर्वाचनबाट समेत देउवा पक्षले आफ्नो पकड जमाउन सफल भएको छ। सबैभन्दा बढी मतदाता रहेको मध्यपुर थिमी नगरपालिकामा कडा प्रतिस्पर्धा देखिए पनि १३ मत अन्तरले सुरेन्द्र श्रेष्ठ सभापतिमा निर्वाचित भएका छन्। उनले ७ सय ५४ र उनका प्रत्यासी हरिदास प्रजापतिले ७ सय ४१ मत गरेका थिए।

त्यस्तै, अधिवेशनबाट सचिवमा सुरज खड्का र कोषाध्यक्षमा उमेश खड्का निर्वाचित भएका छन्। अन्य सदस्यमा किरणशंकरण प्रधानांग, प्रकाश राजबाहक, दानकृष्ण प्रजापति, राजेश मानन्धर, हरिभक्त हेक्का, दीपिका श्रेष्ठ र अनिल श्रेष्ठ निर्वाचित भएका छन्। चांगुनारायण नगरपालिकाको अधिवेशनमा प्रत्यासी उद्धव खड्कालाई पराजित गर्दै शिवहरि केसी सभापतिमा निर्वाचित भएका छन्। उनले ४ सय १४ मत प्राप्त गरी विजयी भएका हुन्। उनका प्रतिद्वन्द्वी खड्काले २ सय ३९ मत प्राप्त गरेका थिए।

काठमाडौंका १० नगरपालिकामा कांग्रेसको नयाँ नेतृत्व

काठमाडौं/रासस– काठमाडौंका १० नगरपालिकामा कांग्रेसको नयाँ नेतृत्व चयन भएको छ।

१३औं महाधिवेशन तयारी क्रमका नगर समितिमा नयां नेतृत्व निर्वाचित भएको कांग्रेस काठमाडौंले जनाएको छ।

कागेश्वरी मनोहरा नगरमा नवराज पुडासैनी, गोकर्णेश्वरमा श्रीकृष्ण ज्योति, बुढानीलकण्ठमा गणेश कोइराला, टोखामा वसन्त श्रेष्ठ, तारकेश्वरमा श्रीराम थापा, चन्द्रागिरिमा घनश्याम गिरी, कीर्तिपुरमा कृष्णराम श्रेष्ठ र दक्षिणकालीमा मोहन बस्नेत प्रजातान्त्रिक प्रकियाबाट निर्वाचित भएका काठमाडौं सभापति एवं सांसद् भीमसेनदास प्रधानले जानकारी दिए।

शफापुर र नागार्जनमा यसअघि नै निर्विरोध नेतृत्व चयन भइसकेको छ। ती नगरका सभापतिमा क्रमशः राजमाइ श्रेष्ठ र केदार मानन्धर सभापति बनेका थिए।

कांग्रेस विधानअनुसार दलित, जनजाति र अल्पसंख्यक दुई/दुई गरी ६ र सभापतिसहित सातसदस्यीय नगर समिति गठन भएको छ। बांकी सदस्य मनोनयन प्रकियाबाट पूर्ति गरिने वैधानिक व्यवस्था छ।

नगर अधिवेशनबाट सचिवमा दिवाकर पौडेल, कोषाध्यक्षमा साधना मल्ल ठकुरी, सदस्यमा राजेश्वर वन, सागरकुमार न्यौपाने, प्रकाश बांस्तोला, राजु कुईकेल, नारायणभक्त त्याल, जमुना दाहाल र सम्पूर्ण रोक्का निर्वाचित भएका छन्। ललिता भुजेल र प्रभाकर न्यौपानेले बराबर मत प्राप्त गरेका छन्।

उता, अनन्तलिंगेश्वर नगरपालिकाबाट शिवशरण खत्री ८४ मत अन्तरले प्रत्यासी सुनिल ठकुरीलाई पराजित गर्दै सभापतिमा निर्वाचित भएका छन्। उनले ३ सय ७६ मत प्राप्त गरे भने ठकुरीले २ सय ९२ मत प्राप्त गरेका थिए।

त्यस्तै, सचिवमा दिनेश न्यौपाने, कोषाध्यक्षमा रवीन्द्र कार्की, सदस्यहरूमा क्रमशः राजु खड्का, विश्वराम थापा, रबि राणा, मिठारास न्यौपाने, भोला खड्का, रमेशकुमार श्रेष्ठ, श्यामलाल कायस्थ र केशव कार्की निर्वाचित भएका छन्।

भक्तपुर नगरपालिकामा रामप्रसाद कासुला सभापतिमा निर्वाचित भएका छन्। उनले प्रतिद्वन्द्वी अनिल भुजुलाई ६९ मत अन्तरले पराजित गरेका हुन्। कासुलाले ३ सय १ र भुजुले २ सय ३२ मत प्राप्त गरेका थिए।

नगर अधिवेशनबाट सचिवमा राजेन्द्र तमखु, कोषाध्यक्षमा किरणहरि श्रेष्ठ, सदस्यमा केशव दुवाल, पुरुषोत्तम मुनकर्मी, गणेशलाल मुनकर्मी, सागर पलिखेल, रोशन तुकम्बवज्जार, विश्वजित मैल, निर्मला सुवाल र मैया खर्बुजा निर्वाचित भएका छन्।

यसैगरी, नगरकोट नगरपालिकाबाट भने यादव अधिकारी निर्विरोध निर्वाचित भएका छन्। उपसभापतिमा उमेश खड्का, सचिवमा सञ्जीव पुरी, कोषाध्यक्षमा रोशन तिमिल्सिना, सदस्यमा रुक्मणि केसी, अशोक कार्की, मीना राउत, राजकुमार खड्का, नीलकण्ठ थापा, भोला थापा र श्रीराम दुलाल निर्वाचित भएका छन्।

सूर्यविनायक नगरपालिकाबाट भने यसअघि नै बालकृष्ण थापा निर्विरोध सभापतिमा निर्वाचित भइसकेका छन्।

नगर अधिवेशनबाट सूर्यविनायक, चांगुनारायण, भक्तपुर, नगरकोट र मध्यपुर थिमी नगरपालिकामा देउवा पक्षको आएको छ भने अनन्तलिंगेश्वर नगरपालिकामा संस्थापन पक्ष नगर सभापतिमा निर्वाचित भएको छ। देउवा पक्षले आगामी जिल्ला अधिवेशनमा आफ्नो जित सुनिश्चित भइसकेको दावी गरे पनि उम्मेदवार 'को उठाउने' भन्नेमा अन्योल देखिएको छ।

यता, संस्थापन पक्षले भने आफ्नो उम्मेदवार सार्वजनिक गरिसकेको छैन।

मधेस आन्दोलनको स्वरूप परिवर्तन गरिँदै

राजधानी समाचारदाता
काठमाडौं, २० माघ

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका नेताले मोर्चाको आगामी बैठकले जारी आन्दोलनको स्वरूप परिवर्तन गर्ने बताएका छन्।

एकैखाले आन्दोलन लामो समयसम्म चैजान नसकिने बताउँदै उनीहरूले 'आन्दोलनले सबैभन्दा बढी तराई मधेसकै जनता पीडित बन्दै गएको' निष्कर्षसमेत निकालेका छन्। राजधानीमा बुधवार रिपोर्टर्स क्लबद्वारा आयोजित साक्षात्कारमा तराई मधेस सदभावना पार्टीका वरिष्ठ नेता रामनरेश रायले 'कुनै पनि आन्दोलन एकैनाशले धेरै अघि लिएर जान नसकिने' बताउँदै 'मोर्चाको आगामी बैठकले आन्दोलनको समीक्षासहित पुनरावलोकन गर्ने' विश्वास व्यक्त गरे। मधेस आन्दोलन हिमाल-पहाड पुऱ्याउन गृहकार्य भइरहेको बताउँदै नेता रायले मधेस आन्दोलन राष्ट्रियता र अखण्डता बलियो बनाउन भएको दावीसमेत गरे।

संघीय समाजवादी फोरम नेपालका उपाध्यक्ष राजेन्द्र श्रेष्ठले अबको आन्दोलन मधेस र नाकामा मात्र नभई राजधानीकेन्द्रित हुने बताउँदै त्यसका लागि स्वरूप परिवर्तन आवश्यक भएको तर्क गरे।

'अबको आन्दोलन सिंगो मुलुकमा बढाउँछौ, राजधानीकेन्द्रित नभई परिवर्तन हुने स्थिति छैन,' उनले भने, 'त्यसैले आन्दोलनको स्वरूप परिवर्तन गर्नुपर्छ।' यद्यपि, श्रेष्ठले आमहडतालको कार्यक्रम जारी रहेसम्म भने नाकाबन्दी यथावत् रहने स्पष्ट पारे। 'तराई आन्दोलन नेपाल-भारत एकअर्कोको सरोकारको विषय भएकोले आफ्नो कुरा भन्न बिहार जानु वेठिक होइन,' उनको तर्क छ, 'आन्दोलनमा समर्थन खोज्नु अनुचित भन्न हुँदैन।'

सदभावना पार्टीका महासचिव मनिषकुमार सुमनले आन्दोलनले मधेसी जनता सबैभन्दा पीडित भएकाले आफूहरू आन्दोलन रोक्न आतुर रहेको प्रस्ट पारे। 'यसका लागि हामीले उठाएका जायज माग तत्काल सम्बोधन हुनुपर्छ,' उनले भने, 'आन्दोलन भने माग पूरा नहुन्जेल जारी रहनेछ।'

लामाद्वारा अध्यक्षमा उम्मेदवारी घोषणा

गोमा परियार
काठमाडौं, २० माघ

उम्मेदवारी घोषणा गरेको उनले प्रस्टसमेत पारेकी छन्।

एमालेनिकट अनेरुवविद् महासचिव नबीना लामाले अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरेकी छन्।

आगामी साता काठमाडौमा हुने २२औं राष्ट्रिय महाधिवेशनमा अध्यक्ष पदका लागि उनले उम्मेदवारी दिने भएकी हुन्।

राजधानीमा बुधवार आयोजित कार्यक्रममा आफ्नो उम्मेदवारी टुंगो लागिसकेको बताउँदै लामाले 'राष्ट्रपति र सभामुख महिला भएकैले देशमा महिला नेतृत्व बढाउन' आफूले त्यस्तै, उपाध्यक्षमा महेश बर्तौला, रश्मी आचार्य, शैलेश लामा र सुनिता बरालको उम्मेदवारी टुंगो लागिसकेको छ। महासचिव पदमा ऐन महर दावेदारीमा छन् भने सचिव तथा कोषाध्यक्षका आकांक्षीको टुंगो लागिसकेको छैन।

विद्यार्थी आन्दोलन 'रचनात्मक र सिर्जनशील बनाउने मुख्य उद्देश्य रहेको' महासचिव लामाले बताइन्। 'देशको समृद्धि र निर्माणमा जोडिदै सक्षम र योग्य नेतृत्व निर्माण होस् भन्ने चाहन्छौं,' उनले भनिन्, 'शैक्षिक र सिंगो विद्यार्थी आन्दोलनका लागि भोलिको दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्य लिएकी छु।'

(प्रशिक्षार्थी)

सरकार बदल्न खोज्नु गलत : बिजुक्छे

राजधानी समाचारदाता
भक्तपुर, २० माघ

नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले वर्तमान परिस्थितिमा सरकार परिवर्तन अनुचित भएको बताएका छन्। मुलुकको परिस्थितिअनुसार वर्तमान सरकारलाई नै बलियो बनाएर लैजानुपर्ने खोंचो औंल्याउँदै उनले वर्तमान समय सरकार ढाल्ने र परिवर्तन गर्ने गृहकार्यमा लागे राष्ट्रियता झनै कमजोर हुने दावीसमेत गरे।

खप कलेजको १४औं वार्षिकोत्सव समारोहमा बोल्दै बिजुक्छेले उच्चस्तरीय राजनीतिक संयन्त्र संयोजक पुष्पकमल दाहालको 'सरकार परिवर्तन गरेर राष्ट्रिय सरकार गठन गर्नुपर्छ भन्ने भनाइ देश र जनताको हितमा नभएको' टिप्पणी पनि गरे। 'सरकार संयन्त्र संयोजकले देशको परिस्थिति निकै प्रतिकूल भएको अवस्थामा यस्तो अभिव्यक्ति दिंदा विदेशीले खेल्ने मौका पाउनेछन्,' उनले भने, 'सरकारलाई कमजोर बनाएर जनताको ध्यान अन्तै मोड्न खोज्नु गलत हुनेछ।'

एमाओवादी अध्यक्ष दाहालले संयन्त्रमा सरकार परिवर्तनबारे 'कुनै प्रस्ताव नराखेको' प्रस्ट पार्दै बिजुक्छेले 'संयन्त्र संयोजकले जधाभावी बोल्न नहुने' सुझाव पनि दिए। भारतीय राजदूतसंग भेटवार्ता गर्नेविषिकै दाहालले बोली फेर्ने गरेको आरोप लगाउँदै उनले थपे, 'दाहालजी जब-जब भारतीय राजदूतसंग भेट्नुहुन्छ, त्यसपछि राष्ट्रिय सरकार गठन र सरकार लचिलो बन्नुपर्ने प्रस्ताव राख्नुहुन्छ।'

वर्तमान सरकारले जनताका लागि 'केही काम गरेन भनेर गाली गर्नु उचित नभएको' बताउँदै बिजुक्छेले 'देशको परिस्थितिअनुसार सरकारले यहाँभन्दा अरू काम केही गर्न नसकेर' भनाइ राखे। 'सरकारले आत्मसमर्पण गरे विदेशीसामु घुँडा टेके जनताका लागि केही गर्न सक्ने भए पनि राष्ट्रियताका पक्षमा उभिंदा केही गर्न सकेको छैन,' उनले भने, 'सरकारले आत्मसर्मपण नगरेसम्म योभन्दा बढी काम गर्न सक्दैन त्यसैले जनताको ध्यान अन्तै मोड्ेर सरकार बल्दन दिनुहुँदैन।'

मधेसवादी दलले विदेशीको इसारामा योजनाबद्ध ढंगले 'उपद्रो मच्चाउने कार्य गरिरहेको' आरोप लगाउँदै बिजुक्छेले 'तराईबाट पहरी, सेना फिर्ता ल्याउन नहुने' मा समेत जोड दिए।

'पहरी र सेना फिर्ता बोलाउने कार्यले अपराधीलाई थप बल पुग्ने छ,' उनले भने, 'तराईका गरिब, मजदूर र किसान आन्दोलनमा आएका छैनन्, विदेशबाट परिचालित मधेसवादी दलका नेताले जमिनदार र सामन्तको मात्र प्रतिनिधित्व गरेकाले किसान आन्दोलन अगाडि बढाए उनीहरूको आन्दोलन कमजोर हुनेछ।'

हार्दिक बधाई एवं शुभकामना

ई. गजेन्द्र थपलिया

हामो परम मित्र **ई. गजेन्द्र थपलिया** सम्माननिय प्रधानमन्त्री केपी शर्मा ओलि ज्यूको वरिष्ठ आर्थिक तथा विकास विज्ञ जस्तो गरिमामय पदमा नियुक्त हुन् भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछौं।

मित्रहरु

ई. शिवराम के.सी. ई. विजय कुमार वडाल ई. नारायण अर्याल
ई. विनोद भुइराई ई. हरि पौड्याल ई. कपिल आचार्य
ई. संजिव वराल ई. प्रकाश अर्याल ई. रविन दाहाल
ई. सुरज लामिछाने ई. धुडाराज ढकाल ई. दिपा खकुरेल
ई. खिमानन्द कडेल ई. नारायण अर्याल ई. टिकाराम वराल
ई. नवराज पोखेल ई. मदन तिमिसिना ई. रविन वाबु घिमिरे
ई. महेश नेपाली ई. राज कुमार पोखेल ई. ईश्वर मराहठा

लिलाम बिक्रीको सूचना

यस कार्यालयको परिसर, निवास परिसर र हनांमाढी इ.व.का परिसर भित्र रहेका स्थहरु कटान गरी उत्पादन भइ सोही स्थानमा घाटगोई भएको टिक समेतका गो.थान ३१८ को २०४६.३७ अ.घि. क्रठ र २०४५.४८ को २.२५ चुट्टा दाउरालाई १ देखि २ सम्मको लट कायम गरी जेजस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक मु.अ. करमा दर्ता भएका काठ व्यवसायी, फर्म, कम्पनी वा संयसंस्थालाई सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र बोलपत्र खरिद गरी २२ औं दिनको १.०० बजे भित्रमा गोप्य शिलबन्दी बोलपत्र दाखिलाका गर्न आव्हान गरिन्छ। पूर्ण व्यहोराको सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

जिल्ला वन कार्यालय, मकवानपुर

मुहा फाँट नं. ११ मुहा नं. ०७१-CP-४१४०/२६४

काठमाडौं जिल्ला बडातलबाट जारी भएको बन्धुको नाती चिन्तुके छोरा लमजुङ जिल्ला टन्सार गा.वि.स.वडा नं. ९ घर भई हाल क.जि. तारकेश्वर शान्तिटोल बस्ने अं. वर्ष ३० को लक्ष्मण गिरीका नाउँको ३० दिने सूचना म्याद।

वादी काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. १५ स्वयम्भू बस्ने वर्ष ३४ को नुरेश्वर अधिकारीले मिति : २०७२/०१/२५ गते तपाई उपर वैना रकम दिनाई पाउँ मुद्दाको फिराद दायर गरेकोले नाउँमा यस अदालतबाट जारी भएको म्याद मिति : २०७२/०९/२८ मा वेपत्ते तामेल भै आएकोले यस अदालतको मिति : २०७२/१०/१८ को आदेशानुसार जिल्ला अदालत नियमावली २०४२ को नयम २२(क) बमोजिम तपाईहरुको नाउँको म्याद राजधानी दैनिकमा प्रकाशित गरिएको छ। यो म्याद राजधानी दैनिकमा प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक ३० दिनभित्र आफुसंग भएको सबुद प्रमाण सहित तपाई आफै वा वारेस वा कानुन बमोजिमको प्रतिनिधि मार्फत यस अदालतमा प्रतिउत्तर पत्र लिई हाजिर हुन आउनु होला। नआई म्याद गुजारी वसे मुद्दा कानुन बमोजिम भै जाने छ पछि तपाईहरुको कुनै उज्रु लाग्ने छैन। ईति सम्वत २०७२ साल माघ १९ गते रोज ३ शुभम्

साउदी अरेबीयामा रोजगार

१ कम्पनी : SAUDI MANPOWER SOLUTIONS CO. शहर : Saudi
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ चलानी नं. : ९२३५ LT. No. 151176

क्र.	कामदारको पद	माग संख्या पुरुष	महिला	तलब SR	अन्य	
1	Labour	25	0	800	22,400	

कामदार आवश्यक पर्ने योग्यता : ८ घण्टा ६ दिन छ छ
मेडिकल रीपोर्ट हुने कम्पनीको नाम : हुने रोजगार दाता कम्पनीले
हवाई टिकट कम्पनीले दिने : निःशुल्क
भिसा शुल्क कम्पनीले दिने : निःशुल्क
सेवा शुल्क : कम्पनीले दिने

विशेषमा रोजगार विज्ञापनका पाठहरुको जानकारी :– १. कागजात नभएमा भिसा प्राप्त भइसकेपछि कागज बनाउनुपर्ने गई त्यहा पुगेपछि हुन्छ होला। २. कुनैपनि तरहको फीसमा अतिरिक्त नियुक्ति। ३. आफू आफ्नो घरको सुदृढता गरेको नेपाली सुटुरिटिक निकोलको कागज ठिकठाक र घरमा राखमाथि कायम राख्नुपर्दछ। ४. आफू अप्ठेराहुन्छ भयो भनेमा घरी बीजेपी हुन्छ। ५. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरुमा यस नेपाल रोजगार प्रवद्धन विभाग, काठमाडौंमा कागज राख्नुहोला।

Ozone Overseas Services Pvt. Ltd.
Air Port, Kathmandu, Nepal, Ph.: 4112794
Mo: 9801041128, 9801041130, 9801041131
E-mail: ozoneoverseasnepal@gmail.com
DOFE: ओजोन ओभरसिज सर्भिसेज प्रा.लि.

कतारमा रोजगार

1 Company : SK TRADING & DISTRIBUTION WLL
पूर्व स्वीकृती मिति : २०७२/१०/२० चलानी नं. : ९४२६ LT. No.: 151253 कुलसात : कम्पनीले दिने

क्र.	कामदारको पद	माग संख्या पुरुष	महिला	तलब QR	अन्य	
1	Plumber	05	1100	31,900		
2	Carpenter	05	1100	31,900		
3	Painter	05	1100	31,900		
4	Mason	05	1100	31,900		
5	Driver	03	1400	40,600		
6	Labourer	10	900	26,100		
7	Plaster Worker	05	1100	31,900		

2 Company : FALCON PAC DISPOSABLE & TRADING WLL
पूर्व स्वीकृती मिति : २०७२/१०/२० चलानी नं. : ९४२५ LT. No.: 151254 कुलसात : कम्पनीले दिने

क्र.	कामदारको पद	माग संख्या पुरुष	महिला	तलब QR	अन्य	
1	Plumber	05	1300	37,700		
2	Carpenter	05	1300	37,700		
3	Painter	05	1300	37,700		
4	Mason	05	1300	37,700		
5	Driver	04	1400	40,600		
6	Labourer	12	900	26,100		
7	Plaster Worker	05	1200	34,800		

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारबा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

विशेषमा रोजगार विज्ञापनका पाठहरुको जानकारी :– १. कागजात नभएमा भिसा प्राप्त भइसकेपछि कागज बनाउनुपर्ने गई त्यहा पुगेपछि हुन्छ होला। २. कुनैपनि तरहको फीसमा अतिरिक्त नियुक्ति। ३. आफू आफ्नो घरको सुदृढता गरेको नेपाली सुटुरिटिक निकोलको कागज ठिकठाक र घरमा राखमाथि कायम राख्नुपर्दछ। ४. आफू अप्ठेराहुन्छ भयो भनेमा घरी बीजेपी हुन्छ। ५. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरुमा यस नेपाल रोजगार प्रवद्धन विभाग, काठमाडौंमा कागज राख्नुहोला।

Dynamic Positions Pvt. Ltd.
P.O. Box No : 3025, Naxal, Gairidhara Kathmandu, Nepal
Tel : +977-1- 4004014, Fax : +977-1-4004015, Cell : 9851003271, 9851009259, 9801080947, Email : scmmanoj@gmail.com,
Web : www.dynamicpositionsnepal.com
Lic. No. 691/063/064

QATAR मा रोजगार

१. कम्पनी : SUPER ART TRADING & CONT. CO. WLL शहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/१०/२० चलानी नं. : ९४३३ LT. No. 152218

क्र.	कामदारको पद	माग संख्या पुरुष	महिला	तलब QR	अन्य	
1	Plumber	03	0	1100	31,900	
2	Carpenter	06	0	1100	31,900	
3	Foreman	02	0	2500	72,500	
4	Labour	07	0	900	26,100	
5	Painter	06	0	1100	31,900	
6	Accountant	02	0	3600	104400	
7	Welder	07	0	1100	31,900	
8	Civil Engineer	02	0	4200	121800	
9	Steel Fixer	07	0	1100	31,900	
10	Mason	06	0	1100	31,900	
11	Driver	03	0	1400	40,600	
12	Plaster Worker	07	0	1100	31,900	
13	Electric	06	0	1100	31,900	
14	REPRESENTATIVE	02	0	2200	63,800	
15	GUARD	03	0	900	26,100	

अन्तरवार्ता : २०७२ माघ २१ गते हुनेछ।

विशेषमा रोजगार विज्ञापनका पाठहरुको जानकारी :– १. कागजात नभएमा भिसा प्राप्त भइसकेपछि कागज बनाउनुपर्ने गई त्यहा पुगेपछि हुन्छ होला। २. कुनैपनि तरहको फीसमा अतिरिक्त नियुक्ति। ३. आफू आफ्नो घरको सुदृढता गरेको नेपाली सुटुरिटिक निकोलको कागज ठिकठाक र घरमा राखमाथि कायम राख्नुपर्दछ। ४. आफू अप्ठेराहुन्छ भयो भनेमा घरी बीजेपी हुन्छ। ५. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरुमा यस नेपाल रोजगार प्रवद्धन विभाग, काठमाडौंमा कागज राख्नुहोला।

Ozone Overseas Services Pvt. Ltd.
Air Port, Kathmandu, Nepal, Ph.: 4112794
Mo: 9801041128, 9801041130, 9801041131
E-mail: ozoneoverseasnepal@gmail.com
DOFE: ओजोन ओभरसिज सर्भिसेज प्रा.लि.

साउदी अरेबियामा रोजगार

१. कम्पनी : LATIFAH M. AL-DOUFAYAN EST. TRANSPORT GOODS & EQUIPMENT शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ चलानी नं. : ९४८२ LT. No. 150174

क्र.	कामदारको पद	माग संख्या पुरुष	महिला	तलब SR	अन्य	
1	Driver	02	1800	50,400		

कामदार आवश्यक पर्ने योग्यता : ८ घण्टा ६ दिन छ छ
मेडिकल रीपोर्ट हुने कम्पनीको नाम : हुने रोजगार दाता कम्पनीले
हवाई टिकट कम्पनीले दिने : निःशुल्क
भिसा शुल्क कम्पनीले दिने : निःशुल्क
सेवा शुल्क : ५०००

विशेषमा रोजगार विज्ञापनका पाठहरुको जानकारी :– १. कागजात नभएमा भिसा प्राप्त भइसकेपछि कागज बनाउनुपर्ने गई त्यहा पुगेपछि हुन्छ होला। २. कुनैपनि तरहको फीसमा अतिरिक्त नियुक्ति। ३. आफू आफ्नो घरको सुदृढता गरेको नेपाली सुटुरिटिक निकोलको कागज ठिकठाक र घरमा राखमाथि कायम राख्नुपर्दछ। ४. आफू अप्ठेराहुन्छ भयो भनेमा घरी बीजेपी हुन्छ। ५. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरुमा यस नेपाल रोजगार प्रवद्धन विभाग, काठमाडौंमा कागज राख्नुपर्दछ।

Dar Al-Khaleej
Govt.Lic. No. 557/062/63
OVERSEAS MANPOWER CONSULTANT
G.P.O. Box: 9875, EPC 2154, Shambhu Marg-163/16, Nayabasti, Airport, Kathmandu, Nepal, Tel. +977-1-4469996, Fax. +977-1-4469995,Email: dakmanpower@gmai.com
dakoverseas@gmail.com,web:www.dakmanpower.com.np

साउदी अरेबीयामा रोजगार

१. कम्पनी : ROWAT FOR CAR WASHING KSA शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ चलानी नं. : ९३४७ LT. No. 150967 जम्मा बुकै कम्पनीले दिने

क्र.	कामदारको पद	माग संख्या पुरुष	महिला	तलब SR	अन्य	
1	Normal Worker	03	1000	28,000		

२ कम्पनी : ALI HASSAN SAIF AL-QAHTANI FOR CONCRETEAND CEMENT BLOCKS शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ चलानी नं. : ९३४९ LT. No. 146553 जम्मा बुकै कम्पनीले दिने

क्र.	कामदारको पद	माग संख्या पुरुष	महिला	तलब SR	अन्य	
1	Truck Driver	02	1800	50,400		

विशेषमा रोजगार विज्ञापनका पाठहरुको जानकारी :– १. कागजात नभएमा भिसा प्राप्त भइसकेपछि कागज बनाउनुपर्ने गई त्यहा पुगेपछि हुन्छ होला। २. कुनैपनि तरहको फीसमा अतिरिक्त नियुक्ति। ३. आफू आफ्नो घरको सुदृढता गरेको नेपाली सुटुरिटिक निकोलको कागज ठिकठाक र घरमा राखमाथि कायम राख्नुपर्दछ। ४. आफू अप्ठेराहुन्छ भयो भनेमा घरी बीजेपी हुन्छ। ५. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरुमा यस नेपाल रोजगार प्रवद्धन विभाग, काठमाडौंमा कागज राख्नुपर्दछ।

BAJRA HUMAN RESOURCES PVT. LTD.
G.P.O. Box: 23901, Lalitpur, Nepal, Tel : +977 1 5555823, Fax : +977 1 5543769,
E-mail : bajra_1@yahoo.com, bajrah@gmail.com,
Web : http://www.bajrahrs.com | Govt. Lic. No : 597/062/063

उच्चस्तरीय सञ्चार समिति गठन

नेपाली सेनाका प्रधानसेनापति राजेन्द्र क्षत्रीलाई भारतीय स्थल सेनाको मानार्थ महारथी दर्जाको दर्ज्यांनी चिह्न प्रदान गर्दै भारतीय राष्ट्रपति प्रणब मुखर्जी । नेपाल र भारतबिच दुवै देशका सेना प्रमुखहरूलाई कदरस्वरूप सन् १९५० देखि मानार्थ महारथी दिने ऐतिहासिक चलन रहिआएको छ । **तस्बिर सौजन्य : भारतीय राष्ट्रपतिको कार्यालय**

राजधानी समाचारदाता
काठमाडौं, २० माघ

सरकारले नयाँ संविधानअनुकूल नयाँ आमसञ्चारनीतिको मस्यौदा तयार गर्न उच्चस्तरीय सञ्चार समिति गठन गरेको छ ।

मंगलवार बसेको मन्त्रिपरिषदको बैठकले कानुन तथा सञ्चारविज्ञ काशीराज दाहालको अध्यक्षतामा समिति गठन गरेको हो ।

समितिको सदस्यमा प्रेस काउन्सिल नेपालका अध्यक्ष बोर्णबहादुर कार्की र नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र बिष्ट तथा अन्य सदस्य सूचना तथा सञ्चारमन्त्रालयले समावेशिता र आवश्यकताका आधारमा तय गर्नेछ। सञ्चारसम्बन्धी अन्य सरोकार भएका संस्थाका अध्यक्ष र प्रतिनिधि पनि समितिमा रहनेछन् ।

समितिले नयाँ संविधानको मर्म र भावना तथा संघीयताको खाकाअनुसार हुने गरी नयाँ आमसञ्चार नीति तर्जुमा गर्ने, विद्यमान सञ्चार ऐनमा पुनरावलोकन गर्नेलगायतका सुझाव दिने सूचना तथा सञ्चारमन्त्री एवं सरकारका प्रवक्ता शेरधन राईले जानकारी दिए । त्यस्तै, संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकार, पत्रकार आचारसंहिता, लोकतन्त्र र सञ्चार आदि विषयमा समस्या पहिचान गरी समाधानको उपायबारे पनि सुझाव दिन कार्यादेश दिइएको छ। समितिको कार्यावधि तीन महिना तोकिएको छ ।

सरकारले लोकतन्त्र स्थापनापछि २०६३ सालमा राधेश्याम अधिकारीको अध्यक्षतामा सोही प्रकारको आयोग गठन गरेको थियो ।

छेन्दुमा महाबाणिज्य दूतावास

मन्त्रिपरिषद्को बैठकले छिमेकी चीनको सिचुवान प्रान्तको छेन्दु सहरमा नेपालको महाबाणिज्य दूतावास स्थापना गर्न चीन सरकारको सहमतिका लागि औपचारिक अनुरोध गर्न सहमति दिने निर्णय गरेको छ ।

बैठकले बिभिन्न २१ जनालाई सहसचिवमा बढुवा गरेको छ। बढुवा हुनेमा रविशंकर सैंजू, दानध्वज बस्नेत, ज्ञानेन्द्र पौडेल, सञ्जयकुमार खनाल, केशवप्रसाद आचार्य, पुरुषोत्तम नेपाल, जनकीवल्लभ अधिकारी, जनकराज दाहाल, प्रदीपकुमार कोइराला, शिवप्रसाद अधिकारी, शेरबहादुर डुंगाना, भगीरथ पाण्डे, रामबहादुर घिमिरे, उत्तमप्रसाद धिताल, उत्तमप्रसाद नागिला, दिलीपकुमार चापागाईं, नरहरि बराल, ताराबहादुर कार्की, विष्णुप्रसाद पोखरेल, प्रेमप्रकाश उप्रेती र कृष्णबहादुर थापा छन् ।

उनीहरूको पदस्थापन हुनै बाँकी छ। यसैगरी, प्राविधिक इन्जिनियरतर्फ सहसचिवमा पुरुषोत्तम आचार्यलाई बढुवा गरी ऊर्जा मन्त्रालयमा पदस्थापन गरिएको मन्त्री राईले बताए । बैठकले नेपाली सेनाका केही प्रमुख सेनानीलाई महासेनानीमा बढुवा र केही सहायकरथीको सरुवा गरेको छ ।

९० किलो चरेससहित पाँच पक्राउ

राजधानी समाचारदाता
काठमाडौं, २० माघ

प्रहरीले अवैध लागूऔषध चरेस ९० किलो ५६ ग्राम र नगदसहित पाँचजनालाई पकाउ गरेको छ।

लागूऔषध नियन्त्रण ब्युरो कोटेश्वरले उनीहरूलाई पकाउ गरेको हो । पकाउ पर्नेमा काठमाडौं बुद्धानीलकण्ठ नगरपालिका नारायणचोक बस्ने धादिङ सेर्तुङका हेरमान तामाङ, नुवाकोट बुडताडका अक्कलबहादुर तामाङ, धादिङ बसेरीका धनबहादुर गुरुङ, सोही ठाउंका ३१ बर्षीय नरबहादुर गुरुङ र धापासी बस्ने तनहुं बन्दीपुरका डीबी भन्ने दिलबहादुर गुरुङ रहेका छन् ।

हेरमान र अक्कलबहादुर तामाङलाई हेरमानको कोठाबाट अवैध लागूऔषध चरेससहित १८ माघमा पकाउ गरेको प्रहरीले जनाएको छ। सो चरेस भारत, चीन, हङकङ, इटली र क्यानडालगायतका देशमा पैठारी गर्न हेम्प सुज एवं बिभिन्न किताब आदिमा लुकाईछिपाई राखिएका थिए । चरेससहित प्याकिङ गर्न प्रयोग गरिने बिभिन्न सरसामान र मेसिनसमेत प्रहरीले बरामद गरेको छ । चरेस निकासी गर्ने क्रममा ४८ हजार भारतीय रुपैयांसहित धनबहादुर र नरबहादुरलाई सोही दिन काठमाडौं महानगरपालिका-७ चाबहिलबाट र चरेस मुद्दाका मुख्य अभियुक्त दिलबहादुरलाई काठमाडौं पानीपोखरीस्थित लाभा क्याफेअगाडिबाट चिनियाँ युआन १ सय ७, यूएस डलर ५ सय ८०, हङकङ डलर १ सय २० र चिनियाँ सिमकार्ड एक थानसहित मंगलवार प्रहरीले पकाउ गरेको हो।

दिलबहादुरले चरेस कुरियरमार्फत भारत, क्यानाडा, इटाली, चीन र हङकङजस्ता मुलुकमा निकासी गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ। दिलबहादुर गुरुङ कुख्यात चरेस कारोबारी भएको प्रहरी दावी छ । उनी २०५४ देखि चरेसको धन्दामा संलग्न भएको प्रहरीले जनाएको छ ।

दिलबहादुर यसअघि काठमाडौं जिल्ला अदालतको फैसलाअनुसार लागूऔषध मुद्दामा आठ बर्ष कैद भुक्तान गरी २०७० साउनमा कारागारबाट रिहा भएका व्यक्ति हुन्। बरामद अवैध लागूऔषधको स्थानीय बजार मूल्य अनुमानित २७ लाख रुपैयां रहेको ब्युरोले जनाएको छ। उनीहरुविरुद्ध लागूऔषध नियन्त्रण ऐन, २०३३ अनुसार मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान कार्य भइरहेको छ ।

राष्ट्रपतिद्वारा पोखरामा विश्वशान्ति पूजा

विजय नेपाल/राजधानी
पोखरा, २० माघ

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रकृतिले दिएका अद्भुत उपहारलाई विश्वशान्तिका रूपमा प्रयोग गर्नुपर्नेमा जोड दिएकी छन् ।

पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा बुधबार सुरु विश्वशान्ति पूजा-२०७२ उद्घाटन गर्दै उनले सो कुरा बताएकी हुन् ।

उनले हत्या, हिंसा र दैवी एवं प्राकृतिक प्रकोपजस्ता घटना न्यूनीकरण गरी मानव कल्याणका लागि शान्तिपूजा सार्थक हुने बताइन् । उनले भनिन्, 'नेपालमा भएका भूकम्प, नाकाबन्दी र राजनीतिक अस्थिरता न्यूनीकरणमा पनि यस्ता पूजाको भूमिका महत्त्वपूर्ण हुनेछन् ।'

राष्ट्रपति भण्डारीले दिगो पर्यटन विकासका लागि बुद्ध दर्शन र पर्वतीय संस्कृतिको प्रचारप्रचार आवश्यक रहेको बताइन् ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्दप्रसाद पोखरेलले भगवान् बुद्धले नेपालमै बुद्धत्व प्राप्त गरेकाले नेपाल विश्व समुदायका लागि शान्ति फैलाउन महत्त्वपूर्ण देशको रूपमा रहन सक्ने बताए ।

उनले नेपाललाई विश्वभरका हिन्दु तथा बौद्ध धर्मावलम्बीका लागि उत्कृष्ट गन्तव्य बनाउने सोचका साथ सरकारले बुद्धिस्ट तथा हिन्दु सर्किटका रूपमा विकास गर्न खोजिएको धारणा राखे । बुद्धको जन्मबारे गरिएको भ्रम चिर्न २५ सय ६०औं बुद्ध जयन्तीका अवसरमा अन्तर्राष्ट्रियस्तरका राजनीतिज्ञ, बुद्धधर्मका गुरुहरूको कार्यशाला ६ र ७ जेठमा नेपालमा गर्ने तयारी थालिएको जानकारी दिए ।

विश्वशान्ति पूजामा सहभागी हुन नेपाललगायत विश्वका बिभिन्न मुलुकबाट धर्मगुरु, बौद्धधर्मका अनुयायीलगायतको सहभागिता रहेको कार्यक्रमका अध्यक्ष आङछिरिङ शेर्पाले जानकारी दिए। पूजामा शाक्य ट्रिजिन रिन्पोछेको सहभागिता छ । शाक्य बुद्ध धर्मका गुरुका रूपमा चर्चित छन् ।

कार्यक्रम संयोजक याङकिला शेर्पाले प्राकृतिक विपद्मा परी मृत्यु भएकाको आत्माको शुद्धि र धार्मिक पूजा अनुष्ठानमार्फत मुलुकमा सामाजिक सद्भाव कायम गर्ने एवं नेपालको धार्मिक पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले पूजा गरिएको हुँदा यो सार्थक हुने विश्वास गरिन् । पूजामा बिभिन्न देशबाट २० हजारभन्दा बढी धार्मिक पर्यटक यहाँ भित्र्याउने आयोजकको लक्ष्य छ । पूजामा २ सयजनाले पाठ गरेका छन् ।

धर्म र अध्यात्मले मानवलाई शान्ति र समुन्नतिको बाटोमा हिडाउँछ भन्ने सन्देश विश्वभर प्रवाह गर्न पूजा आयोजना गरिएको स्थानीय आयोजक हरिदेव तुलाचनले बताए । संसारभर शान्ति फैलाउने उद्देश्यले विश्व शान्ति पूजा गरिएको हो ।

यसैबीच, राष्ट्रपति भण्डारीले संग्रहालय परिसरमा रहेको नेपालको पर्वतीय इतिहासमा उल्लेख्य योगदान दिने स्व. दाबानोर्बु शेर्पा, कुमार खड्गविक्रम शाह र हर्क गुरुङको प्रतिमाको अनावरण गरिन् ।

पोखरा-१७ घारीपाटनस्थित पर्वतीय संग्रहालय सबैको आकर्षणको केन्द्र मानिन्छ । २०६० सालदेखि सञ्चालनमा आएको यो संग्रहालय १ सय रोपनी क्षेत्रफलमा फैलिएको छ। संग्रहालयमा पर्वतीय जनजीवन झल्काउने पर्वतीय मानव कक्ष, ताईवानी, जापानी तथा स्लोभानियाको संस्कृति तथा वेशभूषा झल्काउने गरी फरकफरक कक्ष छन् ।

यहाँ चारओटा प्रदर्शनी कक्षअन्तर्गत १२ शाखा कक्ष बिभाजित गरिएको संग्रहालय प्रमुख बलप्रसाद राईले बताए ।

२० बुँदे दायित्व सार्वजनिक

काठमाडौं/रास- राष्ट्रिय सूचना आयोगले सबै सरकारी निकायका लागि सूचनाको हकको प्रचलनमा पालना गर्नुपर्ने बिस बुंदे दायित्व सार्वजनिक गरेको छ ।

राष्ट्रिय सूचना आयोगले मंगलवार सूचना अधिकारी तोक्नुपर्ने, सूचनामा नागरिकको पहुंच सुनिश्चित गर्नुपर्ने, नागरिकको सूचनाको हकको सम्मान गर्नुपर्ने, सूचनाको बर्गीकरण गर्नुपर्ने, बिस बर्षसम्मका सूचना अद्यावधिक गर्नुपर्नेलगायतको बिसबुंदे दायित्व सार्वजनिक गरेको हो ।

त्यसैगरी, कर्मचारीलाई सूचनाको हकसम्बन्धी तालिम दिनुपर्ने, आफ्ना कामकारवाही खुला र पारदर्शी तुल्याउनुपर्ने, आफ्ना सामग्री बिभिन्न सञ्चारमाध्यम र भाषामा प्रकाशित प्रसारित गर्नुपर्ने, सूचना अधिकारी तोक्नुपर्ने र सूचना मागकर्तासंग बिनयशीलतापूर्वक व्यवहार गर्नुपर्ने उल्लेख गरिएको छ। प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले सूचना माग गरेको १५ दिनभित्र नागरिकलाई सूचना उपलब्ध गराउनुपर्ने, आयोगको आदेश पालना गर्नुपर्ने, सूचना दिंदा भरसक दस्तुर नलिने, सूचना दाताको संरक्षण गर्ने र आफ्नो बिभागलाई सूचना प्रवाहमा उत्कृष्ट र इमानदार बन्न आग्रह गरे। कार्यक्रममा आयोगका आयुक्त किरण पोखरेलले लोकतन्त्रको प्राणबायुका रूपमा रहेको सूचनाको हकको प्रचलनबाटै लोकतन्त्रको उत्कृष्टता मापन हुने बताए । त्यस्तै, अर्का सूचना आयुक्त यशोदा तिम्सिनाले सरकारी बिभागहरूले नागरिकका पक्षमा जारी भएका छुट, सुबिधा, राहत र सेवा प्रवाहको बिवरण आमजनताको जानकारीमा पुऱ्याउन आग्रह गरिन् ।

देउवाद्वारा भर्त्सना

काठमाडौं/रास- नेपाली कांग्रेसका बरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउबाले संयुक्त लोकतान्त्रि मधेसी मोर्चामा आबद्ध दलका कार्यकर्ताले तराईमा रहेका कांग्रेस नेता तथा सांसद्का घरमा भएको आक्रमणको निन्दा र भर्त्सना गरेका छन् ।

मंगलवार बिज्ञप्ति जारी गरी देउबाले मोर्चा आबद्ध अराजनीतिक र हिंसक जत्थाले पार्टीका पूर्वमहामन्त्री एवं केन्द्रीय सदस्य बिमलेन्द्र निधिलगायतका नेताको घरमा पुऱ्याएको क्षतिको घोर भर्त्सना गरेका हुन् । मोर्चाका कार्यकर्ताले केही दिनअघि निधिको घरको पर्खाल भत्काई घरभित्र राखेको मोटरसाइकल आगजनी गरेका थिए ।

यस्तै, नेपाली कांग्रेसका संगठन बिभाग प्रमुख आनन्दप्रसाद ढुंगाना, केन्द्रीय सदस्य लीला कोइराला र सांसद् रामकृष्ण यादवको घरमा ढुंगामुढा गरी पुऱ्याएको क्षतिको बरिष्ठ नेता देउबाले निन्दा गरेका छन् ।

पार्टीको अधिवेशनका सन्दर्भमा सञ्चालन भइरहेका बिभिन्न कार्यक्रमहरू बिथोल्न उदण्ड र अराजक समूहले गरेका गैरकानुनी र अराजक गतिबिधिलाई तुरुन्त रोक्न र घटनानामा संलग्नलाई कानुनबमोजिम कारबाही गर्न नेता देउबाले माग गरेका छन् ।

पार्टीको अधिवेशनको स्थानीयदेखि केन्द्रीय तहसम्म लोकतान्त्रिक अभ्यास भइरहेको अवस्थामा अवरोध पुऱ्याउने र कार्यकर्तालाई हतोत्साहित नगर्न सम्बद्ध राजनीतिक दलहरूलाई उनले सचेतसमेत गराएका छन् ।

कुष्ठरोगका ३ हजार नयाँ बिरामी

ललितपुर/रास- नेपालमा कुष्ठरोगीको संख्या बढ्नसक्ने संकेत देखिएको छ । गत बर्षको तुलनामा यो बर्ष प्रिभिलेन्स रेट बढेकाले कुष्ठरोगीको संख्या बढ्न सक्ने संकेत देखिएको कुष्ठरोग नियन्त्रण महाशाखाले जनाएको छ। नेपालमा कुष्ठरोग निवारणकै अवस्थामा रहे पनि नयाँ बिरामीहरू देखा पर्दै गएकाले चुनौती थपिँदै गएको चिकित्सकले बताएका छन् ।

नेपालमा ६ बर्षअघि नै कुष्ठ रोग निवारण भइसके पनि प्रति १० हजार जनसंख्यामा गएको बर्षको तुलनामा यो बर्ष रोगीको संख्या बढेको दि लेप्रोसी मिसन नेपालका तालिम अधिकृत गोपालहरि पोखरेलले जानकारी दिए । गत बर्ष शून्य दशमलव ८३ रहेकामा यो बर्ष शून्य दशमलव ८९ प्रतिशतमा कुष्ठरोग देखापरेको छ।

यस बर्ष लगभग ३ हजार नयाँ कुष्ठरोगका बिरामी फेला परेको कुष्ठरोग नियन्त्रण महाशाखा प्रमुख डा. बासुदेव पाण्डेले जानकारी दिए। उनका अनुसार तराईका १६ जिल्लामा अझै पनि यो रोग देखा परेको छ। अर्थिक बर्ष ०७०/०७१ मा ३ हजार २ सय २३ नयां बिरामी देखिएकामा ०७१/०७२ मा २ हजार ९ सय ५९ जनामा यो रोग फेला पऱ्यो । यो बर्षमा गत बर्षको तुलनामा १ सय १७ जना बढी नयां बच्चा बिरामी देखिएका छन् । नयां बिरामीमध्ये ३ प्रतिशतको शरीर अंगभंग भएको महाशाखाले जनाएको छ।

'नाकाबन्दी जारी रहन्छ'

राजधानी संवाददाता
बीरगन्ज, २० माघ

तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुरले संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले सीमांकनको स्पष्ट धारणा नआएसम्म प्रमुख भन्सार नाकाबन्दीलगायतका आन्दोलनका कार्यक्रम जारी रहने बताएका छन् ।

मधेस आन्दोलनको केन्द्र मानिएको बीरगन्ज आइपुगेका मोर्चाका प्रभावशाली नेतामध्येका ठाकुरले बुधबार पर्साका सञ्चारकर्मीसामु यस्तो बताएका हुन् ।

सरकार र प्रमुख दलले सीमांकनबारे स्पष्ट धारणा नन्याएसम्म हाम्रो नाकाबन्दी जारी रहन्छ,' उनले भने । 'सरकारले मधेसका माग इमानदारिताका साथ सम्बोधन र कार्यान्वयन गर्ने लिखित सम्झौता गरे मात्र आन्दोलन रोकिन्छ,' उनले थपे । आन्दोलनका थप कार्यक्रमबारे भने संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको अर्को बैठकले सार्वजनिक गर्ने नेता ठाकुरले बताए ।

मोर्चाले गरेको मधेस आन्दोलनमा सबै मधेसीले साथ दिए पनि सरकार र केही अवैध कारोबार गर्नेहरूले बदनाम गराउने काम गरेको उनले बताए ।

'हरेक समस्याका किनारा वार्तावाटै हुन्छ,' उनले तर्क गरे । उनले सरकार र प्रमुख दलहरूले आन्दोलनलाई हिंसात्मक बनाउने प्रयास गरिरहेको आरोप लगाए । मधेस आन्दोलनलाई अझ सशक्त र उपलब्धिमूलक बनाई सफलता प्राप्त गर्न निरन्तर लागिरहने उनको दावी छ ।

अलमलमा...

शीर्ष नेताहरूको बैठकमा पहिले सहमति जुट्न नसकेको ठाउँबाट वार्ता अगाडि बढाउने निर्णय गरे पनि कार्यदल स्तरले सिमांकनको विषय टुंग्याएर जान सकिने सम्भावना नरहेको राजनीतिक विश्लेषकहरूको ठम्याइ छ। एमाओवादी महासचिव महरा भने आन्तरिक र दुई पक्षीय छलफल गरेर विवाद मिलाउँदै जाने तयारी रहेको बताउँछन् ।

यसअघि शीर्ष तहमा सीमांकनको विषयमा सहमति हुन नसक्दा वार्ता बाँडिएको थियो। सीमांकनको कुरा राजनीतिक संयन्त्रमार्फत टुंग्याउन दुवै पक्ष सहमत देखिए पनि संयन्त्रको कार्यादेश टीओआरका विषयमा विवाद छ । मोर्चाका कार्यदल सदस्य श्रेष्ठ भने पहिले नै कुरा मिल्न लाग्दा भाँडिएकाले मिल्न सक्नेमा पनि आशावादी छन् । 'हामी ११ बुंदे मागवाट नै छलफल अगाडि बढाउछौं,' नेता श्रेष्ठले भने, 'यसअघि मिल्न मिल्न लाग्दा प्रधानमन्त्रीका कारण वार्ता भाँडिएको हो, सबै गम्भीर हुने हो भने सहमति सम्भव पनि छ ।'

यसअघि तिन दल र मोर्चाबिच टीओआरका विषयमा कुरा नमिलेपछि मधेसी धारू तथा जनजातिका माग सम्बोधन गर्न भन्दै सरकार र तिन दलले दुई बिधेयक संशोधनसमेत गरेको थियो । मोर्चाले भने आफ्नो मुख्य माग पुरा नभएको भन्दै आन्दोलन स्थगित गर्न मानेको छैन । मोर्चाले आफ्नो मुख्य माग सीमांकनको बिषय रहेको र सो टुंग्याउन संयन्त्र बनाउँदा संयन्त्रको कार्यादेश स्पष्ट हुनुपर्ने र संशोधनमा नै समावेश हुनुपर्ने अडान राखिरहेको छ ।

पूर्वसभाध्यक्ष...

३० बैशाख २०६३ मा पुनस्थापित भएको प्रतिनिधि सभाको नौ महिनाको कार्यकाल (१ माघ २०६३ सम्म) नेम्वाङ प्रतिनिधिसभाको सभामुख थिए। अन्तरिम संविधान जारी भएपछि ३ माघ २०६३ मा उनी व्यवस्थापिका संसद्को सभामुखमा निर्वाचित भएका थिए ।

त्यसपछि २८ माघ २०६४ मा भएको संविधानसभा निर्वाचनपछि ९ साउन २०६५ मा उनी संविधानसभा अध्यक्ष भए । पहिलो संविधानसभाको १४ जेठ २०६९ मा बिघटन भएपछि उनको पनि पद सकिएको थियो । त्यसपछि ४ मंसिर २०७० मा भएको दोस्रो संविधानसभा निर्वाचनपछि ६ फागुन २०७० देखि ३ असोजसम्म सभाध्यक्ष बनेका थिए। उनले रूपान्तरित संसद्को सभामुखका रूपमा २७ असोजमा राजीनामा दिएका थिए ।

समाजवादी...

'हामीले आत्मसम्मानका लागि राजनीति गरेका हौं, कसैको दास बन्न होइन,' अध्यक्ष उपेन्द्र यादव र बरिष्ठ नेता अशोक राईप्रति आक्रोश व्यक्त गर्दै सो केन्द्रीय समितिको बैठकमा लामाले भनेका थिए, 'राई नेता भएको ठाउँमा राई नै राई, यादवको ठाउँमा यादव नै यादव, क्षत्रीको ठाउँमा क्षेत्री नै क्षत्री, बाहुनको ठाउँमा बाहुन नै बाहुन तामाङको त कोही छैन, के हो यो ?'

अन्सारीले नेपाललाई फुलवारी बनाउने सपना बोकेर बिगतमा संघीय समाजबादी पार्टी गठन गरेको भन्दै अहिले अवसर पाउँदा आफ्नै साथीहरूले तोरीवारी बनाइदिएको भन्दै असन्तुष्टि जनाएका थिए ।

'फूलवारी बनाउने साथीहरूले पनि अवसर पाउँदा तोरीवारी बनाइदिनुभयो,' अन्सारीले भनेका थिए, 'यो सच्याउनुपर्छ, यो बिधान कुनै राष्ट्रिय भेलाले पारित गरेको होइन, यो बैठकले बिधान सच्याउन सक्छ ।'

अध्यक्ष यादवले भने केन्द्रीय समिति बैठकले बिधान संशोधन गर्न नसक्ने भन्दै महाधिवेशनबाटै बिधान संशोधन गरी समानुपातिक समावेशी उल्लेख गरिने बताएका थिए । बरिष्ठ नेता अशोक राईले भने तिन पार्टी एकीकरण हुँदा तिन ओटै पार्टीको बिधान फरक फरक भएकाले त्यतिबेला संघीय समाजबादी पार्टीकै बिधान लागू हुन नसक्ने अवस्था नरहेको बताएका थिए ।

रहेनन् नृत्य निर्देशक रायमाझी

डब्बु क्षत्री/ राजधानी
काठमाडौं, २० माघ

नेपाली चलचित्रमा नृत्य निर्देशन गर्ने पहिलो नेपाली नृत्य निर्देशक बसन्तजंग रायमाझी अब हामीमाझ रहेनन्। पक्षघातबाट ग्रस्त रायमाझीको उपचारको क्रममा ८२ वर्षको उमेरमा बुधवार बिहान ६:१५ बजे राजधानीको थापाथलीस्थित नर्भिक अस्पतालमा निधन भएको हो।

निधनपछि उनको पार्थिव शरीरलाई राजधानीको कमलादीस्थित प्रज्ञा प्रतिष्ठानको डबलीमा राखिएको थियो। सूचना तथा सञ्चारमन्त्री शेरधन राईले नृत्य निर्देशक रायमाझीलाई नेपाली झण्डा ओढाएर सरकारका तर्फबाट सम्मान दिए। मन्त्री राईले रायमाझीप्रति श्रद्धासुमन व्यक्त गरे। नृत्यकलावाट नेपाली चलचित्र क्षेत्रमा लामो समयसम्म योगदान पुऱ्याएका बसन्तजंग रायमाझीको निधनले नेपाली चलचित्र जगतमा क्षति पुगेको मन्त्री राईले बताए।

नेपाली चलचित्र क्षेत्रका अग्रजदेखि नयाँ पुस्तासम्मका कलाकार, नृत्य निर्देशक, नृत्यकार, प्राविधिक, संगीतकर्मी, गायन कलाकारले प्रज्ञा भवन पुगेर रायमाझीप्रति श्रद्धासुमन अर्पण गरे। दिवंगत रायमाझीको बुधवार अपराह्न नै पशुपति आर्यघाटमा दाह संस्कार गरियो। परिवारमा उनकी श्रीमती दुई छोरा र एक छोरी छन्।

१८ असार १९९० सालमा नवलपरासीमा जन्मिएका बसन्तजंग रायमाझी स्कूले जीवनमै कुशल नर्तक थिए। नाच्नकै लागि आफू जन्मिएको बताउने उनी स्कूले पढाइ सकेर नृत्य सिक्न मुम्बई छिरेका थिए। त्यहाँ विभिन्न नृत्य गुरुहरूसँग रायमाझीले नृत्य सिकेका थिए। त्यसपछि नृत्य कलाकारको रूपमा भारतीय फिल्ममा उनी छिरे। सो क्रममा उनले त्यहाँका सयभन्दा बढी फिल्ममा नृत्य कलाकारको रूपमा काम गरेका थिए। यसरी नृत्य कलाकार हुँदै सहायक नृत्य निर्देशक र त्यसपछि उनी नृत्य निर्देशक नै बने।

उनले राजेश खन्ना अभिनीत चलचित्र 'आपकी कसम' तथा अभिताभ बच्चन अभिनीत चलचित्र 'जमिर'मा नृत्य निर्देशकको रूपमा काम गरेका थिए। उनले त्यतिवेला धर्मेन्द्र, हेमा मालिनीदेखि धेरै कलाकरलाई नचाएका थिए।

२०२२ सालमा निजी क्षेत्रबाट नेपालमा चलचित्र माइतीघर बन्ने भएपछि सो चलचित्र निर्माता नरशमशेर जबरा र निर्देशक वीएस थापाले नृत्य निर्देशनका लागि बसन्तजंग रायमाझीलाई मुम्बईबाट नेपाल बोलाएका हुन्।

चलचित्र माइतीघरको गीत 'काला कुर्तैले ६ महिना जागिर खाया काला कुर्तैले...'मा रायमाझीले गरेको नृत्य निर्देशन त्यतिवेला निकै रुचाइयो। यो चलचित्रका तिन ओटा गीतको नृत्य निर्देशन रायमाझीले गरेका थिए। त्यसपछि नेपालमा चलचित्रको निर्माण क्रम बढ्दै गएपछि उनी मुम्बई फर्किएनन्।

एकपछि अर्को गर्दै सयभन्दा बढी चलचित्रका उनले सैयौं गीतको नृत्य निर्देशन गरेका थिए। सिन्दूर, जीवन रेखा, कान्छी, युगदेखि युगसम्म, सिमाना, अवतार, पृथ्वी जस्ता कैयौं सफल चलचित्रको नृत्य निर्देशन रायमाझीले गरेका थिए। यसरी भारतीय सिनेमा उद्योगमा नृत्य निर्देशनमा आफ्नो छुट्टै परिचय बनाइसक्दा पनि नेपाली चलचित्र उद्योगकै लागि केही गरौं भनेर यतै बसेका थिए। निरन्तर उनी चार दशकसम्म नेपाली चलचित्र क्षेत्रमा नृत्य निर्देशनमा सक्रिय रहेका थिए। त्यो क्रममा उनले कैयौं नेपाली लोक नृत्यलाई चलचित्रमा समावेश गरेर त्यस्ता नृत्यको संरक्षण एवं संवर्धनसमेत गरेका थिए।

नृत्य निर्देशक रायमाझी नाताम अभिनेता राजेश हमालका मामा थिए। राजेश हमाललाई उनको पहिलो चलचित्र युगदेखि युगसम्म हुँदै विभिन्न चलचित्रमा नृत्य निर्देशक रायमाझीले नै नृत्य सिकाएका थिए। उनले नेपाली चलचित्र क्षेत्रका २०२२ देखि ६० को दशकसम्मका कैयौं कलाकार, नृत्यकार र नृत्य निर्देशकलाई नृत्य सिकाएका थिए। त्यसैले रायमाझीलाई धेरैले 'गुरुवा' भनेर सम्बोधनसमेत गर्दथे। आफ्ना यी गुरुलाई गुमाउनुपर्दा बुधवार प्रज्ञा भवनमा धेरै कलाकरका आँखामा आँसु छचल्किएको थियो।

भाग सानी भाग अस्ट्रेलियाबाट प्रदर्शन

काठमाडौं/रास- चलचित्र 'भाग सानी भाग'को अस्ट्रेलियामा विशेष प्रदर्शनी गरिएको छ। अस्ट्रेलियाको डार्विन सहरबाट यो चलचित्रको विशेष प्रदर्शनी गरिएको यसका निर्माता विष्णु चापागाईले जानकारी गराएका छन्।

यस्तै अस्ट्रेलियाको पर्थ सहरमा समेत प्रदर्शनी गरिएको र अब ६ देखि २१ फेब्रुअरीमा अस्ट्रेलियाका विभिन्न सहरमा यसको प्रदर्शनी गरिने पनि चापागाईले जानकारी गराएका छन्। यो चलचित्रमा सानीको भूमिकामा अभिनय गरेकी नायिका केकी अधिकारी र देवको भूमिकामा अभिनय गरेका नायक सबिन श्रेष्ठको अभिनयलाई दर्शकले अत्यन्तै मन पराएको यी निर्माताले दावी गरे।

'नेपाली चलचित्रको विश्व बजारीकरणलाई विस्तार गर्ने उद्देश्यले चलचित्र भाग सानी भागलाई अस्ट्रेलियाबाट प्रदर्शन गरिएको हो,' निर्माता चापागाईले भने, 'चलचित्र हेरेर अस्ट्रेलियाका दर्शकले चलचित्रको कथासँगै गीत संगीतको पनि प्रशंसा गरेका छन्।'

यो चलचित्र नेपालमा आगामी ५ चैतबाट प्रदर्शन हुनेछ। नवल नेपालको निर्देशनमा बनेको यो चलचित्रलाई चापागाईसहित संगीतकार चेतन सापकोटा, वेल्जियमनिवासी शहदेव गौतम र अमेरिकानिवासी विलोन पोखरेलले निर्माण गरेका हुन्।

चलचित्र जन्मभूमि १९ चैतबाट

काठमाडौं/रास- चलचित्र जन्मभूमि १९ चैतबाट प्रदर्शनमा आउने भएको छ। मोहन निरौलाको लेखन तथा निर्देशनमा बनेको यो चलचित्र गत १८ वैशाखमा रिलिज गरिने भनिए पनि भूकम्पका कारण थन्किएर वस्न बाध्य भएको थियो।

निर्माण पक्षले यो चलचित्रको प्रचारसामग्री 'प्रोमो' बुधवारबाट सामाजिक सञ्जाल युट्युबमार्फत सार्वजनिक गरेको छ। प्रोमो सार्वजनिकसँगै यो चलचित्रको प्रदर्शन तिथि पनि घोषणा गरिएको छ।

यो चलचित्रमा विनोद श्रेष्ठ, अनु शाह, स्मिता घिमिरे, ओम प्रतीक, केशव भट्टराई, उत्तम केसी, सगुन श्रेष्ठ, रमेश अधिकारी, वीएस लामिछाने र मोहन निरौलाको मुख्य भूमिका रहेको छ। चलचित्रमा विश्वकै कान्छा निर्देशक तथा बाल कलाकार सौगात बिष्ट एवं नव कलाकारको रूपमा जेविका काकी र अग्रीम गिरी पनि छन्। चलचित्रमा चेतन काकी, पुण्य निरौला एवं शान्तिप्रियले गीत लेखेका छन्। युवराज राईको छायांकन, शंकर वीसीको नृत्य निर्देशन, विपीन मल्लको सम्पादन एवं अष्ट महर्जनको द्वन्द्व जन्मभूमिमा रहेको छ। चलचित्र जन्मभूमिका कास्टिङ डाइरेक्टर पत्रकार शान्तिप्रिय हुन्।

मलेशियामा रोजगार

१. कम्पनी : MAICA LAMINATES SDN BHD — शहर : Kedah
पूर्व स्वीकृत मिति : २०७२/१०/२० — चलानी नं. : ९३७५ — LT. No. 151604

क्र.	कामदारको पद	मास संख्या पुरुष	महिला	मासिक तलब RM	नेपाली रु.	सम्झौता मुताबिक	ओभर टाइम मुताबिक	प्रतिदिन काम मुताबिक	हप्ताका काम मुताबिक	वार्षिक मुताबिक	खाने बापत	बसने बापत	जरुरत अवधि
1	General Worker	50	0	900	22,500	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	अवधि नियमानुसार	फ्रीन	छ	३ वर्ष

महेनामा गरिने वे मोडल	रोजगार कम्पनीले मोडल	महेनामा गरिने वेसा	महेनामा गरिने वेसा	रोजगारमा विसा	हवाई टिकट कसले	भिसा शुल्क कसले	भिसा शुल्क कसले	सेवा शुल्क	बुझ नाउन
कामदार आफै	दिने	कामदार आफै	हुने रोजगार दाता कम्पनीले	दिनुशुल्क	दिनुशुल्क	दिनुशुल्क	दिनुशुल्क		कम्पनीले दिने

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ।

नेपालमा रोजगार विभागबाट मान्यताप्राप्त कम्पनी — नवीनतम रोजगार समाचार, सुरक्षित रोजगार, राम्रो तलब, सुविधायुक्त रोजगार, राम्रो व्यवस्थापन, राम्रो वातावरण, राम्रो भविष्य

निलकमल ह्युमन रिसोर्स प्रा.लि.
सिनामंगल-९, एयरपोर्ट (सुवना विमान पक्षाडी, काठमाडौं, नेपाल
फोन : ०१-४५१२७१३ ४५१२७४४, सागर, ९८५१०१८१६१, सन्त, ९८१३८९०४१३.
श्रीराम, ९८४५८८१३९८, (नमराज) ९८५०८०३८१.
Email : info@neelkamalnepal.com, Web : www.neelkamalnepal.com

साउदी अरेबीयामा रोजगार

१. कम्पनी : NAKAA AL-KHBRAH LAUNDRY — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/२० — चलानी नं. : ९४८० — LT. No. 150815

क्र.	कामदारको पद	मास संख्या पुरुष	महिला	मासिक तलब SR	नेपाली रु.	सम्झौता मुताबिक	ओभर टाइम मुताबिक	प्रतिदिन काम मुताबिक	हप्ताका काम मुताबिक	वार्षिक मुताबिक	खाने बापत	बसने बापत	जरुरत अवधि
1	Laundry Labour	02	1000	28,000		कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन			छ	

२. कम्पनी : TASLAL MOUNTAIN EST — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/२० — चलानी नं. : ९४८१ — LT. No. 150817

क्र.	कामदारको पद	मास संख्या पुरुष	महिला	मासिक तलब SR	नेपाली रु.	सम्झौता मुताबिक	ओभर टाइम मुताबिक	प्रतिदिन काम मुताबिक	हप्ताका काम मुताबिक	वार्षिक मुताबिक	खाने बापत	बसने बापत	जरुरत अवधि
1	General Labour	07	1000	28,000		कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन			छ	छ

महेनामा गरिने वे मोडल	रोजगार कम्पनीले मोडल	महेनामा गरिने वेसा	महेनामा गरिने वेसा	रोजगारमा विसा	हवाई टिकट कसले	भिसा शुल्क कसले	भिसा शुल्क कसले	सेवा शुल्क
कामदार आफै	दिने	कामदार आफै	हुने रोजगार दाता कम्पनीले	दिनुशुल्क	दिनुशुल्क			१७०००

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ।

नेपालमा रोजगार विभागबाट मान्यताप्राप्त कम्पनी — नवीनतम रोजगार समाचार, सुरक्षित रोजगार, राम्रो तलब, सुविधायुक्त रोजगार, राम्रो व्यवस्थापन, राम्रो वातावरण, राम्रो भविष्य

Job Placement Services Pvt. Ltd.
Pingalasthan Kathmandu, Nepal, P.O. Box: 7543,
Tel : +977-1-4113673, 4113674, 4113814, Cell : 9841808910, 9841068573,
Email : info@jplacement.com, Web : www.jplacement.com
Govt. Lic. No: 489/061/62

साउदी अरेबीयामा रोजगार

१. कम्पनी : ARABIC CORNER SUMMIT FOR SWEET — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/२० — चलानी नं. : ९४९२ — LT. No. 150833

क्र.	कामदारको पद	मास संख्या पुरुष	महिला	मासिक तलब SR	नेपाली रु.	सम्झौता मुताबिक	ओभर टाइम मुताबिक	प्रतिदिन काम मुताबिक	हप्ताका काम मुताबिक	वार्षिक मुताबिक	खाने बापत	बसने बापत	जरुरत अवधि
1	Labour	04		900	25,200	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन			छ	छ

महेनामा गरिने वे मोडल	रोजगार कम्पनीले मोडल	महेनामा गरिने वेसा	महेनामा गरिने वेसा	रोजगारमा विसा	हवाई टिकट कसले	भिसा शुल्क कसले	भिसा शुल्क कसले	सेवा शुल्क
कामदार आफै	दिने	कामदार आफै	हुने रोजगार दाता कम्पनीले	दिनुशुल्क	दिनुशुल्क			दिनुशुल्क

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ।

नेपालमा रोजगार विभागबाट मान्यताप्राप्त कम्पनी — नवीनतम रोजगार समाचार, सुरक्षित रोजगार, राम्रो तलब, सुविधायुक्त रोजगार, राम्रो व्यवस्थापन, राम्रो वातावरण, राम्रो भविष्य

SANAA INTERNATIONAL RECRUITING SERVICES
Panch Kumari Mandir, Sinamangal, Kathmandu
Tel : 00977 1 4485082, 4485083, 4484392,
E-mail : sanaainternational.np2011@yahoo.com
Web: www.sanaamanpower.com.np, Itahari Contact: 9851027837
Govt. R.L.No. 979/2067/068

कतारमा रोजगार

१. कम्पनी : YAMAL ISHAM RESTAURANT — शहर: Doha
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ — चलानी नं. : ९३९६ — LT. No. 151134

क्र.	कामदारको पद	मास संख्या पुरुष	महिला	मासिक तलब QR	नेपाली रु.	सम्झौता मुताबिक	ओभर टाइम मुताबिक	प्रतिदिन काम मुताबिक	हप्ताका काम मुताबिक	वार्षिक मुताबिक	खाने बापत	बसने बापत	जरुरत अवधि
1	Labourer	30		900	26,100	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन			छ	छ

२. कम्पनी : THE ARABIAN AMERICAN CO. — शहर: Doha
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ — चलानी नं. : ९३०० — LT. No. 151130

क्र.	कामदारको पद	मास संख्या पुरुष	महिला	मासिक तलब QR	नेपाली रु.	सम्झौता मुताबिक	ओभर टाइम मुताबिक	प्रतिदिन काम मुताबिक	हप्ताका काम मुताबिक	वार्षिक मुताबिक	खाने बापत	बसने बापत	जरुरत अवधि
1	Driver	04		1800	50,400	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन			छ	छ
2	Labourer	15		900	26,100								

३. कम्पनी : GALFAR AL MISNAD ENGINEERING & CONTRACTING WLL — शहर: Doha
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ — चलानी नं. : ९३९९ — LT. No. 148551

क्र.	कामदारको पद	मास संख्या पुरुष	महिला	मासिक तलब QR	नेपाली रु.	सम्झौता मुताबिक	ओभर टाइम मुताबिक	प्रतिदिन काम मुताबिक	हप्ताका काम मुताबिक	वार्षिक मुताबिक	खाने बापत	बसने बापत	जरुरत अवधि
1	Helper	125		900	26,100	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन			छ	छ
2	Driver	50		1400	40,600								

४ कम्पनी : FOUR LINE ELECTRICAL CO — शहर: Doha
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ — चलानी नं. : ९३०१ — LT. No. 148552

क्र.	कामदारको पद	मास संख्या पुरुष	महिला	मासिक तलब QR	नेपाली रु.	सम्झौता मुताबिक	ओभर टाइम मुताबिक	प्रतिदिन काम मुताबिक	हप्ताका काम मुताबिक	वार्षिक मुताबिक	खाने बापत	बसने बापत	जरुरत अवधि
1	Light Driver	07		1700	49,300	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन			छ	छ
2	Electrical Engineer	03		6000	174000								
3	Labourer	10		900	26,100								

५ कम्पनी : ALUM SPEC TRADING W.L.L — शहर: Doha
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ — चलानी नं. : ९३४ — LT. No. 152311

क्र.	कामदारको पद	मास संख्या पुरुष	महिला	मासिक तलब QR	नेपाली रु.	सम्झौता मुताबिक	ओभर टाइम मुताबिक	प्रतिदिन काम मुताबिक	हप्ताका काम मुताबिक	वार्षिक मुताबिक	खाने बापत	बसने बापत	जरुरत अवधि
1	Labourer	30		900	26,100	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन			छ	छ

६ कम्पनी : AL-HADAD TRAD. CONT. & BLDG. MATERIALS — शहर: Doha
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ — चलानी नं. : ९३९८ — LT. No. 152310

क्र.	कामदारको पद	मास संख्या पुरुष	महिला	मासिक तलब QR	नेपाली रु.	सम्झौता मुताबिक	ओभर टाइम मुताबिक	प्रतिदिन काम मुताबिक	हप्ताका काम मुताबिक	वार्षिक मुताबिक	खाने बापत	बसने बापत	जरुरत अवधि
1	Finishing Carpenter	05		1200	33,600	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन			छ	छ
2	Labourer	10		900	26,100								
3	Plaster Worker	06		1200	33,600								
4	Building Worker	06		1200	33,600								
5	Painter (Wood)	05		1200	33,600								

महेनामा गरिने वे मोडल	रोजगार कम्पनीले मोडल	महेनामा गरिने वेसा	महेनामा गरिने वेसा	रोजगारमा विसा	हवाई टिकट कसले	भिसा शुल्क कसले	भिसा शुल्क कसले	सेवा शुल्क
कामदार आफै	दिने	कामदार आफै	हुने रोजगार दाता कम्पनीले	दिनुशुल्क	दिनुशुल्क			१७०००

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ।

नेपालमा रोजगार विभागबाट मान्यताप्राप्त कम्पनी — नवीनतम रोजगार समाचार, सुरक्षित रोजगार, राम्रो तलब, सुविधायुक्त रोजगार, राम्रो व्यवस्थापन, राम्रो वातावरण, राम्रो भविष्य

Talent International Management Services Pvt. Ltd.
Kalanki-14, Kathmandu, Nepal, Tel : +977 1 4285803,
Cell : 9847133729,9851093570,9813304725, Fax : +977 1 4484837
E-mail : timss@yahoo.com, Web : www.times.com.np
Govt. 998/068/069.

कमलामाई यातायात सेवा काठमाडौंबाट सिन्धुली, भिमान, बर्दिबास, जनकपुर, मरिन र भीमेश्वानसम्मका लागि आउन जान कमलामाई यातायात सेवाको टाटा सुमो बोलेरोलाई सम्झनुहोस्।
सम्पर्क: कोटेश्वर काउन्टर : सरोज- ९८४९०८१९८०, ९८०३७५९०७२ सिन्धुली काउन्टर : ०४७-५२११२५ विनोद : ९८४४०७५८२९ बढी मो. ९८४४१७७७३, ९८१३०८७७४

City Max For Booking : 01 2297957
Show Time
Mastizaade
साला खड्डुस
पशुपति प्रसाद
Refugee & Airlift
www.citymaxcinemas.com
For updated show please type 'CITYMAX' and send it to '4546' citymaxcinemas

आजको राशिफल

ज्यो. पं. घनानन्द शर्मा घिमिरे 9849082003

मेष- शत्रुदेखि होसियार रहनुपर्नेछ।
वृष- मान-सम्मान मिल्नेछ।
मिथुन- सुख तथा लाभ हुनेछ।
कर्कट- शारीरिक पीडा हुनेछ।
सिंह- डर र चिन्ता हुनेछ।
कन्या- परिवारबाट सन्तोष मिल्नेछ।
तुला- कामहरू बियानेछन्।
वृश्चिक- जग्गा-जमिनको काम सफल हुनेछ।
धनु- अनेक दोषहरू आउनेछन्।
मकर- सहयोग मिल्नेछ।
कुम्भ- सरकारी काम सफल हुनेछ।
मीन- समय प्रतिकूल रहनेछ।

Gopi Krishna Movies
TODAYS MOVIES
Mastizaade 8:20, 11:20 2:20, 5:20
AIRLIFT 8:20, 11:20 2:20, 5:20
साला खड्डुस 8:20, 11:20 2:20, 5:20
रिफ्युजी 8:20, 11:20 2:20, 5:20
पशुपति प्रसाद 8:20, 11:20 2:20, 5:20
बेबी 8:20, 11:20 2:20, 5:20
फन्को 8:20, 11:20 2:20, 5:20
Booking : 4812393/4812409
नेपालको एकमात्र कलरबिन थर गोपि कृष्ण मुभिज प्रा.लि. काठमाडौंमा टिकट दर, राष्ट्रिय सरकी र प्रदेशि तथा सुविधा अनुरुदिएन सरकी टिकट दर साम ५ देखि ९ बजे मात्र शुक्रबार, शनिबार र साप्ताहिक बिदा शुक्रवार हरेक दिनबिहानी र दिउसी सोमा २० प्रतिशत छुटको पनि व्यवस्था छ।

नारायणी यातायात
नारायणी यातायात व्यवसायी संघारास संचालित टाटा सुमो सेवा काठमाडौंबाट ललितपुरको, पोखिंड, हेटौंडा हुँदै बीरगंजसम्म आइ दुएवै समय बिहान ६ बजेदेखि ९ बजेसम्म हरेक आधाआधा घण्टामा एउटै बिहान १० बजेदेखि बेलका ४ बजेसम्म हरेक एकएक घण्टामा एउटै समयको : मुख्य कार्यालय : हेटौंडा ०४७-५२१२७० शाखा कार्यालय काठमाडु ९१७०७२९, शाखा कार्यालय बीरगंज ०५१-५२०६१८, मो. ९८४१-६०२४४, ९८४१-४३८१४, ९८४१-४७९२७

एम्बुलेन्स

नारायणी सेवा समिति नेपाल	९१४३३८०
पकवली सेवा समिति एम्बुलेन्स	९-३५७६३
नेपाल केयर एम्बुलेन्स	९-१६०१९
कुन्दुल क्लब, बागबजार	९-५२०७२२
रेडक्रस एम्बुलेन्स	९-१५८८४
काठमाडौं एम्बुलेन्स	९-४२२२२
पारोवाला एम्बुलेन्स	९-१५८९९
विद्याभवन एम्बुलेन्स नि.शुल्क	९-४२४१११
अग्रिम एम्बुलेन्स	६-५११११
जनस्वास्थ्य एम्बुलेन्स	९-३७६५१
नर्सिङ्गहोम एम्बुलेन्स	९-५२७०५
कीर्तिपुर एम्बुलेन्स	९-३३०७०
मध्यपुर डिलि एम्बुलेन्स	६-५३७००
पशुपति आर्थोपेट सेवा केन्द्र	९-४१९९१
सत्य साइ नि.शुल्क एम्बुलेन्स	९-४२७०३
नर्सिङ्गहोम क्लब एम्बुलेन्स	९-४२४०१
आपात्कल सेवा केन्द्र	९-४२४०७
न्यूइ डि नेपाल एम्बुलेन्स सेवा	६-५३१६०
मेडिकल कलेज विद्याधरन	९-४९७४४
नि.शुल्क एम्बुलेन्स	९-४२७०३
बाह्रदी नेपाल एम्बुलेन्स सेवा	९-४२९२१
एम्बुलेन्स सेवा	९-४२४१४
भक्तपुर रेडक्रस एम्बुलेन्स सेवा	६६२२६६
भक्तपुर रेडक्रस एम्बुलेन्स सेवा	६६२२६६
अन्का एम्बुलेन्स सेवा	६६६६६६
नेपाल एम्बुलेन्स सेवा	५०१
नेपाल एम्बुलेन्स सेवा	६६६६६०
नेपाल केयर सयवात	९-४६०१९
नि.शुल्क सयवात	९-४२७०३
नि.शुल्क सयवात सेवा सदन	९-४२६४१

अस्पताल

बीर अस्पताल :	९-५३६०७, ९-५२१४४
शिक्षा अस्पताल :	९-४१४८८, ९-४१९८८
कान्ति बाल अस्पताल :	९- ४१८०९, ९-४२४२२
प्रभुसी गृह :	९-५६३०९
टेलु अस्पताल :	९-५६३१९
बीरेन्द्र प्रहरी अस्पताल :	९-४१८१०
मिन सिटी हस्पिटल :	९३४१२६, ९३४२६१
अग्रिम अस्पताल :	९-५६०१९
हुयराज केन्द्र :	९-३७६४२
पाटन अस्पताल :	९-५२१२२
मानसिक अस्पताल :	९-५२१३३
हिमेलियायिक चिकित्सालय :	६३५७१
भक्तपुर अस्पताल :	६-५७०१८
अमेरा अस्पताल :	६-५११११
पुलिसलाल हेल्थ हस्पिटल, कलंकी :	६०६२६४
एम ह्युम केयर :	९-५६२३२
कान्तिपुर हेल्थ कलेज :	९-३५२१०, ११, ९४१४०
हिन्दु हेल्थ सायपतिक अस्पताल :	९-२७०१२, ९२४३३८
शिक्षा अस्पताल विस्तारण :	९-४१७४६
नि.शुल्क हिमेलियायिक चिकित्सालय :	९-५६३१०
मेलमन बिहारी सेन्टर :	९-३६३२१
कमलादेव मेडिसिन अस्पताल :	९-४२१७८
सायपतिकाल स्वास्थ्य केन्द्र केन्द्र, इटिटी :	०१५१०१४२
कान्तिपुर हेल्थ हस्पिटल, महाराजगंज :	९४२७०१, ९४२७०२
बुद्धि अस्पताल, धापासी, नलिनपुर :	९४६३९०, ९४६३९१
शिवपुरीमि हस्पिटल, बागु, कुलेश्वर	९३०५८८, ९३०५८९
महिन मेडिसिन अस्पताल, कलंकी	९४८२३१, ९५०१२४

अग्नि यातायात

कलंकीबाट दिवा बस प्रस्थान समय

रुट समय	बिहान
कोठाहिमा	८:४
भक्तपुर	९:००
गोरीगन्ज	९:१५
बुधवारे	९:३०
सातपाट	९:४५
बिरटामोर (पहिला)	१:००
रामचिराग	१:१५
धापासी	१:३०
बिरटामोर (न्यू टाउन)	१:४५
बिरटामोर, कलंकी (पहिला)	२:००
जस्कुर	२:१५
गोरि	२:३०
बुधवारे	२:४५
बीरगन्ज, कलंकी (दोश्रो)	३:००
पोखरा (न्यू टाउन)	४:००
बुधवारे	४:१५
बीरगन्ज, कलंकी (तेश्रो)	५:१५

रिजर्भेसन तथा अन्य जानकारी

प्रधान कार्यालय कलंकी :	४१७०२२, ४१७०२३
बुद्धिगृह, कलंकी	९-५४३३३, ९-५४३३३
बुद्धिगृह, बुधवारे :	९-५१९०९, ९-५७०५१
बुद्धिगृह, पोखरा :	९-४१७०२३
पुर्वोत्तमन सेनिक बस्तामा टुरिस्टी	०१६-५२०१२४
पोखरा :	०६१-५२१६०१
जस्कुर	०५१-५२१७६१
रामचिराग	०५१-५२०४१६

मकालु यातायात

काठमाडौंबाट प्रस्थान समय

रुट समय	बिहान
कोठाहिमा	९:००
भक्तपुर	९:१०
माइलमन्दा	९:१५
धापासि	९:४५
बिरटामोर पहिलो	९:३५
रामचिराग	९:४०
बिरटा	९:५०
बिरटामोर दोश्रो	९:५५
गोरि	६:३३
बीरेन्द्रगन्ज पहिलो	१०:०६
जस्कुर	१०:१०
बधपुरा	१०:८०
बीरेन्द्रगन्ज दोश्रो	१०:००
बीरेन्द्रगन्ज तेश्रो	११:००
भक्तपुर (केन्द्रमा)	३:३०
बिरटामोर (केन्द्रमा)	४:३०
बीरेन्द्रगन्ज (राति)	९:३०

यात्रुवर्गको सुविधाका लागि माउण्ट मकालु यातायात सेवा प्र.लि.द्वारा काठमाडौं-सिन्लेरी हुँदै हेटौंडासम्म 'मकालु टाटा सुमो' सञ्चालन हुँदै छ।

रिजर्भेसन तथा अन्य जानकारी
सम्पर्क : ९२४७१२९, ९२८१७४, ९२८७७०९
०४७-५२१२३३ हेटौंडा

महाधिवेशन प्रतिनिधि अधिकांश युवा

राजधानी जिल्ला ब्यूरो
ललितपुर, २० माघ

नेपाली कांग्रेसको १३औं महाधिवेशनअन्तर्गत गाउं, नगर बडा तथा नगरपालिकामा सम्पन्न महाधिवेशनबाट अधिकांश युवा प्रतिनिधि चयन भएका छन्। कतिपय जिल्लामा पूर्वकेन्द्रीय सदस्य, पूर्वसांसद, पूर्वजिल्ला उपसभापति र क्षेत्रिय सभापति पनि पराजित भएका छन्।

महेन्द्रनगर कडा प्रतिस्पर्धा

नेपाली कांग्रेसको १३औं महाधिवेशनअन्तर्गत कञ्चनपुरमा क्षेत्रीय महाधिवेशन प्रतिनिधिका लागि चार ओटै निर्वाचन क्षेत्रमा नेताविच कडा प्रतिस्पर्धा हुने देखिएको छ।

चार ओटै निर्वाचन क्षेत्रमा आकांक्षी धेरै देखिएका कारण २२ माघमा हुने क्षेत्रीय अधिवेशनमा खुलातर्फका प्रतिनिधिका लागि कडा प्रतिस्पर्धा हुने अनुमान गरिएको हो।

निर्वाचन क्षेत्र नं. १ वाट महाधिवेशन प्रतिनिधिका लागि सांसद दिवानसिंह बिष्ट, क्षेत्रीय सभापति हरेन्द्र बिष्ट, भरत बिष्ट, बिन्दु श्रेष्ठ, तोयराज शर्मा, शंकर जोशी, मीनबहादुर खत्री, शेरबहादुर टेर र भवानी चन्दले आकांक्षा देखाएका छन्। यीमध्ये चार जना पराजित हुने निश्चित छ। क्षेत्रीय अधिवेशनबाट खुलातर्फ ६ जना मात्रै महाधिवेशन प्रतिनिधि छनोट हुने कांग्रेसको विधानमा प्रावधान छ।

निर्वाचन क्षेत्र नम्बर २ वाट गोपाल गुरुङ, देवराज पाठक, तनुराज पन्त, सुकवहादुर तामाङ, राजेन्द्र बिष्ट, दिलबहादुर ऐर, हेमराज ओझा, तपराज जोशी, दिर्घ सिंह ठकुरीलाई महाधिवेशन प्रतिनिधिका सम्भाबित उम्मेदवारका रूपमा हेरिएको छ। यस्तै निर्वाचन क्षेत्र नं. ३ को अधिवेशनलाई कांग्रेस नेता-कार्यकताले विशेष चासोका साथ हेरिरहेका छन्। जिल्लामा चर्चित नेताहरू बढी भएका यो क्षेत्रमा जिल्ला सभापति तथा सांसद वहादुरसिंह थापा, उपसभापति हरिप्रसाद वोहरा, सचिवद्वय भोजराज वोहरा र पदम वोगटी, क्षेत्रीय सभापति दलवहादुर वोहरा, सांसद बलदेव बोहरा, अन्तराम भट्ट, अजबसिंह साउद, होमवहादुर कुंवर, शंकर चन्द, गोपाल भण्डारीलाई आकांक्षीका रूपमा हेरिएको छ।

पार्टीको जिल्ला सभापतिका वलिया दावेदारहरू निर्वाचन क्षेत्र नं. ३ मै भएकाले महाधिवेशन प्रतिनिधिमा झन् कडा प्रतिस्पर्धा हुने आंकलन गरिएको छ। जिल्ला सभापतिको उम्मेदवार वन्न महाधिवेशन प्रतिनिधि हुनैपर्ने कांग्रेसको विधानमा व्यवस्था रहेको छ। उपसभापति हरिप्रसाद बोहरा, सचिवद्वय भोजराज वोहरा र पदम वोगटी तथा गोपाल भण्डारी निर्वाचन क्षेत्र नं. ३ वाट जिल्ला सभापतिका आकांक्षी रहेका छन्। निर्वाचन क्षेत्र नं. ३ मा महिला नेतृहरूविच पनि महाधिवेशन प्रतिनिधिका लागि कडा टक्कर हुने चर्चा छ।

उता निर्वाचन क्षेत्र नं. ४ वाट सांसदहरू रमेश लेखक र तारणीदत्त चटौत, पूर्वजिल्ला सभापति यज्ञराज जोशी, जिल्ला कोषाध्यक्ष कृष्ण कुंवर क्षेत्री, दोधारा-चांदनीका प्रभावशाली नेता वीरवहादुर सुनार, चर्चित होटल व्यवसायी खगेश्वर वोहरा, अर्का व्यापारी दीर्घराज भट्ट महाधिवेशन प्रतिनिधिका उम्मेदवारका रूपमा देखिएका छन्।

जाजरकोटमा पाँच आकांक्षी

नेपाली कांग्रेसको जिल्ला अधिवेशन नजिकैदै जांदा जिल्लामा राजनीतिक सरगर्मी बढेको छ।

सबैभन्दा ठूलो लोकतान्त्रिक पार्टी कांग्रेसमा केन्द्रदेखिको गुटउपगुटबाट यो जिल्ला पनि अछुतो छैन। जिल्लामा आकांक्षीहरू बढेका छन्। युवा पुस्ताले नेतृत्वको दावी गरिरहेका छन्। यसअघिको जिल्ला अधिवेशनबाट सभापति बनेका दीपकजंग शाह पुनः सभापतिमै उम्मेदवार वन्ने मनस्थितिमा छन्। उनलाई सहयोग गरेका सांसद राजीवविक्रम शाहले यसपालि उनको साथ छोडेका छन्। सांसद शाहले यसपालि पूर्वसभापति सनतकुमार कार्कीलाई सभापतिमा अघि सारेका छन्।

त्यस्तै, नेपाल शिक्षक संघका केन्द्रीय उपाध्यक्ष रहेका इलमवहादुर शाही, पूर्वउपसभापति बिनवहादुर सिह र क्षेत्र नं. १ का क्षेत्रीय सभापति वेदराज सिहले पनि सभापतिमा उम्मेदवारी दिने घोषणा गरिसकेका छन्।

स्थानीय तहमा नेतृत्व हस्तान्तरण

नेपाली कांग्रेस चितवनका गाउं समिति, नगर बडा र नगर समितिमा नयां नेतृत्व आएका छन्। एक नगरपालिका, सात गाविस, १६ वुधमा सर्वसम्मत रूपमा नेतृत्व चयन भएको छ। जिल्लामा १ सय २६ ओटा बुधमा निर्वाचन सकिएको छ।

युवाको नेतृत्व

पूर्वी चितवनमा नेपाली कांग्रेसभित्र संस्थापन पक्ष वलियो रहेको सम्पन्न नगर अधिवेशनले देखाएको छ। गुटउपगुटबाट गुज्रिरहेको नेपाली कांग्रेसको महाधिवेशनअन्तर्गत हाले सम्पन्न १३औं नगर, नगर बडा र गाउं समितिको अधिवेशनमा पूर्वी चितवनका चार ओटै नगरपालिकावाट संस्थापन पक्ष मानिएका उम्मेदवारहरू निर्वाचित भएका छन्। तल्लो स्तरमा पक्ष विपक्षमा प्यानल बनाएर मैदानमा नउत्रिए पनि संस्थापन पक्ष मानिएकाहरू निर्वाचित भएका छन्।

पूर्वी चितवनका रत्ननगर, खैरहनी, कालिका र राप्ती नगरपालिकामा वर्तमान सभापति सुशील कोइरालानिकट मानिएका उम्मेदवारहरू विजयी भएका छन्। संस्थापन पक्ष मानिनेहरू रत्ननगरबाट रूपनराज घिमिरे, खैरहनीवाट शशीकुमार खनियां, कालिकावाट राजु श्रेष्ठ र राप्ती नगरपालिकावाट नारायणप्रसाद उप्रेती निर्वाचित भए।

देव प्यानलको वर्चस्व

कांग्रेस नगर समिति राजविराजको निर्वाचनमा शम्भुलाल देव निर्वाचित भएका छन्। वुधवार निर्वाचन समितिले सार्वजनिक गरेको परिणामअनुसार नगर निर्वाचनमा २ सदस्य र ७ क्षेत्रीय प्रतिनिधिवाहेक अन्य सबै पदमा देव प्यानलका उम्मेदवार निर्वाचित भएका छन्।

देवले ३ सय ९ तथा उनका निकटनम प्रतिद्वन्दी प्रभात कुमार ललनले २ सय २८ मत प्राप्त गरेका छन्। प्रभात ललनको प्यानलवाट अरुण कावरा र फैयाज अन्सारी सदस्य पदमा निर्वाचित भएका छन्। क्षेत्रीय प्रतिनिधिमा भने शम्भुलाल देवको प्यानलवाट २ र प्रभात ललनको प्यानलवाट सात जना निर्वाचित भएका छन्। मंगलवार अबेर राति सुरु मतगणना बुधवार विहान सकिएपछि निर्वाचन अधिकृत शैलेन्द्र मण्डलले परिणाम घोषणा गरेका थिए।

कालिकोटमा पनि पाँच आकांक्षी

नेपाली कांग्रेस कालिकोटमा सभापतिको पांच आकांक्षी देखिएका छन्। जिल्लाको छैटौं अधिवेशनका लागि सभापति आ-आफ्नो हातमा पार्न जिल्लाका पांच नेताको दौडधुप देखिएको छ।

आगामी २५ मधावाट सुरु हुने जिल्ला अधिवेशनमा देउवा पक्षका हिक्मतवहादुर बिष्ट र कालिवहादुर सहकारी आकांक्षी देखिएका छन् भने संस्थापन पक्षवाट पूर्व जिविस सभापति नेत्रवहादुर शाही, पार्टी सचिव हर्ष वहादुर वम र पूर्वसभापति मुक्तिप्रसाद न्यौपान सभापतीको आकांक्षी देखिएका छन्। १५ र १६ माघमा जिल्लाका ३० ओटै गाउं अधिवेशन सम्पन्न गरेर जिल्लामा केन्द्रित भएका कांग्रेस नेताहरू आ-आफ्नो पक्षमा नेतृत्व हत्याउने कसरत गरिरहेका छन्।

क्षेत्रीय र जिल्ला अधिवेशन तयारी तीव्र

नेपाली कांग्रेसको १३औं महाधिवेशनअन्तर्गत यतिवेला सिन्धुपाल्चोकमा गाउं अधिवेशन सम्पन्न भइसकेका छन् भने २२ माघमा क्षेत्रीय र २५ माघमा जिल्ला अधिवेशनको तयारी भइरहेको छ।

६८ गाविस र दुई नगरपालिकाको प्रारम्भिक नतिजासंगै क्षेत्रीय र जिल्ला नेतृत्वको दावेदार कांग्रेस नेता-कार्यकर्ता यतिवेला आफूलाई जिताउन मत मागन व्यस्त छन्। गाउं र नगरको परिणाम हेर्दा यही उम्मेदवारले जिच्छ भन्ने आंकलन गर्न समस्या भएको कांग्रेसका नेताहरूको भनाइ छ।

जिल्लाको एक नगरपालिका र केही गाविसवाहेक अन्य सबै ठाउंमा सर्वसम्मतिले नेतृत्व चयन भएको थियो। पूर्वविद्यार्थी नेता बलदेव तिमिल्सिना मातृशोकमा परेकाले उनी प्रतिनिधिमार्फत क्षेत्रीय अधिवेशन प्रतिनिधि चयन भएका थिए। जिल्लाका सबै स्थानमा शान्तिपूर्ण र लोकतान्त्रिक प्रक्रियावाट अधिवेशन प्रतिनिधि चयन भएको कांग्रेस जिल्ला सभापति मोहनवहादुर वस्नेतले जानकारी दिए। क्षेत्रीय सभापतिमा तिनै क्षेत्रवाट नयां अनुहार आउने कार्यकर्ताहरू दावी गर्छन्।

वडामै हारे पूर्वउपसभापति र क्षेत्रीय सभापति

नेपाली कांग्रेस रौतहतका उपसभापति र दुई क्षेत्रीय सभापति आफूनै गाविस र वडावाट महाधिवेशन प्रतिनिधिमा हारेका छन्।

नेपाली कांग्रेस पार्टीको आसन्न १३औं महाधिवेशनको प्रतिनिधि छनोटका लागि रौतहटमा सम्पन्न वार्ड, गाविस र नगरपालिका अधिवेशनवाट उनीहरू पराजित भएका हुन्। पार्टीका जिल्ला उपसभापति अनन्त कोइराला, क्षेत्र नं. १ का क्षेत्रिय सभापति श्रीराम राय यादव र क्षेत्र नं. ४ का फुल महमदसहित गत वर्षका महाअधिवेशन प्रतिनिधि आफूनै गाविसको निर्वाचनवाट पराजित हुन पुगेका छन्। यसैगरी, पराजित हुने गत महाअधिवेशन प्रतिनिधिहरूमा अजय साह, नेपाल कार्की, लक्ष्मी बराल पनि छन्। गत शनिवार रौतहटको चन्द्रपुर नगरपालिका, गौर नगरपालिका र गरुडा नगरपालिकासहित ८४ गाविसमा अधिवेशन सम्पन्न भएको थियो।

केही गाविसवाहेक अधिकांश गाविस र नगर बडावाट क्षेत्रीय प्रतिनिधि तथा स्थानीय समितिका पदाधिकारी/सदस्यहरू निर्वाचन पढतिवाट निर्वाचित भएको कांग्रेस निर्वाचन समिति रौतहटका मुख्य निर्वाचन अधिकृत देवेन्द्र भाले जानकारी दिए। यता, आगामी २२ माघमा हुने क्षेत्रीय अधिवेशन र २५ माघमा हुने जिल्ला अधिवेशनका लागि जिल्लाका नेता तथा कार्यकर्ताको क्षेत्रिय तथा जिल्ला कार्यालयहरूमा दौडधुप भएको छ।

सभापतिका तिन आकांक्षी देखिए

नेपाली कांग्रेसको १३औं अधिवेशन नजिकैदै जांदा नुवाकोटमा नेपाली कांग्रेसको चुनावी सरगर्मी बढेको छ। नुवाकोटमा केन्द्रीय सदस्यद्वय रामशरण महत र अर्जुननरसिंह केसी पक्षमा गुटगत राजनीति चल्दै आएको छ। जिल्ला सभापतिका लागि वर्तमान सभापति जगदीश्वरनरसिंह केसीसहित क्षेत्र नं. ३ का सांसद वहादुरसिंह लामा र सचिव रमेश महतको नाम चर्चामा रहेको छ।

अधिवेशनको मिति नजिकिदै गर्दा तिनै जना उम्मेदवारले आफ्नो अडान छाडेका छैनन्। उनीहरूले आफूलाई नै सभापति पदको दावेदारका रूपमा प्रस्तुत गरिरहेका छन्। अर्का उम्मेदवार रमेश महत युवामाझ निकै लोकप्रिय मनिन्छन्। विनाशकारी भूकम्पका बेला दुर्गम गाउंका नागरिकहरूको उद्धार तथा राहतमा खटिएको जस उनलाई दिने गरिएको छ। यसवाहेक ध्रुव अधिकारी, केदारनरसिंह केसीलगायतको नाम पनि चर्चामा छ।

हुम्लामा देउवा पक्ष वलियो

हुम्लामा शेरवहादुर देउवा पक्ष वलियो वन्दै गएको छ। तेह्रौं गाउं अधिवेशनमा देउवा पक्ष ७० प्रतिशत गाउं कार्यसमिति र जिल्ला प्रतिनिधि चयन गर्न सफल भएको छ भने संस्थापन पक्षमा ३० प्रतिशतमा मात्रै रहेको नेपाली कांग्रेसका सभापति जयपति रोकायले बताए।

हुम्लाका २७ गाउं विकास समिति मध्ये १७ गाउं विकास समितिमा देउवा पक्षले एकलौटी विजयी भएको छ भने आठ गाउं कार्यसमितिवाट स्थापन पक्षको वाहुल्य रहेको छ। लिमी गाविसमा हिमपातका कारण अधिवेशन भएको छैन भने जैर गाउंमा स्वतन्त्र गाउं कार्यसमिति गठन भएको छ। यस पटकको कांग्रेस गाउं अधिवेशन ठेहे दार्मा खगाल गाउं र श्रीमष्ठा गाविसमा निर्वाचन भएको छ। अन्य २२ गाविसमा सहमतिवाट गाउं कार्यसमिति र जिल्ला प्रतिनिधि चयन भएको कांग्रेस हुम्लाले जनाएको छ।

नगर अधिवेशबाट नेतृत्व युवामा

नेपाली कांग्रेसको सुर्खेतका सबै नगर अधिवेशनले युवालाई नेतृत्व सुम्पिएको छ। सुर्खेतका तिन ओटै नगर अधिवेशनमा युवा नेतृत्व आएका छन्। नगर सभापतिसहित कार्यसमितिमा पनि धेरैजसो ३० देखि ५० वर्ष नपुगेका युवाहरू चुनिएका छन्। त्यति मात्र होइन, युवाहरू नै अत्यधिक मत प्राप्त गरेका छन्। यसवाट राजनीतिमा अब पुस्तान्तरण हुनुपर्छ भन्ने सोचको विकास भएको स्थानीय कार्यकर्ता बताउंछन्।

दिनेश थापा/सिन्धुपाल्चोक, राधेश्याम खतिवडा/चितवन, भोला पौडेल/नुवाकोट, एमके भाभी/राजविराज, राजेन्द्र कार्की/जाजरकोट, दीपक बुढा/सुर्खेत, रमेश तिमलसिना/रौतहट, सुरेश पन्त/महेन्द्रनगर, मिमसिहं नेपाली/हुम्ला, प्रेमराज सिम्खडा/कालिकोटको सहयोगमा

डम्बरीको उपचार हुने

भापा/रास– परिवारको विपन्नताका कारण १२ वर्षदेखि पशुसरह जीवन विताउन वाध्य डम्बरी पाण्डेको राष्ट्रिय मानव अधिकार आयोग काठमाडौं उपचार गराउने भएको छ। भापा गरामनी-४ किसनभिट्टाकी ३७ वर्षीया डम्बरीको उपचार गर्न नसकेर फलामे साङ्लोले वाँधेर राखेको समाचार राजधानी दैनिकले प्रकाशन गरेको थियो।

समाचार प्रकाशनमा आएलगत्तै मानव अधिकार आयोगले उपचारमा चासो देखाएको हो।

राष्ट्रिय मानव अधिकार आयोग पूर्वाञ्चल क्षेत्रीय प्रमुख कोषराज न्यौपानेका अनुसार आगामी शनिवारसम्ममा भापाका सरकारी कार्यालयसंग सहकार्य र सहमति गरी उपचार प्रक्रिया सुरु गरिनेछ।

परिवारको स्वकिृति तथा कानुनी मान्यता पूरा गरेर यही महिनाको अन्त्यसम्ममा डम्बरीलाई उपचारका लागि काठमाडौंस्थित कोसिस नेपाल लगिनेछ। गरिवी र विपन्नताका कारण डम्बरीलाई उपचार नै नगरी विगत १२ वर्षदेखि हातमा फलामे साङ्लोले वाँधेर राखिएको समाचार प्रकाशित भएपछि क्षेत्रीय प्रमुख न्यौपानेले यथासक्य चाँडो समाधान गर्न टोली भापा आउने जानकारी दिए। यसैविच क्षेत्रीय प्रमुख न्यौपानेले भापामा सडक वालवालिकाका लागि आयोगले विशेष कार्यक्रम गर्ने तयारी गरेको जानकारी पनि दिए।

समाचार प्रभाव

सूचना

मुद्दा नं. ९५/०७२-PC-१५९८ (फौंटः २०)

काठमाण्डौ जिल्ला अदालतवाट जारी भएको मिमबहादुर वस्नेतको छोरा रामेश्वर जिल्ला बान्तीभण्डार गा.वि.स. वडा नं. २ घर भई हाल का.जि. काशेरवर्ती न.पा. वडा नं. ७ वस्ने अन्दाजी वर्ष २२ को विकास वस्नेत नामको समाहान म्याद २०७२/१०/२९ वाटी जिल्ला गोरखा न.पा. वडा नं. ११ घर भई हाल काठमाण्डौ टोखा न.पा. वडा नं. १४ वस्ने साहिरा कुमार प्रतिवादी तपाई समेत भएको सम्मन विचेद म्हा मिति २०७२/१०/१५ मा भएको आदेशानुसार तपाईंका नामको म्याद रीत पूर्वक तामेल हुन नसकेको हुंदा जिल्ला अदालत नियमावली, २०५२ को नियम २२ क. बमोजिम यो ३० (तीस) दिने सूचना म्याद प्रकाशित गरिएको छ। यो सूचना म्याद प्रकाशित भएको मितिले वाटाका म्याद चाहेक ३० दिन भित्र आफै वा वारेश मार्फत प्रतिउत्तर पत्र लिई आउनु होला अन्यथा कानुन बमोजिम हुनेछ।

इति सम्वत २०७२ साल माघ ०३ गते रोज १ मा शुभम्.....

मलेशियामा रोजगारको अवसर फ्रि भिषा ! फ्रि टिकट !!

कम्पनीः IFFCO (MALAYSIA) SDN BHD, Malaysia

पूर्व स्वीकृती मितिः २०७२/१०/२० L.T. No.152333 चलानी नं. ९४५३

सि. नं.	कामदारको पद	सम संख्या	महिला	पुरुष	मासिक तलब RM	रु.मा	दैनिक काम गर्ने घण्टा	प्रतिदिन काम गर्ने दिन	कार्यालय दिन	खाना सुविधा	आवास सुविधा	करार अवधि
१	Factory Worker	56	0	साधारण क्षमता	1000	२५,९०१/-	८ घण्टा	६ दिन	क. वि. अनुसार	छैन	छ	३ वर्ष

कागजात आगमन	भिसा	कागजात आगमन	भिसा	कागजात आगमन	भिसा	सेवा शुल्क	भुक्तान भएको मुलुक
						नि.शुल्क	

नेपालिस टोकन नियमबमोजि कार्यसकी जानकारी : १. कम्पनी कमन भिसा प्राप्त गर्नु अगि नेपाल सरकारबाट श्रमस्वीकृति लिनुपर्ने । २. कुनै पनि भिसा कम्पनी आफैले लिने र कम्पनीले नै टिकट काटिदिने हुनाले कम्पनीले तोकेको मुलुकमा जाने । ३. यो विज्ञापन प्रकाशन भएको मितिले ३० दिन भित्र दरखास्त दिनुपर्नेछ । ४. यो विज्ञापन सकेपछि आएका दरखास्त विचारमा लिइने छैन । ५. यो विज्ञापन सकेपछि कुनै पनि किसिमको परिवर्तन गर्न सकिनेछ । ६. यो विज्ञापन सकेपछि कुनै पनि कारण देखाई रद्द गर्न सकिनेछ ।

Yacca यात्का ओभरसिज इम्प्लाइमेन्ट कन्सल्ट प्रा. लि.
बालुवाटार, काठमाडौं, नेपाल, फ्याक्स : ४४३२६६६
फोन नं. : ४४३२१११, ४४३५४००, ९८०१०३६७६७, ९८०१०३६७६९

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं

प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वानको सूचना

प्रकाशित मिति : २०७२/१०/२१

यस विभागको लागि तपशिल बमोजिमको कार्य परामर्श सेवा संस्थाबाट गराउनुपर्ने भएकोले यो प्रस्ताव आह्वान गरीएको छ। इच्छुक, फर्मले तल उल्लेखित अवधि भित्र रु ३००/-तिरी (फिर्ता नहुने गरि) इजाजत पत्र, VAT / PAN प्रमाणपत्र र आ.व.०७१/७२ को कर चुक्ता प्रमाणपत्रको नोटरी पब्लिकवाट प्रमाणीत प्रतिलिपि संलग्न राखि प्रस्ताव सम्बन्धि कागजात (RFP Document) खरीद गर्न सकिनेछ। प्रस्ताव आह्वानपत्र उपलब्ध गराइने अन्तिम दिन र दर्ता /खोल्ने दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट मानिनेछ। अन्य जानकारीको लागि यस विभागको खरीद शाखामा सम्पर्क राख्नु होला।

तपशिल

सि. नं.	कामको बिवरण	खरिद गर्ने अन्तिम मिति (सूचना प्रकाशन मितिले)	दर्ता गर्ने अन्तिम मिति (सूचना प्रकाशन मितिले)	प्रस्ताव खोल्ने मिति (सूचना प्रकाशन मितिले)
१	नगरपालिका तथा नगरपालिकाहरूको एकीकृत रुपमा उपत्यका स्तरीय स्थानिटरी ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन गर्ने, धरान।	३० औ दिन सम्म।	३१ औ दिनको १२:०० बजे सम्म।	३१ औ दिनको १३:०० बजे।
२	नगरपालिका तथा नगरपालिकाहरूको एकीकृत रुपमा उपत्यका स्तरीय स्थानिटरी ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन गर्ने, काभ्रे उपत्यका।			
३	नगरपालिका तथा नगरपालिकाहरूको एकीकृत रुपमा उपत्यका स्तरीय स्थानिटरी ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन गर्ने, सर्खेत उपत्यका।			
४	कलैया न.पा.का आवधिक योजना अद्यावधिक गर्ने कार्य।	३१ औ दिन सम्म।	३२ औ दिनको १२:०० बजे सम्म।	३२ औ दिनको १३:०० बजे।
५	जिरि न.पा.का आवधिक योजना तयार गर्ने कार्य।			
६	इलाम न.पा.का आवधिक योजना अद्यावधिक गर्ने कार्य।			
७	विदुर नगरपालिकाको आवधिक योजना अद्यावधिक गर्ने कार्य।			
८	किर्तिपुर नगरपालिकाको आवधिक योजना अद्यावधिक गर्ने कार्य।			

वर्गीकृत विज्ञापन आइतबार, मंगलबार, बिहीबार र शनिबार

जग्गा विक्रीमा
सांखु पालुवारीमा २ आना ३ पैसा जग्गा विक्रिमा ९८४१४४५०४३, ९८४३४४६५३६

सांखु मोटरवाटोमा रहेको ५ आना जग्गा विक्रीमा ९८४१४४५०४३,

चाहियो
अफिसकोलागि स्टाफ ११,५००/-

(फिक्स) ९८४३८८८१६३, ९८१८५१०७९० भक्तपुर

नेपालको पहिलो इमेन्टस् फिल्मस्, फेसन सम्बन्धी एकेडे मीलाई कर्मचारी आवश्यकता पदः कोडिनेटर, सख्याःकाठमाण्डौ, भक्तपुर, ललितपुर, किर्तीपुर, बनेपाबाट ३०जना तलब १२०००। आफ्नै क्षेत्रमा कामगर्नुपर्ने, A Hub Films & Events Academy 9802950039

हब एकेडेमी नयाबानेश्वरकोलागि कर्मचारीहरु आवश्यकता, रिसेप्सन २जना तलब१०,०००। पब्लिकरि लेसन अफिसर४ १२,०००। इभे न्टकोडिनेटर६ १५,०००। मार्केटिङ्ग १२०००बोनस, अन्तवार्ता २३गते शनिवार ०१४४७९४९९, ९८०२ १५००३९

विक्रीमा

पानी तताउने सोलार, पानी फिल्टर फोन नं. : ९७४१००४६७९

चावहिल गणेशथान नजीकै डेकुरेशन सहितको पसल विक्रीमा ९८५१२४१०६

सोलार
पूर्व जडित इन्भटरलाई सोलारवाट चार्ज गराएर Hybride बनाउनु होस। ९८५१०१७२४२ सावै, पम्प, Induction, Band Siller, गारमेन्ट मेसिनरी चलाउने Solar System को लागि सम्पर्क गर्नुहोस्।

सम्पर्क
के तपाई विदेशजान लाग्नुभएको छ तर सेक्युरेटी प्रमाणपत्रले अड्कीनु भएको छमने हामीलाई सम्पर्क गर्नुहोला ९८५१०४९८९९

सवारी साधन
नीसिटर जिप रिजर्भ टुर टिकेटिङ्ग चाहियमा ४००१५६४, ९८६०८३३६७६

मर्मत
कलर टेलिभिजन ग्यारेन्टीसाथ

घरमै मर्मत ९८४१७९३५८६, ९८१५०२७२४०

तिर्थयात्रा
गंगासागर, तिनधाम, ११-ज्यो तिलिङ्ग, गयाकाशी 01-4462024, 9803017032

प्रति शब्दः रू ५

राजधानी राष्ट्रिय दैनिकको वर्गीकृत/डिस्प्ले विज्ञापन संकलनका लागि विभिन्न स्थानमा बुकिङ्ग काउण्टर खोलिएकाले सम्पर्क राखि लाभ उठाउनुहुन सहर्ष जानकारी गराउँछौं

➪**सोह्रखुंटे**, नयांवजार, गोरखा न्यूज :-४३५४७०, ➪**लगनखेल**, क्लासिक बुक्स एण्ड स्टेशनरी : ९८४१८७२१८१, ५५४१३००, ➪**चावहिल**, युनाइटेड आइटी सोलुसन: ९८५१०३०६७५, ➪**नयाँ बसपार्क**, न्यू पोखरा अडियो सेन्टर :- ४३८०५८२, ➪**नयाँ बसपार्क**, पशुपती कम्युनीकेशन :- ४३६६१२, ➪**भक्तपुर**, सन्साधारी तीनकुने, पुष्प थी स्टेशनरी :- ६६१५१२, ➪**कालिमाटी**, परिजक कन्ट्राक प्याइन्ट :- ४६७४८०१, ➪**पुरानोबानेश्वर चोक**, वीडलिक मिडिया प्रा.लि. :- ४४९२४०९/२०१४९३२, ➪**हातीसार**, लुम्बिनी कम्युनीकेशन :- ४४४५२९४, ➪**मैतिदेवी**, बाबा स्टेशनरी एण्ड सेकेटरीयल इन्टरप्राइजेज :- ४४४४०१९, ➪**ज्याठा**, एभिनेट कम्प्युटर :- ४२५८६०६, ➪**मिनभवन**, स्लोचल बुक्स एण्ड स्टेशनरीः ४१०७१८८/ ४१००४७७, ➪**गोंगबु चोक**, लोटस कम्युनिकेशन :- ४३६४७५१, ➪**बसुन्धरा**, एम.एस. सेडाई बुक्स एण्ड स्टेशनरी :- ४३५४४७८, ➪**कोटेश्वर**, कविन बुक्स एण्ड स्टेशनरी :- ४६००१६७, ➪**चावहिल**, अंदिती विज्ञापन सेवा :- ९८४१०२६३८१, ➪**क्षेत्रपाटी डल्की**, कम्युनिकेशन प्लस :- ४२६६७५१, ➪**सुन्धारा**, सुन्धारा टेलिकम :- ४२२०१८२, ➪**कीर्तिपुर**, किपु बुक्स प्वाइन्ट :- ४३१७७८, ➪**ठमेल**, हाइलाइट मिडिया :- ४४१७३३३, ➪**भागवजार**, विश्व नेपाली पुस्तक सदन :- ४२२४२२६, ➪**जोरपाटी**, स्मार्ट इन्भेस्टमेन्ट प्रमोशन नेपाल प्रा.लि. :- ४९१३०१०, ९७४१०१७२१३, ➪**लगनखेल**, निशा बुक्स एण्ड स्टेशनरी :- ५४३९१४७, ९८४१६२७४८९, ➪**नयाँ बानेश्वर**, पाभिभरा इन्टरप्राइजेज :- ९८४१४४५६९०, ४४९८०३७, ➪**सैनु मैसेपाटी**, डगोल बुक्स एण्ड स्टेशनरी सेन्टर :- ९८४१४०२७७, ५५९०६५८, ➪**बीरगंज भिमुरती चोक**, अमृत पुस्तक भण्डार : ९८४९९७०७८९, ➪**हेटौंडा**, शिवालिक इन्टरप्राइजेज ९८४२२८९०९८, ➪**भरतपुर, चितवन**, शुभप्रभात मिडिया हाउस ९८५४०६३४०७

सम्पर्क नं.:- काठमाडौं, ५५४६३००, फ्याक्स: ५०११५९४/ नेपालगञ्ज, ०८१-५२५९३४/पोखरा, ०६१-५३३४३७/बुटवल, ०७१-४३७४५५

सम्पादकीय

गरिब पहिचान सकारात्मक कदम

सरकारले चालू आर्थिक वर्षभित्रै २५ जिल्लाका गरिब घरपरिवारलाई परिचय पत्र दिने भएको छ। सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गतको गरिब घरपरिवार पहिचान र परिचय पत्र व्यवस्थापन तथा वितरण समन्वय बोर्डले परिचय पत्रको रूपमा स्मार्ट कार्ड दिने तयारी गरेको छ। यसले गरिब तथा विपन्न परिवारका लागि योजना र नीति बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ। गरिब घरपरिवार पहिचान गर्नु र पहिचान गरिएका परिवारलाई परिचय पत्रको रूपमा स्मार्ट कार्ड दिनु सरकारको सकारात्मक कदम हो। नेपाल सरकारले सरकारी बजेटमा उल्लेख गरेर सञ्चालन गर्नेदेखि लिएर विदेशी दातृ निकाय तथा देशीविदेशी संघसंस्थाले सञ्चालन गर्ने अधिकांश कार्यक्रम गरिबी निवारण लक्षित छन्। सरकारको वार्षिक बजेट र नीति तथा कार्यक्रम पनि गरिबी निवारणका लागि प्रत्यक्ष र परोक्ष सहयोग पुग्ने कार्यक्रमको वरिपरि नै घुम्ने गरेको छ। यद्यपि, वर्षौंदेखिको नेपालको गरिबी समस्या समाधान हुन भने सकिरहेको छैन।

सरकारले करिब २१ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि रहेको बताउँदै आएको छ। सरकारी दस्तावेजमा पनि यही तथ्यांक उल्लेख गरिएको पाइन्छ। सरकारले गरिबीको मापक बनाए पनि गरिब को हो ? भनेर पहिचान गरेको थिएन। अब स्मार्ट कार्ड वितरणपछि सरकारले 'यी–यी परिवार गरिब हुन्' भनेर घरमुलीको नामै भन्न सक्ने भयो। गरिब परिवार कहाँकहाँ छन् ? भनेर खोज्न सकिने भयो। गरिबी निवारण वा गरिब लक्षित कार्यक्रम वास्तविक गरिबसम्म लैजान सहज हुने भयो। यसकारण गरिब घरपरिवार पहिचान कार्यक्रम आफैंमा राम्रो कार्यक्रम हुनेछ। गरिब घरपरिवार पहिचान कार्यक्रमको अर्को सकारात्मक पक्ष पनि छ। अहिलेसम्म देशीविदेशी संघसंस्था वा सरकार आफैंले पनि गरिबका लागि सञ्चालन गर्ने कार्यक्रमको लक्षित व्यक्ति वा समुदाय को हो ? भनेर पहिचान गर्नमै निकै ठुलो धनराशि र समय खर्च हुने गरेको छ। अब गरिब घरपरिवार पहिचान भइसकेपछि सरोकारवाला निकायले गरिब लक्षित कार्यक्रम तीव्र रूपमा अगाडि बढाउन सक्नेछन्। गरिब को हो भनेर स्रोत र समय खर्च गरिरहनुपर्ने अवस्थाको अब अन्त्य हुने आशा गर्न सकिन्छ। पहिचान भएका गरिब घरपरिवारको पहुँच हुनेगरी कार्यक्रम सञ्चालन गर्न सकिन्छ। यस्तै, सरकारले सञ्चालन गर्ने गरिबी निवारणकेन्द्रित सामाजिक सुरक्षालगायत कार्यक्रमका लागि पनि ठुलो सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

परिचय पत्रको रूपमा स्मार्ट कार्ड दिने कार्य अर्को सकारात्मक कार्य हो। अहिलेको सूचना तथा प्रविधिको युगमा सरकारले पनि त्यसको प्रयोगमा चासो र तत्परता देखाएको छ। स्मार्ट कार्डमै समावेश भएका सूचना मात्रैको आधारमा पनि केही कार्यक्रम सञ्चालन गर्न सकिने अवस्था रहन्छ। अहिलेसम्म अछाम, अर्घाखाँची, बागलुङ, बझाङ, बाजुरा, बर्दिया, भोजपुर, डोल्पा, गोर्खा, हुम्ला, जाजरकोट र जुम्ला जिल्लामा गरिब घरपरिवार पहिचान कार्यक्रम सम्पन्न भइसकेको छ। यस्तै, कैलाली, कालिकोट, कपिलवस्तु, खोटाङ, मुगु, प्युठान, रामेछाप, रौतहट, रोल्पा, सिन्धुली, सिरहा र तनहुँमा पनि गरिब घरपरिवार पहिचान भएको छ। तर, अझै पनि ५० जिल्लामा गरिब घरपरिवार पहिचान हुन सकेको छैन। अब जतिसक्दो चाँडो सबै जिल्लामा गरिबको पहिचान गरेर परिचय पत्र वितरण गर्न आवश्यक छ। यसले गरिबी उन्मूलन गर्न नभए पनि न्यूनीकरण गर्न पर्याप्त सहयोग मिल्ने अपेक्षा गर्न सकिनेछ।

गलत बाटोमा मधेसी मोर्चा

■ प्रा.डा. गोपाल शिवाकोटी

वास्तवमा मधेसमा मधेसी मोर्चाले संविधानमा भएका विषयलाई पढ्न र बुझ्न नै दिएको छैन। अन्य दलका व्यक्तिलाई तराई प्रवेशमै निषेध गर्ने कामसमेत भएको छ। आफूले भनेको मात्र सुन्न दिने र आफ्ना कुराभन्दा अरू सुन्नै नदिने जुन निषेधात्मक चरित्र देखाएको छ, यो फाँसीवादी चरित्र हो।

मधेसको असन्तुष्टिलाई सम्बोधन गर्न संविधानको पहिलो संशोधन गरिएपछि मुलुकले निकास पाउने जुन अपेक्षा गरिएको थियो, त्यसविपरीत मधेस आन्दोनलले नयाँ स्वरूप लिएको छ। मधेसका नेता मधेस आन्दोलनलाई थप चर्काउन बिहारका नेतालाई गुहार माग्न हिँडेका र बिहारी नेताहरूले समेत नैतिक सहयोग मात्र नभएर मधेसको समस्या नेपालको आन्तरिक समस्या नभएको भनी भौतिक सहयोगसमेत उपलब्ध गराउने आश्वासन दिएपछि मधेस आन्दोलन पुनः चर्किएको देखिएकाले सबैलाई चिन्तित बनाएको छ। मधेसी नेताको फाँसीवादी प्रवृत्ति र केही दलका नेताहरूको अतिवादी सोचले गर्दा मुलुक नयाँ द्वन्द्वमा फसेको र नेपालको राष्ट्रिय स्वाधीनतामाथि नै खतरा उत्पन्न भएको छ। त्यसैले अधिकारको आन्दोलनको रूपमा सुरु भएको मधेस आन्दोलन हाँक्ने नेताहरूको उद्देश्यमाथि समेत पछिल्ला घटनाले गम्भीर आशंका पैदा भएको छ। यसैले मधेसी नेतामा देखिएको प्रवृत्ति र कार्यशैलीले राष्ट्रघातसमेत हुन सक्नेतर्फ गम्भीरतापूर्वक सबैको ध्यान जान जरुरी भएको छ।

मधेस आन्दोलनलाई सम्बोधन गर्न गरिएको संविधान संशोधनपछि नाका खुल्ने र जनताको कष्टकर जनजीवनमा सामान्यीकरण हुने जुन अपेक्षा गरिएको थियो, यसको विपरीत संविधान संशोधनपछि न त नेपालका नाका खुल्ने अपेक्षा पूरा भयो, न त जनताको जनजीवन सामान्य नै हुन सक्यो अथवा कालोबजारी र तस्करी नै रोकियो। भारतले समेत नेतृत्व वर्गलाई संविधान संशोधनको विधेयक पारित भएपछि नाका खुल्ने जुन संकेत दिएको थियो, त्यो पनि भारतले पूरा नगर्दा भारत सरकारको विश्वसनीयता र भारतको नीतिप्रति नै गम्भीर आशंका पैदा हुँदा नेपाल र भारतबिच बढ्दै गएको अविश्वासको वातावरण पुनः बढेको छ।

यद्यपि, संविधानको संशोधन गर्नुभन्दा दुई दिनअगाडि एकाएक भंग भएको मधेसी मोर्चाको कार्यदल र सरकारी वार्ता टोलीबिचको वार्तामा भएको गतिरोध अन्त्य भई दुई सातापछि पुनः संवाद सुरु भएपछि अब मधेस आन्दोलन समाधान हुन्छ र मुलुकले भोगिरहेको कष्टकर जीवन र नाकाबन्दीसमेत हट्नेछ भन्ने अपेक्षा पूरा नहुने देखिएको छ। ६ महिनादेखि संविधानप्रतिको असन्तुष्टिलाई लिएर मधेसीको अधिकारका लागि भनिएको र गरिएको आन्दोलनले मधेसी जनताको जनजीवनलाई नै सकसपूर्ण बनाएको छ भने पुरै नेपाली जनताले इन्धन अभावलगायतका कारण कष्ट पाइरहेका छन्। भुइँचालोले थिलथिलो पारेको जनजीवनलाई मधेसी आन्दोलनले त्यो भन्दा ठुलो पीडा दिएकाले हालको विकसित नयाँ स्थितिले केही थाक्न लागेको पीडालाई पुनः बल्झाएर अरू टन्काएको छ। त्यसैले अब जनताको घाउलाई ब्युँताएर पुनः टन्काउने जुन खेती गरिँदै छ, यो स्थिति लम्बिँदै गएमा यो कुरा भष्मासुरको स्थितिमा पुग्न सक्ने खतरा उत्पन्न भएको छ।

मधेसी तथा केही उग्रवादी हठी नेता आफ्नो मुलुक र जनताप्रतिको जिम्मेवारीलाई बिर्सेर आफ्नो अभीष्ट पूरा गर्न जुन खालको अहंकार प्रदर्शन गरिरहेका छन्। 'विनाश काले विपरीत बुद्धि' भन्ने कुरा हुने खतरा देखिएको छ। अहिले मुलुकको समस्यालाई बल्झाएर विदेशीको शक्तिको आडभरोसामा जुन खालको तुजुक दुवै पक्षले देखाउँदै छन्, यो कतै दशा लागेको मुलुकमा विनाशको संकेत त होइन ? भन्ने पनि आशंका पैदा भएको छ। भनिन्छ, अत्यन्त बुद्धिमान् र बलशाली व्यक्ति रामायणको नायक रावणको बुद्धिले काम नगर्दा र बाँदरलाई पुच्छरमा आगो लगाएर छोडिदिँदा सबै लंका जलेको थियो। यसै त बाँदर यसको पुच्छरमा आगो लगाएपछि सो बाँदरले कस्तो उपद्रो गर्ला भन्ने कुरा रावण जस्तो व्यक्तिलाई पनि हेक्का भएन। यस्तै हिरण्यकशीपु जस्तो बुद्धिमान् र प्रतापी व्यक्तिले आफैं बसेको घरको दलानमुनि बसेर दलानलाई अडाउने खम्बालाई तोड्दा यही खम्बाको आधारमा बसेको नरसिंह खसेर आफैंलाई मार्छ भन्ने बुद्धि पनि पुऱ्याउन नसक्दा नरसिंह खसेर मारिएको समेत कथा रहेको छ। अहिले हाम्रा मधेसी र जिम्मेवारीमा बसेका नेता आफ्नो शक्ति र अहंकारको हठले गर्दा यही भष्मासुर, रावण र हिरण्यकशीपुको नयाँ अवतार हुन गएका त होइनन् ? भन्ने आशंकासमेत उनीहरूको बोलीबचन र गराइले गर्दा बढेको छ।

संविधानको पहिलो संशोधनले मधेसी मोर्चाले उठाएका मुख्य माग पूरा भएको छ। यसबाट सम्पूर्ण जनताको समानुपातिक समावेशी गर्ने कुरा निश्चित भएको छ भने जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने कुरा संवैधानिक बनाइएको छ। मधेसीले गरेको संघीयताको सीमांकन गर्न राजनीतिक संयन्त्रको निर्माण गरेर पुनः सीमांकन गर्ने सहमति पनि भइसकेको छ। जहाँसम्म नागरिकताको कुरा छ, यो संघीय कानुनबाट समाधान गर्ने र अहिले पनि वैवाहिक अंगीकृत नागरिकता दिइरहेको अवस्था छ। यसैले अहिले मधेसी मोर्चाले जुन कुरामा असहमति राखी असन्तुष्टिको रूपमा मधेस आन्दोलन उठाएको थिए, त्यसको माग पूरा भएको र पूरा हुने स्थिति रहेका छन्। यी सबै कुरा वार्ताद्वारा समाधान गर्न सकिने छन्। यस्तो अवस्थामा वार्तामा नबसेर विदेशीहरूको भौतिक सहयोग लिएर मुलुकलाई तहसनहस पार्ने गरी जुन आन्दोलन गर्ने कुरा आएका छन्, यसले नेपाललाई नै नयाँ द्वन्द्वमा धकेल्ने र जनतालाई अरू कष्ट पुऱ्याएर मुलुकलाई नै तहसनहस पार्ने षड्यन्त्र भएको छैन ढुक्क हुने ठाउँ देखिँदैन। यसको जवाफ सबै पक्षबाट आउनुपर्ने भएको छ।

अहिले देखिएको प्रवृत्तिलाई हेर्दा मधेस आन्दोलन समाधान गर्नु भन्दा पनि यसलाई उल्झाएर, ब्युँताएर अरू पीडादायी बनाउने खेल भएको देखिएको छ। मधेसी मोर्चा र सरकारबिच लगभग अढाइ दर्जन वार्ता भइसकेका छन्। वार्ता भई समाधानको निकटमा पुगेको अवस्थामा कुनै न कुनै घटना घटाएर वार्तालाई असफल पार्ने काम लगातार दोहोरिएको देखिएको छ। टीकापुर घटनाले मधेसको आन्दोलनमा बितन्डा खडा गर्ने काम भएको थियो। त्यसपछिको वार्ता भई टुंगोमा पुग्न लागेको बेलामा वीरगन्जमा घटना भई एक जना भारतीयको हत्या भएको निहुँमा वार्ता भाँडियो। यसपछि पुनः वार्ता भई समाधानको निकटमा पुगेको अवस्थामा सप्तरीमा गोली काण्ड भई तिनजनाको हत्या भएपछि पुनः वार्ता भाँडिएको थियो। त्यसपछि अर्को वार्ता मोरङको रंगेलीको हत्याकाण्डले भाँडिन पुगेको देखिन्छ। यसरी वार्ता भई मधेसको मागको सम्झौताको नजिक आएको अवस्थामा नियोजित रूपमा यस्ता घटना घटाएर वार्ता एकचोटि नभएर तिनचोटिसम्म भएको छ। यसरी वार्ताबाट समाधानको निकटमा पुगेको स्थितिमा यसलाई भाँड्न लगातार काण्डहरू घटाएर वार्ता विफल गराउने तत्त्व को हो ? यो अदृश्य मुलुक वा बाहिर कहाँबाट निर्देशित र नियन्त्रित छ भन्ने पनि गम्भीर चिन्ताको विषय भएको छ। जबसम्म यी काण्ड गराउने तत्त्वहरूको र शक्तिको खोजी गरिँदैन र नांगेझार गरिँदैन, त्यसबेलासम्म मुलुकमा स्थिरता र वार्ताबाट समाधान हुने कुरामा आशंका हुने देखिन्छ।

पछिल्लो अवस्थामा संविधान संशोधनबाट समस्या समाधान गर्न वार्ता भइरहेको अवस्थामा मधेसी नेताहरू बिरामीको बहानामा दिल्लीसँग गुहार माग्न पुगेर र नेपालमा वार्ता भाँडियो तर आफूहरूसँग सल्लाह नै नगरी संविधान संशोधन गरिएकाले आफ्ना माग संशोधनबाट पूरा नभएको भन्ने जस्ता गैरजिम्मेवार तर्क अगाडि सारिए। अर्कोतिर आफूहरू कुनै पनि हालतमा राष्ट्रलाई विखण्डन हुने, राष्ट्रियतामा असर पर्ने कुनै पनि कार्य नगर्ने भनी राष्ट्रियताको नाममा राष्ट्रलाई तहसनहस पारिरहेको र समस्यालाई निकास दिने कुरालाई अल्झाउने प्रयास भएकाले यो मधेसको समस्यालाई समाधान नै नगराएर यसलाई टुंग्याएर आफ्नो अभीष्ट पूरा गर्न चाहने, नेपालमा अस्थिरता चाहने र नेपाललाई स्वतन्त्र भएर र समृद्ध बनेको हेर्न चाहने तत्त्व रहेको त छैन ? भन्ने प्रश्न यी घटनाले देखाएका छन्। संविधान संशोधनको सिलसिलामा एक पक्षले मधेसमा दुई प्रदेशको अडान लिनु र अर्कोतिर कुनै पनि हालतमा दुई प्रदेश हुन नसक्ने भनी कुरा अगाडि सार्नु यसैको परिणाम हुन सक्छन्।

संविधान संशोधन हुनुभन्दा दुई दिनअगाडि दुई प्रदेशको मागलाई लिएर भंग भएको वार्ता पुसको अन्तिम साता गठन गरिएको कार्यदल माघ तिनमा सहमतिको निकट पुगेको थियो। त्यसपछि भाँडिएको कार्यदललाई उच्चस्तरीय संयन्त्रको पहलमा सरकारलाई मनाएपछि पुनः कार्यदललाई नै सहमतिको प्रस्ताव गर्ने जिम्मा दिइएको छ। ३ माघमा सहमतिको निकट पुगेको कार्यदलमा नमिलेको विषयमा एमाओवादीको नेता कृष्णबहादुर महराले पाँच बुँदे प्रस्ताव प्रस्तुत गरी संघीय प्रदेशको सीमांकन पुनरावलोकन तथा परिमार्जन गर्न राजनीतिक संयन्त्र गठन गर्ने प्रस्ताव प्रस्तुत गरेको थिए भने यसको दुई दिनपछि ६ बुँदे प्रस्ताव प्रस्तुत गरी तराईमा दुई प्रदेश हुनुपर्ने प्रस्ताव गरिएको थियो। यही तराईमा दुई प्रदेशको प्रस्ताव नै असहमति भई वार्ता भाँडिएको थियो। तीन दल र मोर्चाको बैठकले सहमतिको प्रयासका लागि कार्यदललाई पुनः सक्रिय बनाउने निर्णयसमेत गरेर वार्ता सुरु भयो। यो वार्तामा मधेसी मोर्चाका शीर्ष नेताहरू उपत्यकामा नभएकाले दोस्रो तहका नेताहरू बसी पुनः वार्ता सुरु भएकाले मुलुकको परिस्थिति सहज हुने आशा गरिएको थियो। तर मोर्चासँगको वार्तामा नाकाबन्दी खोल्न गरिएको अनुरोधलाई मोर्चाले नमानी सीमांकनको विषय टुंगो लागेपछि मात्र नाका खोल्ने र आन्दोलन फिर्ता लिने भनी आफ्नो अडान कायम राख्यो साथै मधेस आन्दोलनको स्वरूपलाई परिवर्तन गर्नका लागि व्यापक दबाब आए पनि मधेसी मोर्चाले आन्दोलनलाई अरू चर्काउने निर्णय गरेकाले स्थिति सहज हुनुभन्दा पनि अरू जटिलतातर्फ उन्मुख हुन पुग्यो।

वार्ता सुरु भएपछि वार्ताबाट समस्याको हल खोज्नुको सट्टा मधेसी मोर्चाका शीर्ष नेताहरू आन्दोलनलाई चर्काउन विदेशीहरूको सहयोगको खोजीमा लागेपछि स्थिति अरू जटिल र गम्भीर भएको र यो आन्दोलनको उद्देश्यबारे आशंका उत्पन्न भएको हो। संविधान संशोधनबाट मधेसी जनताका मूल मागहरू पूरा भएपछि मधेसका बुद्धिजीवी र प्रतिष्ठित व्यक्तिहरूबाट मधेसी मोर्चामाथि आन्दोलन फिर्ता गर्न दबाब उत्पन्न भयो। मधेस आन्दोलनसमेत सिथिल हुन पुग्यो। आन्दोलनमा सहभागीसमेत घटेका थिए। यही दबाबले गर्दा आफ्नो भविष्य अन्धकार देखेपछि आन्दोलनको समर्थन खोज्न मधेसी मोर्चाका नेताहरू बिहार लागेका थिए। सरकार र प्रमुख प्रतिपक्ष कांग्रेसबिच कार्यदल ब्युँताउने सहमति भइरहँदा मधेसी मोर्चाका प्रमुख तिन नेता उपेन्द्र यादव, महेन्द्र यादव र राजेन्द्र महतो बिहारका नेता लालुप्रसाद यादवसँग मधेस आन्दोलनलाई सघाउन माग गरी वार्ता गरिरहेका थिए। बिहारका नेता लालुप्रसादले तराई आन्दोलनबारे दिल्लीसँग हस्तक्षेप गर्ने आश्वासन दिनुका साथै मधेस आन्दोलनलाई जोगाउन १० लाख व्यक्ति पठाएर सहयोग गर्ने वचन दिएका थिए। लालुप्रसादसँग वार्ता गरेपछि नीतिशकुमारले समय नदिएकाले उनलाई भेट्न राजेन्द्र महतो पटनामा रहे पनि उपेन्द्र यादव र महेन्द्र यादव नेपाल फर्कंदै गर्दा नीतिशकुमारले भेट दिने भएपछि बाटैबाट उपेन्द्र यादव र महेन्द्र यादव पनि पुनः पटना फर्केर नीतिशकुमारसँग भेटघाट गरी सहयोग माग गरेका छन्। बिहारका नेताले तराई आन्दोलनलाई नेपालको मात्र आन्दोलन नभएको तथा यसमा भारतले हस्तक्षेप गर्नुपर्छ भनी सार्वजनिक रूपमा समेत वक्तव्य दिएका थिए। बिहारी नेताले दिएको यो अभिव्यक्तिप्रति नेपाल सरकारले गहिरो आपत्ति व्यक्त गरेको छ। यी अभिव्यक्तिलाई भड्काउपूर्ण, यथार्थविपरीत रहेको र यो दुवै देशको हितविपरीत रहेको भनी विज्ञप्ति प्रकाशन गरेको देखिन्छ। साथै विज्ञप्तिमा सहमतिका लागि भएका प्रयाससमेत सहयोगी हुन नसक्ने भन्ने पनि उल्लेख भएको पाइन्छ। यसरी भारतीय नेताले दिएको अभिव्यक्ति, मधेसी नेताहरूको भेटघाट र समर्थनका लागि गरेको हारगुहार तथा नेपालले जनाएको प्रतिक्रियाले सुरु गरेको संवादले समेत गम्भीर असर पारेको देखिन्छ। यसबाट मधेसी नेता मधेसका जनतालाई विश्वास नगरी मधेसी जनताको सहयोगबाट नभएर भारतीय नेताहरूको सहयोगमा नेपालमा आफ्ना माग पूरा गर्न चाहन्छन् भन्ने कुरा प्रमाणित भएको छ। यसले मधेसी आन्दोलन नेपालको हितका लागि भएको हो वा विदेशीको हित वा निर्देशनमा भएको हो भन्ने गम्भीर प्रश्न खडा भएको छ। मधेसी नेताले बिहारसँग रोटीबेटीको सम्बन्ध भएकाले आफूलाई परेको मर्कामा सहयोग मागेको भनी यसको औचित्य सावित गर्ने जुन प्रयास गरेका छन्, यसबाट मधेसी नेताको नेपालप्रतिको निष्ठाप्रति नै आशंका पैदा भएको छ। रोटीबेटीको सवाल सामाजिक सम्बन्ध हो, गैरराजनीतिक सम्बन्ध हो, तर यसलाई नै राजनीतिमा तान्नुले रोटीबेटीको सवालको नाममा अर्को देशको राजनीतिमाथिको हस्तक्षेपको आह्वान गर्नुलाई आफ्नो देशप्रति विदेशीहरूको खुला हस्तक्षेपको आमन्त्रणको रूपमा लिनुपर्दछ। अहिले मधेसी नेताहरूले बिहारमा गएर गरेको समर्थनका माग तथा बिहारी नेताले दिएको अभिव्यक्तिको चौतर्फी रूपमा विरोध भएको छ र यसले समस्यालाई अरू जटिल पारेको छ।

मधेस आन्दोलन चलिरहेको अवस्थामा अन्य दलका नेता र कार्यकर्तालाई मधेसमा प्रवेशमा रोक लगाउने, निजी घरहरूमाथि आक्रमण गरी तोडफोड, आगजनी गर्ने काम सुरु भएको देखिन्छ। नेपाली कांग्रेसको अधिवेशनमा नेपाली कांग्रेशको झण्डा राखिएको भनी अधिवेशन बिथोल्ने काम भएको छ। एकातिर नेपाली कांग्रेसका नेता सुशील कोइरालालाई प्रधानमन्त्रीमा मत दिनु र आफ्ना मागहरू सम्बोधन गराउन नेतृत्व लिन अनुरोध गर्नु तर अर्कोतिर कांग्रेसको अधिवेशनलाई बिथोल्नु र कांग्रेसी नेताहरूलाई नै मधेस जान रोक्ने जस्ता काम हुनुले मधेसी नेता र आन्दोलनको चरित्र नै नबुझिने खालको भएको छ।

वास्तवमा मधेसीमा मधेसी मोर्चाले संविधानमा भएका विषयलाई नै पढ्न र बुझ्न नै दिएको छ। अन्य दलका व्यक्तिहरूलाई तराई प्रवेशमै निषेध गर्ने कामसमेत भएको छ। आफूले भनेको मात्र सुन्न दिने र आफ्ना कुराभन्दा अरू सुन्नै नदिने जुन निषेधात्मक चरित्र देखाएको छ, यो फाँसीवादी चरित्र हो। इटलीमा मुसोलिनीको फाँसीवादी पार्टीले विपक्षीहरूको अस्तित्वलाई अस्वीकार गर्ने, उनीहरूको विचार सुन्न निषेध गर्ने काम गरेको आचरण नै मधेसी मोर्चाबाट भएको छ। विपक्षको कुरा नसुन्ने मात्र होइन, उनीहरूलाई मधेस नै पस्न नदिने, निजी सम्पत्तिमाथि आक्रमण गर्ने काम गरी फाँसीवादी चरित्र देखाएका छन्। उनीहरूले महेन्द्रवादको राजनीतिको अस्तित्वलाई अस्वीकार गर्ने निर्विकल्पवादको महेन्द्रवादी चिन्तनलाई लाद्ने काम गरेका छन्। उनीहरूले आन्दोलनका नाममा जनतालाई कष्ट दिने र आफ्ना उद्देश्यका लागि जनताको बलिदान दिलाउने कार्य गरेकाले उनीहरूले आफ्नै जनतालाई पीडा दिएर आफ्नो प्रभुत्व लाद्ने काम गरेको देखिन्छ। यस अर्थमा जर्मनीका हिटलरले जर्मनीकै नागरिक यहुदीहरूलाई ग्याँस च्याम्बरमा राखी हत्या गरेको सम्झना दिलाएका छन्। यस अर्थका भूकम्पपीडित तथा निर्दोष जनतालाई नाकाबन्दी गरेर औषधिलगायतको अभाव सिर्जना गरी मृत्युवरण गराउनुलाई आफ्नो सफलताको रूपममा व्याख्या गर्ने हिटलरी चिन्तन अगाडि बढाएको देखिन्छ। त्यसैले यो समस्यालाई ढिलो नगरी छिटोभन्दा छिटो समाधान गरिनु आवश्यक भएको छ। यदि मुलुकका समस्याहरूको समाधान विदेशमा नभएर नेपालमै खोजिनु र समाधान गरिनु पर्दछ अन्यथा अहिलेको प्रवृत्तिले जनताबाट पाएको सहानुभूति र समर्थन भष्मासुरको बरदानको सावित नहोला भन्न सकिँदैन। अहिलेकै निषेधको राजनीति वास्तवमा फाँसीवादी चिन्तन र सोचको उपज हो। यसलाई लोकतान्त्रिक अधिकार र राष्ट्रवादको रूपमा बुझ्न गलत हुनेछ।

भारतीय राजनीतिमा प्रयुक्त विचार र चिन्तन

■ विपीन देव

इतिहास निर्मम हुन्छ। जुन बेला हाम्रा नेता प्रचण्ड हुन् वा ओलीजी, उनीहरूले पनि ज्यानलाई हत्केलामा राखेर नै राजनीति सुरु गरे। तर, समयको कालचक्रले आज नेपालको राजनीतिक वृत्तका सबै अग्रपंक्तिका नेतृत्व भोग र विलासको दुर्गन्धमा रुमलिएका छन्।

२१औं शताब्दीको आभाका साथ विश्व मानचित्रमा भारत र चीनले जीवनको हरेक पक्ष र प्रगतिमा आफ्नो पहिचान बनाइसकेका छन्। खास गरेर भारत यस वर्ष २६ जनवरीको गणतन्त्र दिवसको अवसरमा 'रेट्रोस्पेक्टिभ' (पछाडिको घटनाको विश्लेषण) र 'इन्ट्रोस्पेक्टिभ' (आत्मनिरीक्षण) तरिकाबाट भविष्यको रेखा कोर्न अगाडि बढिरहेको देखियो। भारतको प्रजातान्त्रिक विकासमा सबैभन्दा महत्त्वपूर्ण भूमिका विभिन्न विचारको प्रयोगको नै छ। हुन त २१औं शताब्दीका दुईओटा महत्त्वपूर्ण घटना थिए- गान्धीवाद र न्युक्लियर बम। भारतको गणतान्त्रिक विकासमा गान्धी र न्युक्लियर बमको साथसाथै प्रयोग भयो। दार्शनिक दृष्टिकोणले यी एकदमै विरोधाभाषपूर्ण कुरा हुन्। वास्तवमा गान्धीवाद भारतीय राजनीतिक विकासमा कुनै न कुनै रूपमा अनवरत रूपले प्रयोग भयो। गान्धीवादको प्रयोग भारतीय राजनीतिका हरेक वैचारिक स्कुलले गरे। न्युक्लियर प्रोग्रामका प्रवर्तक महान् वैज्ञानिक अब्दुल कलाम पनि गान्धी जीवनशैलीको एउटा प्रतिमूर्ति थिए। प्रस्तुत लेखमा गान्धीवादको प्रयोग कुन रूपमा कुन 'स्कुल आफ थट'ले गरेको छ, त्यसको चर्चा गर्ने प्रयास गरिएको छ।

क) नेहरू र पटेल

नेहरू र पटेल दुवै गान्धीका नै सिपाही थिए। गान्धी विचारधाराको प्रमुख सूत्र नै विविधतामा एकता हो। नेहरू र पटेलजस्ता विपरीत विचार धाराबाट हिँड्ने राजनेता बिरलै पाइन्छ। तर, दुवैको मिलनबिन्दु थियो- गान्धीवाद। नेहरू र पटेलको दुई विपरीत ध्रुव राजनीति शास्त्रका विद्यार्थीका लागि निकै रोचक विषय बन्न सक्छ। नेहरू कल्पनाको संसारमा उडान भर्थे भने पटेल त्यसलाई यथार्थको धरातलमा मूर्त रूप दिने अभियन्ता थिए। भारतका अल्पसंख्यकप्रति दुवैको दृष्टिकोण फरक थियो। नेहरूको आग्रह थियो कि बहुसंख्यक हिन्दुहरूले भारतका मुसलमानलाई भाइचारा र प्रेमको मलम लगाएर मन जित्नुपर्छ। तर, पटेल भन्ने गर्थे कि अल्पसंख्यक पहिले पाकिस्तानमोहबाट मुक्त हुनुपर्छ र बहुसंख्यक हिन्दुप्रति सद्भाव बढाउनुपर्छ। त्यस्तै कास्मिरको मुद्दामा नेहरू गणतान्त्रिक अभ्यास गराउन चाहन्थे तर पटेलले वस्तुस्थितिको गाम्भीर्यलाई बुझी युवराज कर्ण सिंहलाई राजप्रतिनिधि बनाई कास्मिरलाई मूलधारमा ल्याउन प्रयत्न गरे। संगठनमा पटेल नेहरूभन्दा बढी प्रभावशाली थिए। डा. राजेन्द्र प्रसादलाई प्रथम राष्ट्रपति बनाउन होस् वा पुरुषोत्तम दास टन्डनलाई पार्टी अध्यक्ष बनाउन होस्, पटेलको भूमिका नै अग्रणी थियो। नेहरूको चाइना नीति र राजा रजौटाप्रतिको दृष्टिकोणको कट्टर आलोचक पटेल नै थिए। गणतन्त्र भारतमा खास गरेर दर्शनको हिसाबले हेर्ने हो भने आधुनिक भारतको निर्माता नै पटेललाई भन्न सकिन्छ, जसले पाँच सयभन्दा बढी राज्यलाई एकीकरण गरे। तैपनि जीवनको उत्तरार्द्धमा



पटेलले स्वीकार गरेका छन् कि पण्डित नेहरू गान्धीद्वारा चयन गरिएका नेता हुन् र गान्धीको सैनिकको हैसियतले मेरो निष्ठा नै नेहरूमा छ।

ख) समाजवादी स्कुल

समाजवादी स्कुल कांग्रेस पार्टीको अंग थियो। यिनीहरूले गान्धीलाई भारत स्वतन्त्रताका लागि मात्रै नेता मानेका थिए। कालान्तरमा समाजवादी नेताहरू गान्धीको सम्मोहनबाट बच्न सकेनन्। समाजवादी स्कुलमा नेतात्रय आचार्य नरेन्द्र देव, जयप्रकाश नारायण र डा. राममनोहर लोहियाका नाम अत्यन्तै आदरका साथ लिइन्छ। आचार्य नरेन्द्र देव मार्क्सवाद र बुद्ध धर्मका ज्ञाता थिए। मार्क्सवाद र धर्मलाई संयोजन गर्नु दार्शनिक हिसाबले एउटा चटक हो। स्मरणीय छ कि गान्धीले भनेका छन्, 'दोज हु से पोलिटिक्स ह्याज नथिङ टु डु विद रिलिजन, दे ह्याव नट अन्डरस्टुड ह्वाट पोलिटिक्स इज।' अर्थात् राजनीति र धर्मको संयोजन गान्धीजीको नै थियो, तर नरेन्द्र देवले त्यसलाई सूत्रबद्ध रूपमा प्रस्तुत गरे। नरेन्द्र देवले किसानहरूको नेतृत्व गरे। विभिन्न विद्यापीठलाई मार्गदर्शन गरे र गान्धीवादलाई प्रत्येक जनतासमक्ष पुऱ्याउन भगीरथ प्रयास गरे। समाजवादी स्कुलका महान् चिन्तक डा. लोहिया संसारकै राजनीतिक महारथीमध्ये एक हुन्, जसले गान्धीवाद आफ्नो जीवनको अचुक बाणको रूपमा हरेक राजनीतिक मोर्चामा प्रयोग गरे। सानै उमेर (२३ वर्ष) मा विद्यावारिधि गरेका डा. लोहिया गान्धीवादसँग फरक मत पनि राख्थे। गान्धी आध्यात्मिक थिए, लोहिया भौतिकवादी। यस्ता भिन्नता महापुरुषहरूमा निश्चय नै हुन्छ। डा. लोहिया गान्धीवादको मात्रै मर्मज्ञ थिएनन्, मार्क्सवादमा पनि उनको महारथ कसैभन्दा कम थिएन। यहाँसम्म कि रोजाभन्दा पनि गहिरिएर मार्क्सवादलाई विश्लेषण गर्ने उनको क्षमता डा. लोहियाको कृति 'मिसिङ प्वाइन्ट इन मार्क्सिज्म'ले नै देखाउँछ।

मार्क्सवादको आलोचना गर्दै डा. लोहियाले प्रस्ट भनेका छन्, 'मार्क्सले भारतीय समाजको जटिलतालाई बुझेका छैनन्। यहाँ विषमताको कारण जातीय प्रथा हो। त्यसकारण 'क्लासलेस' भन्दा 'कास्टलेस' समाजतर्फ जानु जरुरी छ।' डा. लोहियाको विचारले भारतका विभिन्न भागमा हरिजन र दलितले राहत पाए। वास्तवमा मोलायम सिंहले त आफूलाई डा. लोहियाको मानसपुत्र भन्न नै गर्व गर्छन्। डा. लोहियाद्वारा प्रतिपादित 'सप्त कान्ति' समाजलाई समाजवादमा रूपान्तरण गर्ने एउटा दार्शनिक दस्तावेज हो। आज गणतन्त्र भारतमा यसलाई स्मरण गरिन्छ। त्यस्तै समाजवादी स्कुलका अर्का महारथी जयप्रकाश नारायण हुन्। अमेरिकामा विद्यार्थी हुँदा माक्सवाद प्रयोगकर्ता र गम्भीर अध्येताका रूपमा जयप्रकाश नारायणले जीवनभर सत्ता र भत्ताको विरोधमा संघर्ष गरे। जयप्रकाश नारायण महात्मा गान्धीपछि सबैभन्दा बढी आन्दोलन गर्न सक्ने नेताको नाम हो। उनको प्रमुख कृति 'सम्पूर्ण कान्ति' हो। डा. लोहिया भन्दा संगठनमा बढी पकड भएका र आन्दोलनलाई हाँक्न सक्ने हैसियत भएका नेता जयप्रकाश नारायण नै थिए। इन्दिरा गान्धीलाई मात्रै होइन, सम्पूर्ण देशलाई प्रजातन्त्रबाट विमुख हुन दिएनन् उनले।

ग) हिन्दु स्कुल अफ थट

आज भारतमा यो विचारको बिगबिगी छ। वास्तवमा यो विचारलाई दार्शनिक धरातल दिने महापुरुष वीर सावरकर नै थिए। सावरकरको पथप्रदर्शनमा डा. श्यामप्रसाद मुखर्जीले हिन्दु महासभाको नेतृत्व गरे। डा. श्यामप्रसादले गान्धीको आशीर्वादको कारणले नै नेहरूको मन्त्रिमण्डलमा ठाउँ पाए। डा. मुखर्जीले हिन्दुत्व र राष्ट्रवादलाई संयोजन गर्ने प्रयास गरे। कास्मिरको मुद्दालाई राष्ट्रिय बहसको मुद्दा बनाई नेहरूलाई चुनौती दिए। उनको भेट ग्वालकर (श्री गुरुजी)सँग भएर आरएसएस भन्ने संस्था स्थापित भयो। एउटा गहन कुरा के छ भने आरएसएसलाई गान्धीको हत्याको आरोप लगाइन्छ, तर दस्तावेजले के भन्छ भने नाथुराम गोड्सेको आरएसएससँग कुनै सम्बन्ध थिएन। यही कुरा गोड्सेले सन् १९३३ मा 'अग्रणी' नामक मराठी पत्रिकामा उल्लेख गरेका छन्।

श्री गुरुजी गान्धीका अनुयायी थिए। गान्धी स्वयं आरएसएसको क्याम्पमा गई यस संगठनको प्रशंसा गरेका छन्। हिन्दु स्कुल अफ थटका प्रमुख विचारक दिनदयाल उपाध्याय थिए। उनले (एकात्मक मानववाद)को सिद्धान्तलाई अगाडि सारे। एकात्मक मानववाद पूर्वीय दर्शनमा आधारित छ। दिनदयाल उपाध्यायले एकात्मक मानववादको माध्यमबाट नरलाई नारायणमा परिवर्तन गर्न सकिने तर्क अघि सारेका छन्। साम्यवाद र पुँजीवाद दुईओटा वादले मानवलाई लोभी र लालचीको रूपमा मात्र प्रस्तुत गरेको बताएका छन्। एकात्मक मानववाद कम्युनिस्टका लागि 'दास क्यापिटल' झैं बिजेपीका लागि यो दस्तावेज हो अर्थात् गणतन्त्र भारतमा हरेक राजनीतिक विचारकहरू कुनै न कुनै रूपमा गान्धीवादको सेरोफेरोमा घुमेको पाइन्छ। आज भारतका यी विद्वान् र सन्त नेताहरूको अध्ययन गर्दा हाम्रा नेताहरूको अवस्था बडो चिन्ताजनक लाग्छ। इतिहास निर्मम हुन्छ। जुन बेला हाम्रा नेता प्रचण्ड हुन् वा ओलीजी, उनीहरूले पनि ज्यानलाई हत्केलामा राखेर नै राजनीति सुरु गरे। तर समयको कालचक्रले आज नेपालको राजनीतिक वृत्तका सबै अग्रपंक्तिको नेतृत्व भोग र विलासको दुर्गन्धमा रुमलिएका छन्। अन्तमा, गान्धीले भनेका छन्, 'यदि तिमी इमानदार छैनौ भने बन्न त कोसिस गर।'

समृद्धिको आधार : छिमेकीबिच सुसम्बन्ध



■ दीर्घराज प्रसाई

नेपालले चीन र भारतसँग सन्तुलित सम्बन्ध कायम राख्न सक्नु नेपालको सफल परराष्ट्र नीति हो। चीन तथा भारतसँग नेपालले सन्तुलित सम्बन्ध कायम राख्न नसकेको अवस्थामा नेपालको राष्ट्रियता खल्बलिन सक्छ। कुनै न कुनै रूपबाट प्राचीन समयदेखि चीन तथा भारतसँग नेपालको सुमधुर सम्बन्ध कायम रहँदै आएको छ। नेपाल, चीन र भारतबिचको मैत्रीसम्बन्ध मुख्य रूपमा धर्म, संस्कृति, व्यापार तथा वैवाहिक आधारमा विकसित हुँदै आएको हो। चीनका सम्राट् स्रङचङ गम्पोसँग नेपालकी राजकुमारी भृकुटीको वैवाहिक सम्बन्ध कायम भएको अवस्था र हिमवत्खण्ड नेपालको बढ्दो प्रतिष्ठाबाट प्रभावित भएर भारतमा गुप्तकालका राजाले नेपालका लिच्छवि राजाकी छोरीसँग विवाह गरेर आफ्ना मुद्राहरूमा 'लिच्छवय', 'लिच्छवि कन्या दौहित्री' उल्लेख गरेका तथ्यबाट थाहा हुन्छ, नेपालका यी दुई ठूला छिमेकी राष्ट्रसँगको सुमधुर सम्बन्धबारे। चीन तथा भारतसँग सम्बन्ध बढ्नुमा हिन्दु तथा बौद्ध धर्म मुख्य कारक बनेका छन्। पौराणिक कालदेखिका अनेकौं प्रमाणित घटनाको अध्ययन गर्दा नेपालको सार्वभौमसत्ता र प्रतिष्ठालाई चीन तथा भारतबाट सम्मान हुँदै आएको छ। १२औं शताब्दीमा चीनका बादशाहको आग्रहमा नेपालबाट कलाकार अरनिकोलाई झिकाएर स्तुप तथा प्यागोडा शैलीका दरबार बनाएको र महेन्द्र मल्लको समयदेखि भोटमा नेपालको मुद्रालाई चलनचल्तीमा ल्याइएको थियो। यस तथ्यका कारण एसियामा नेपालको आफ्नै पहिचान र प्रतिष्ठा स्थापित भएको छ। अहिलेसम्म बेइजिङमा अरनिकोबाट निर्मित बौद्ध गुम्बालाई बडो सम्मानका साथ राखिएको छ। त्यस्तै बेइजिङको लामा टेम्पल एउटा महत्त्वपूर्ण बौद्धस्थल हो। यस क्षेत्रमा बौद्ध मन्दिर र त्यो क्षेत्रमा नेपालको प्यागोडा शैलीका भवन ठडिएका छन्। त्यस क्षेत्रमा 'ओम मणि पद्मे हुम्' को मन्त्रबाट मन्दिरभित्र र मन्दिरआसपासको सडकसडकमा गुन्जायमान गराउने गरिन्छ। बेइजिङमा अरनिकोको सालिकसमेत राखिएको र अरनिकोबाट निर्मित मन्दिर अगाडि नेपाली, चिनियाँ, अंग्रेजी भाषाको शिलालेखसमेत राखिएको देख्दा नेपाल-चीनबिचको सौहार्द्र सम्बन्ध स्पष्ट हुन्छ।

नेपालको परराष्ट्र नीतिको सफलता भनेको चीन र भारतसँग सन्तुलित सम्बन्ध कायम राख्नु हो। शान्तिपूर्ण सहअस्तित्वको कदर यसैबाट हुन्छ। पृथ्वीनारायण शाहले नेपाललाई 'दुई ढुंगाबिचको तरुल' भनेझैं हाम्रो परराष्ट्र नीतिको आधारशिला पनि यस्तै छ। नेपाल भूपरिवेष्ठित मुलुक हो। भूपरिवेष्ठित मुलुक भए पनि जन्मकालदेखि नै यसले आफ्नो सार्वभौमसत्तालाई सौदाबाजी गर्न कसैलाई दिएको छैन। नेपाल, चीन र भारतबिच सुमधुर मैत्री सम्बन्धको आधार धर्म, संस्कृति नै बनेको हो। किराँतकालदेखि नै नेपालको आर्थिक, सामाजिक र धार्मिक जीवनको क्रम बसिसकेको थियो भन्ने कुरा बुद्धग्रन्थ 'मूल सर्वास्तिवाद विनय संग्रह' तथा 'कौटिल्यको अर्थशास्त्र'बाट थाहा हुन्छ। नेपालका विभिन्न राजवंशीले भोट, चीन, भारत र अन्य देशसँग व्यापारिक सम्बन्ध कायम गरेको र भारत वर्षमा अयोध्याका युवराज रामको विवाह यस क्षेत्रका जनक राजाकी छोरी सीतासँग भएको थियो। सम्राट् अशोक बुद्ध धर्मप्रति आस्थावान् भएर बुद्धको जन्मथलो लुम्बिनी आएका र आफ्नी छोरी चारुमतीको विवाह नेपालका राजा देवपालसँग गराएका थिए।

एसियामा नेपाल र भारतखण्ड दुई यस्ता हिन्दु राज्य हुन्, जसको प्राचीन गौरव र प्रतिष्ठाको वर्णन विश्वव्यापी रूपमा पाइन्छ। तर, दक्षिणतर्फको राजनीतिक परिवर्तनको प्रभावबाट नेपालमा सर्वाधिक असर पर्ने गरेको छ। अंग्रेजहरू अन्य मुलुकमा पस्दा पहिलो व्यापार, दोस्रो बाइबल, तेस्रो बन्दुक लिएर पस्ने गर्थे। नेपालमा पनि व्यापार, बन्दुक प्रयोग गर्नु भन्दा बाइबल र पैसालाई केन्द्रबिन्दु बनाएर प्रवेश गरेको थियो। नेपालमा आफ्नो प्रभुत्व कायम गर्न सक्ने नदेखे पनि भोटसँग व्यापार बढाउने निहुँमा नेपालमा अप्रत्यक्ष रूपमा आफ्नो प्रभुत्व जमाउन छोडेको थिएन। अंग्रेजहरू ठन्डी मुलुकमा बस्न चाहने भएकाले नेपालजस्तो स्वस्थकर ठाउँको खोजीमा थिए। त्यसकारणले नेपालका स-साना राज्यलाई कब्जा गर्न अंग्रेजले आँखा लगाइरहेका थिए। यस अवस्थामा पृथ्वीनारायण शाहको विशाल नेपालको एकीकरणको महान् यज्ञलाई समाप्त पार्न कान्तिपुरका राजा जयप्रकाशलाई सघाउन कर्नेल किनलोकको नेतृत्वमा २४ सय अंग्रेज पल्टन पठाएको थियो। तर, अंग्रेजी पल्टनलाई पृथ्वीनारायण शाहका फौजले आक्रमण गरेर भगाएका थिए। यसरी फिरंगीहरूको आक्रमणबाट बचाएर ठूलो प्रयत्नबाट ५४ स-साना हिन्दु राज्यको एकीकरण भएर विशाल नेपालको सिर्जना

नेपाल तथा भारतले चीनसँग पनि त्यत्तिकै मित्रता बढाउने वातावरण तयार गर्नुपर्छ। नेपाल, चीन र भारतबिच कूटनीतिक सम्बन्ध राम्रो हुन सकेमा पश्चिमाहरूले नेपाल, चीन तथा भारतमाथि आक्रामक दृष्टि राख्न सक्तैनन्।

भएको हो। तर, नेपालको एकीकरणपछि पनि अंग्रेजले नेपालमाथि गिद्धे नजर लाउन छोडेनन्। युरोपमा नेपोलियनको पतनपछि अंग्रेजले निहुँ खोजेर नेपालमाथि सन् १८१५ मा आक्रमण गरिछाडे। नेपालको पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्मको भूभाग कब्जा गरे पनि आफ्नो धर्म र संस्कृति बचाएर नेपाल सार्वभौम राष्ट्रको रूपमा रहिरह्यो।

भारत स्वतन्त्र बनाउन नेपालीले पनि रगत र पसिना बगाएको इतिहास छ। नेपाली जनता र भारतीय जनताबिच गहिरो सम्बन्ध कायम छ। चीन र भारत नेपालका लागि नजिकका राष्ट्र भएकाले अब नेपालले भारतलगायत चीनसँग पनि पारवहन र वाणिज्य सम्बन्धलाई विस्तार गर्न सक्नुपर्छ। चीनमा निर्माण भइरहेको रेलवे मार्गलाई उपभोग गरेर वाणिज्य र पारवहन सुविधा प्राप्त गर्नसक्ने उपायहरूमा मैत्रीपूर्ण वार्ता र सन्धिको आधारमा टुंगोमा पुग्न सक्नुपर्छ। अहिले चीनले नेपाललाई मित्रशक्तिको रूपमा सहयोग गर्ने मनसाय देखाइरहेको अवस्था छ। यस अवस्थामा नेपालमा चीनको सहयोगमा नेपालमा रेलवे मार्ग भएमा नेपाल भूपरिवेष्ठित पीडाबाट मुक्त हुनेछ। अहिले रेलमार्ग चीनको ल्हासासम्म आइसकेको छ। चिनियाँ रेलवे मार्ग ल्हासा हुँदै खासाबाट काठमाडौं प्रवेश भएपछि नेपाल र चीनको सुमधुर सम्बन्धको कारणले नेपाल भारतवेष्ठित बनेर सधैं बस्नुपर्ने छैन। अर्कापट्टि ल्हासादेखि केरुङसम्म ब्रह्मपुत्र नदीको किनारैकिनार लगभग एक हजार किलोमिटर लामो रेलमार्ग निर्माण हुनु त्यत्तिकै आवश्यक छ। यसमा नेपाल र चीन दुवै राष्ट्रको सोचाइ केन्द्रित हुनुपर्दछ। चीनको केरुङबाट नेपालको रसुवागढी २०/२२ किलोमिटर, ल्हासाबाट केरुङसम्म आउने लाइनबाटै तिब्बतबाट संखुवासभाको किमाथांका आउन करिब सय-डेढसय किलोमिटर पर्ला। त्यस्तै सोही लाइनबाट खासा आइपुग्न करिब ५० देखि ७५ किलोमिटर र खासाबाट तातोपानी हुँदै काठमाडौं आउन १३० किलोमिटर पर्ला। केरुङसम्म रेलमार्ग जोडिएपछि सोही रेलमार्गको विस्तार हुँदै काजिकिस्तान तथा रुसमा सजिलै पुग्न सक्छ।

यसरी नेपाल-चीनको आपसी सद्भावबाट रेलवे निर्माणमा दुवै राष्ट्र सक्रिय बनेपछि चीनलाई पनि ठूलो उपलब्धि हात लाग्नेछ र पश्चिमाहरूको 'फ्री तिब्बत'को नाममा मानवअधिकारको कुरा तेर्स्याएर चीन टुक्र्याउने रणनीति पनि असफल हुनेछ। रेलवे मार्गले विकसित रूप लिन थालेपछि काजिकिस्तान र रुसबाट पेट्रोलियम पदार्थ तथा उज्वेकिस्तानबाट ग्याँस ल्याउने र नेपालमा उत्पादित चिज चीन तथा युरोपियन देशमा पुर्‍याउन र रुस तथा युरोपियन देशबाट असंख्य पर्यटक नेपालमा आउन अत्यन्तै सुगम हुन जान्छ। नेपाल, चीन र युरोपियन राष्ट्रबिच आवतजावतमा अत्यन्त सुगम बन्ने छ। यसले सार्वभौम राष्ट्रको हैसियतले नेपालले चीन र भारतसँग सन्तुलित सम्बन्ध कायम गर्न सक्छ। यसका लागि नेपाली र चिनियाँ पक्षबिच उच्चस्तरीय समिति गठन गरेर युगको परिवर्तनमा दुवै पक्षको त्याग र सक्रियताको खाँचो छ। चीनसँग नेपालको प्रारम्भदेखि नै गहिरो सम्बन्ध कायम हुँदै आएकाले अहिलेसम्म त्यसले दिगो रूप लिएको छ। नेपालले पनि चीनको सार्वभौम मान्यतालाई खल्बलाउने काम गरेको छैन। सन् १९७१ मा चीनले संयुक्त राष्ट्र संघको सदस्यता लिन नेपालले राम्रो भूमिका खेलेको थियो। चीनले पनि नेपालको आर्थिक विकासको निम्ति धेरै सहयोग उपलब्ध गराएको छ।

राजनीतिक परिवर्तनको क्रममा ०४८ सालमा गिरिजाप्रसाद कोइरालाको चीन भ्रमणको समयमा चीन भ्रमण गर्ने राजा महाराजा र प्रधानमन्त्रीहरू सबैको चर्चा गरे पनि राजा महेन्द्रको ०१८ साल र प्रधानमन्त्री टंकप्रसाद आचार्यको ०१३ सालमा सम्पन्न भ्रमणको नाम लिन नचाहेका रहेछन्। तर नेपाल-चीनको मैत्रीसम्बन्धको कुरा उठाउँदा ०१३ सालमा पहिलो सरकार प्रमुख टंकप्रसाद आचार्य र ०१६ मा बीपी कोइरालाबाट चीन भ्रमण भएको हो भने ०१८ सालमा पहिलो राष्ट्रप्रमुखको रूपमा चीनको राजकीय भ्रमणमा जाने राजा महेन्द्र हुन्। दुवै प्रधानमन्त्री र राजा महेन्द्रबाट आधुनिक चीनमा सुमधुर मैत्री सम्बन्धको जग बसालिएको कुरालाई बिर्सन सकिँदैन। नेपालमा ०४६ सालमा बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालगायत प्रधानमन्त्रीको हैसियतबाट नेकपा (एमाले) का नेता मनमोहन अधिकारीको औपचारिक भ्रमणलगायत त्यसपछिका सरकार प्रमुख तथा मन्त्रीस्तरीय प्रतिनिधि मण्डलको भ्रमणबाट चीन र भारतबिच सुमधुर मैत्रीसम्बन्ध कायम हुन सकेको छ।

यता नेपाल-भारतबिच नेपाली जनता र भारतीय जनताबिचा युगयुगान्तरसम्मको सुमधुर सम्बन्ध कायम रहँदै आएको छ। तर, केही वर्षसम्म भारतीय कांग्रेस (आई) सँग केही असमझदारी बढ्न गएकाले नेपाल-भारत सम्बन्धमा निकै चिसोपन आयो। कांग्रेस (आई)का राजीव गान्धी सत्तामा आएपछि र उनको मृत्युपछि उनकी पत्नी सोनिया गान्धीको हालिमुहाली चलेपछि भारतले नेपाललाई आफ्नो प्रभावमा लिन अनेकौं रणनीति बनाएको थियो। तर, ०७१ सालको प्रारम्भदेखि कांग्रेस (आई)को सत्ताविरुद्ध हिन्दुवादी राष्ट्रवादी पार्टी भारतीय जनता पार्टी (भाजपा) सत्तामा आएको छ। भारतीय जनता पार्टीका नेता नरेन्द्र मोदी प्रधानमन्त्री बनेका छन्। अब यस अवस्थामा नेपाल र भारतको सांस्कृतिक परम्परा र मैत्री सम्बन्ध कायम राख्न भाजपाले कांग्रेस (आई)को झैं गिद्धेदृष्टि नेपालमा नलगाउला। यसका लागि नेपाल तथा भारत दुवै देशका सरकारबिच नेपाल तथा भारतसँगको सौहार्द्रपूर्ण नेपाल-भारत नीति तर्जुमा गरेर देशलाई बाटो दिन सक्नुपर्छ। यसका लागि नेपाल तथा भारतले चीनसँग पनि त्यत्तिकै मित्रता बढाउने वातावरण तयार गर्नुपर्छ। नेपाल, चीन र भारतबिच कूटनीतिक सम्बन्ध राम्रो हुन सकेमा पश्चिमाहरूले नेपाल, चीन तथा भारतमाथि आक्रामक दृष्टि राख्न सक्तैनन्। नेपाल, चीन र भारतबिचको सौहार्दता भनेको सिंगो एसियाको समृद्धि हो।

हो, छिमेकीबिच कहिलेकाहीं मनमुटाव हुन सक्छ। तर, त्यसलाई बढ्न नदिएर समस्याको समाधान गरिहाल्न तत्पर हुन सक्नुपर्छ। राजनीतिक परिवर्तनका सन्दर्भमा भारतसँग नेपालको कहिलेकहीं कतै कुनै अफवाह देखा परे पनि नेपालमा जुनसुकै पार्टीको सरकार भए पनि नेपालले चीन तथा भारतसँग सन्तुलित तथा सुमधुर सम्बन्ध कायम राख्न सक्नुपर्छ। चीन र भारतसँगको सन्तुलित मैत्री सम्बन्ध नै नेपालको परराष्ट्र नीतिको सफलता हो।

एकजुट हुनुपर्ने बेला फुटका कुरा



■ अञ्जना अधिकारी

स्वतन्त्र, सार्वभौम र स्वाभिमानी हाम्रो नेपाल सानो छ तर शान्त र सुन्दर छ। अटल, निडर, साहसी, राष्ट्रप्रेमी र बलिदानी इतिहास बनाएका छौं हामी नेपालीले। आज सिंगो देश भारतीय नाकाबन्दीको पीडाबाट आक्रान्त बनेको बेला स्वाभिमानी छवि बनाएका हामी नेपाली पाँच महिनादेखि नाकाबन्दीको मिक्सचरमा मसला पिसिए जस्तो पिसिएका छौं।

नेपालको इतिहासमा भारतद्वारा गरिएको यो अघोषित नाकाबन्दी पहिलो होइन, ०१८ साल, ०२८ साल र ०४५ सालमा पनि नाकाबन्दी गरेको हो भारतले। आफ्ना साना छिमेकी राष्ट्रलाई सबैखाले दबदबामा सधैं राखिराख्नुपर्ने भारतको संकुचित मानसिकताको उपजको रूपमा विगतदेखि अहिलेसम्मका सबै नाकाबन्दीलाई लिन सकिन्छ। ०४५ सालको नाकाबन्दी आफ्नो स्वार्थकेन्द्रित व्यापारिक सन्धि गराउन र सदियौंसम्म नेपाललाई आफ्नो अधीनमा राख्न उसको रणनीतिक सूत्र थियो। तत्कालीन आर्थिक नाकाबन्दीले पनि नेपाली सर्वसाधारणको दैनिकी कठिन हुन थालेपछि दुवै देशको सम्बन्ध जनस्तरदेखि नै बिग्रन थालेको थियो। अहिलेको नाकाबन्दी पनि भारतले आफ्नो हेपाहा इतिहासलाई दोहोर्‍याउँदै छिमेकी राष्ट्रहरूप्रतिको उसको गलत र षड्यन्त्रकारी दृष्टिकोण छर्लंग बनाएको छ।

सार्वभौम र स्वतन्त्र नेपालको आन्तरिक राजनीतिक मामिलामा प्रत्यक्ष र लाजमर्दो तरिकाले गरिएको अति नै हस्तक्षेपकारी प्रवृत्ति हो यो। नेपालले अरू राष्ट्रसँग व्यापारिक तथा अन्य दौत्य सम्बन्ध विस्तार गरेको भारतलाई विगतदेखि नै मनपरेको छैन। ०४५ सालको आर्थिक नाकाबन्दीको भित्री प्रमुख कारण तत्कालीन राजा वीरेन्द्रले इजरायल र पाकिस्तानसँग स्थापित गरेको मित्रवत् सम्बन्ध हो। त्यस समयमा पनि तिन महिनामा नेपाललाई घुँडा टेकाउने ठहर भारतीय पक्षले गरेको थियो। आज हामी नेपालीले बुझ्नुपर्ने एउटै चुरो कुरा के छ भने चाहे त्यो ०१७ सालको नाकाबन्दी होस्, वा ०४५ सालको होस् वा अहिलेको, भारतले चाहे जुनसुकै कारण देखाएर गरेको घोषित वा अघोषित नाकाबन्दी होस्, त्यसको प्रमुख कारण नेपालले आफ्नो आत्मसम्मानको स्वतन्त्र निर्णय गर्नु, नेपालको स्वतन्त्रताप्रति अटल रहनु नेपाली सार्वभौमिकतालाई उच्च बनाइराख्न खोज्नु र आफ्नो आन्तरिक राजनीतिक मामिलामा कुनै पनि बाहिरी शक्तिलाई भूमिका खेल्न नदिन खोज्नु नै हो। ८ महिना अगाडि गएको विनाशकारी भूकम्प अनि तिन महिनादेखि जारी नाकाबन्दीमा धेरै साहसी, धैर्यवान् हाम्रा नेपाली आमाबुबा, दाजुभाइले ज्यानको नै आहुति दिइसकेका छन्। अझै कति दिने क्रममा छन्। प्रकृतिले दिएको पीडाको घाउ ओभाउन नपाउँदै राजनीतिक अधिकार प्राप्तिको आन्दोलनले दिइरहेको पीडाको घाउ प्रस्ट देखिइसकेको छ।

आमश्रमजीवी नेपालीको जीवनमा आर्थिक-सामाजिक रूपान्तरणसँगै राष्ट्रको समूल विकास र पुनर्निर्माणमा राष्ट्रिय शक्ति, राज्य आफैं, सरोकारवालाहरू, सम्बन्धित निकायहरू जोडतोडका साथ लाग्नुपर्ने यो युगान्तकारी समयको अति नै विशिष्ट घडीमा अर्को सोच्दै नसोचेको संकटमा देश फेरि एकपल्ट नराम्ररी फसेको छ। यो सुरु भयो दोस्रो संविधानसभाबाट घोषणा भएको ७ संघीय प्रदेशसहितको संविधानबाट। १२५ जाति, १२३ भाषा, ८ धर्म, विविध वेशभूषा, भाषा-संस्कृति र परम्पराको एउटा साझा सहिष्णु फुलबारीको रूपमा रहँदै आएको देशमा आज हरेक जातलाई, भाषालाई अनि हरेक धर्मलाई आफ्नो छुट्टै पहिचानपूर्ण राज्य चाहिएको छ। हिजो बाइसे चौबिसे राज्यबाट सिंगो बनेको यो देश बलभद्र कुँवरहरूले यही राष्ट्रियताका लागि नालापानीमा पानीसमेत पिउन नपाउँदा पनि अविरल रूपमा लडेको इतिहास मेटिइसकेको छ, हाम्रो मानसपटलबाट। आज २१औं शताब्दीको समुन्नत विकसित समयमा आई पुग्दा हामी सबैलाई हामीबाट 'म' चाहिएको छ। मेरो खुसी, मेरो स्वार्थ, मेरो विलासिता, सुविधा पहिलो सर्त बनेको छ।

हामीले थपक्कै भुलिसक्यौं हाम्रा लागि हाम्रा पूर्वजहरूले हाँसीहाँसी कमाएको सहिदको नाम केही जन्मजात सम्भ्रान्त आत्मकेन्द्रित व्यक्तिहरू जो तथाकथित न्यायप्रेमी हुन खोजिरहेका छन्, उनीहरूले लगाएको डढेलोमा आज सारा नेपाली, चाहे त्यो मधेसी होस् या हिमाली वा पहाडी, सबै खरानी बन्ने क्रममा छौं, देश दनदन बलिर हेछ। बलेको आगोमा ठूलो फोहोरासहित दमकलबाट पानी हालेमा आगो एकै छिनमा निभ्छ, त्यो पनि हामीलाई थाहा छ। तर, आँट र हिम्मत कसले गर्ने ? भन्नेमा एकअर्काको मुख ताकेर बसेको अवस्था छ। अब पनि मुख ताकेरै बस्ने हो भने धेरै ढिला हुने छ र पछुताउनुबाहेक हाम्रो भागमा केही बाँकी रहँदैन।

त्यसैले अब नेपालीपन, अपनत्व कताकता अनेकन 'प्रभु'को जालोमा अल्झिएर लुकेको 'हामी नेपाली, हाम्रो नेपाल' भन्ने भावनालाई जगाउने बेला आएको छ। हाम्रो जन्मभूमिको अस्तित्वको रक्षार्थ कसैको भर परेर होइन, हामी आमनेपाली, चाहे त्यो धोती-कुर्ता लगाउने होस् वा ढाका टोपी लगाउने हुन्, सबैले काँधमा काँध, हातमा हात मिलाएर हामीलाई सधैं उनीहरूको निहित स्वार्थका लागि प्रयोग गर्नेहरूलाई वास्तविक राष्ट्रप्रेमी नेपालीको परिचय दिन अपरिहार्य भइसकेको छ। विदेशी प्रभुहरूको छातामुनिको शीतलतामा आफू बसेर सदियौंदेखि आत्मा जोडेर हाँस्दा सँगै, रुँदा पनि सँगै रुँदै आएका हामी भाइबन्धुबिच षड्यन्त्रको डोरा बुन्नेहरूको पर्दाफास गर्नु जरुरी छ। अनि मात्र यो मातृभूमिको जिम्मेवारी हामीबाट पूरा हुनेछ।

नेपाली धर्तीमा बसेर, यही धर्तीकै मानोपाथी खाएर, यही धर्तीलाई छिन्नभिन्न बनाउने कुत्सित सोच यदि कसैले राख्छ भने त्यो कदापि एउटा स्वाभिमानी नेपालीलाई स्वीकार्य हुँदैन। आज ३ करोड नेपाली दाजुभाइ दिदीबहिनीको एउटै आवाज हुनु आवश्यक छ। दिन प्रतिदिन देशको अर्थतन्त्र धरापमा पर्दै गएको छ। आर्थिक उन्नतिको यात्रामा तीव्र रूपमा अगाडि बढ्नुपर्ने यो समयमा अनावश्यक जातीय द्वन्द्व र अशान्तिको कारणले देशको आधाभन्दा बढी आमदानी गर्ने तराईका महत्त्वपूर्ण सहरहरू विराटनगर, जनकपुर, वीरगञ्ज, राजविराज, जो औद्योगिक सहरका रूपमा समेत लिइन्छ, यी क्षेत्र अस्तव्यस्त अवस्थामा छन्। उद्योग, कलकारखाना ठप्पप्रायः भइसकेका छन्। राजस्व संकलनमा अर्बौंको क्षति भएको तथ्यांक पत्रपत्रिकामार्फत आइरहेका छन्। विदेशी मुद्रा भित्र्याउने नेपालको अर्को महत्त्वपूर्ण क्षेत्र पर्यटन प्रवर्द्धनमा त्यत्तिकै संकट आइरहेको छ। हजारौं सानासाना बालबालिकाको शिक्षामा त्यतिकै असर परिरहेको छ। लाखौं श्रम गरेर गुजारा चलाउने श्रमिकहरूको श्रम खोसिरहेको छ। यसका कारण उनीहरूमा आर्थिक संकट आउन थालिसकेको छ। यी सबै अवस्था सिर्जना हुनुको मूल जड भनेको नै बहुजातीय पहिचानसहितको आन्दोलन हो, जुन मधेसी मोर्चाले गरिरहेका छन्। यदि यो राष्ट्रलाई जातीय विखण्डनबाट जोगाएर एउटा सिंगो पहिचानसहितको राष्ट्र बनाउने हो भने हामी सबै सचेत नेपालीले आ-आफ्नो स्थानबाट यस्ता विखण्डनवादी प्रवृत्तिहरूलाई प्रश्रय होइन, हतोत्साहित गराउन लाग्नुपर्छ। एकता र भाइचारासहितको अपनत्व आफूमा सिर्जना गरेर मुलुकलाई दिगो शान्तितर्फ डोहोर्‍याउन पहल गर्नुपर्छ। अहिलेको यो जातीय अपमान, घृणालाई रोक्न निःस्वार्थ भावनाले एकआपसमा मिली राजनीतिक सहकार्य गर्नु सम्पूर्ण आन्दोलनकारी शक्तिहरू अनि ठूला राजनीतिक पार्टी, राज्य र सरोकारवालाहरूको अपरिहार्य दायित्व बनेको छ। विश्वव्यापीकरणको यो युगमा अब पनि हाम्रो यो देशमा राजनीतिक स्थायित्व हुन सकेन, राज्य विकासतर्फ उन्मुख हुन सकेन र विभाजनतर्फ यसरी नै बढेमा सिंगो मुलुक नै समाप्त हुने त्यो कालो दिनको नियति हामी नेपालीले भोग्नु नपर्ला भन्न सकिँदैन।

क्षमता, दक्षतासहितको राष्ट्र निर्माणमा समर्पित हुनुपर्ने ठूलो युवा जमात देशको यस्तो निराशालाग्दो अवस्थाले दिन प्रतिदिन सयौंको संख्यामा विदेश पलायन भएको हामी देखिरहेका छौं। उनीहरूलाई रोकी यदि देशको समुन्नत विकासमा उनीहरूको सिप र सम्पूर्ण क्षमता, दक्षतालाई प्रचुर मात्रामा प्रयोग गराउन प्रशस्त अवसरका ढोका खोल्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारी राज्यको काँधमा छँदै छ। यस्तो अवस्थामा बल्लबल्ल बनेको राज्यको मूल कानुन संविधानलाई नै लिएर राज्यका जिम्मेवार पक्ष संविधान सही वा गलत भन्ने पक्ष र विपक्षको वाद विवादमा उफ्रीउफ्री भाग लिन व्यस्त छन्। आश्चर्यलाग्दो कुरा त के छ भने आमजनताले बुझिसकेको तर कार्यान्वयन गराउने पक्षले बुझ्न नचाहेको जस्तो देखिने विषय भनेको हामीलाई संसारको सर्वोत्कृष्ट संविधान चाहिएको होइन, यो राष्ट्र सुहाउँदो नेपालीको मर्म र भावनालाई तुलनात्मक र अधिकतम रूपमा समेट्न सक्ने संविधान चाहिएको हो। सीमांकन, नामांकन, शक्ति बाँडफाँड जस्तो प्रमुख विवादित विषयलाई शान्तिपूर्ण वार्ताको माध्ययमबाट मिलाउनुपर्ने अतिसंवेदनशील समयमा आन्दोलनको नाममा सडकमा हिंसा भड्काउनुको कुनै तुक छैन भन्ने कुरा सबै आन्दोलनकारी पक्षले बुझ्नुपर्छ। आज सिंगो राष्ट्रको राष्ट्रियता धर्मराएको यो संक्रमणकालीन अवस्थाबाट मुलुकलाई सकुशल अवतरण गराई भावी पुस्तालाई एउटा विकसित सृजनशील, सम्पन्नताले भरिपूर्ण मुलुक जिम्मा लगाउन राज्य, राजनीतिक पार्टी, आन्दोलनकारी, सम्बन्धित निकाय सरोकारवाला र सम्पूर्ण हामी नेपालीको चुनौतीपूर्ण जिम्मेवारी भएको महसुस चाँडो भन्दा चाँडो हुनु जरुरी छ।

पाठक मत

भारतको शरणमा

नयाँ संविधान घोषणामा आफ्ना मागहरू समावेश नभएको भन्दै तराई-मधेसकेन्द्रित राजनीतिक दलले गरेको आन्दोलन र भारतले गरेको अघोषित नाकाबन्दीका कारण देश दलदलमा फसेको छ। तराई-मधेसमा आन्दोलनरत दलले सहयोग माग्न भारतका राजनीतिक दलहरूलाई गुहार्न पुग्नु दुःखदायी विषय हो। तराई-मधेस-केन्द्रित राजनीतिक दलले उठाएका माग र नेपाली कांग्रेसले राखेको संशोधन प्रस्ताव पारित भइसकेको अवस्थामा संविधान कार्यान्वयनतर्फ राजनीतिक दल लाग्नुपर्नेमा तराई-मधेसकेन्द्रित आन्दोलन राजनीतिक दल आफ्ना माग पूरा नभएको भन्दै छिमेकी मुलुक भारतका राजनीतिक दलका नेतासामु लम्पसार पर्नु कहाँसम्मको राष्ट्रियता हो ? नेपालको समस्या नेपालमै समाधान गर्ने प्रशस्त अवसर भए पनि आमनेपालीलाई दुःख दिने नियतले आन्दोलन गरिरहनु राम्रो पक्ष मान्न सकिँदैन।

तराई-मधेसकेन्द्रित दल भारतका राजनीतिक दलले गरेको कार्यक्रममा खुला रूपमा नेपालको विरोध गर्नु कुनै हालतमा पनि सही हुनै सक्दैन। नेपालको आजको धरातलीय यथार्थ र दुई देशको आधारभूत चासोविपरीत भारतका केही राज्यका नेताका तर्फबाट आएका वक्तव्यले सार्वभौम नेपालमाथि प्रहार भएकाले नेपाल सरकारले त्यसको कडा प्रतिवाद गर्दै विरोध गरिनुपर्दछ। नेपालको आन्तरिक मामिलामा भारतका नेताले हस्तक्षेप गर्नु र अभिव्यक्तिले दुई देशबिचको सुमधुर सम्बन्धमा आँच आउन सक्नेतर्फ सरकार सचेत र सतर्क हुनु अतिआवश्यक रहेको छ।

हुन त नेपाल सरकारले धरातलीय यथार्थविपरीत आएका धारणाप्रति नेपाल सरकारले खेद प्रकट गरेको छ। नेपालले गरेको खण्डनलाई सकारात्मक रूपमा लिन सकिन्छ। तराई-मधेसकेन्द्रित राजनीतिक दलले आफ्ना माग पूरा गराउन वार्ता, एकता, संवादलाई अघि बढाउनु नै उत्तम हुन्छ। अरू देशका राजनीतिक दलका नेतासँग शरण परेर समस्या समाधान हुन सक्दैन।

सार्वभौम नेपालको नागरिक भई यस्तो गतिविधिमा संलग्न हुने कसरी नेपाली नागरिक हुन सक्छ ? अन्य राजनीतिक दलका नेता पनि नेपालको समस्यालाई लिएर भारत भ्रमणमा जानु गलत रहेको तथ्य हाल खुल्दै गइरहेका छन्। जुनसुकै दलका नेता पनि भारतमा नेपालको समस्या लिएर शरण पर्नु कुनै हालतमा नागरिक धर्म हुन सक्दैन।

न्हुँछेनारायण श्रेष्ठ
काठमाडौं

प्रधानमन्त्रीलाई पत्र

सम्माननीयज्यू,

Madhesi problem is the bleeding ulcer opf the nationan, यस्तो लाग्छ कि जबसम्म यी प्रश्नहरूको हल गरिँदैन तबसम्म राष्ट्रको नैतिक स्वास्थ्य खराब हुँदै जान्छ। त्यसैले आज यो आवश्यक भइसकेको छ कि हामीले यी प्रश्नहरूको उत्तर शीघ्रताका साथ दिनुपर्ने भएको छ। हामीलाई दुःख लाग्छ कि सार्वजनिक जीवनमा जसलाई प्रमुख स्थान प्राप्त भएको छ, उहाँहरूले यस परिस्थितिलाई गम्भीर ढंगले अनुभव गरिराख्नु भएको छैन।

यही कारण हो कि राष्ट्र भयावह स्थितिबाट गुज्रिरहेको व्यहोरा सम्माननीयज्यूसमक्ष हार्दिक अनुरोध गर्दछौं। उहाँहरू वर्तमान परिस्थिति परिवर्तन गर्न आफ्नो पूरा शक्ति लगाउने र वर्तमान परिस्थिति परिवर्तन गर्न यस्तो सार्वजनिक भाषण र प्रचार गर्ने गर्छन्, जसबाट प्रतिगामी, प्रगति विरोधी शक्तिहरूलाई अप्रत्यक्ष रूपले उत्साह प्राप्त भइरहेको छ।

उहाँहरू यो कुरा बुझ्नु हुन्न कि प्रतिक्रियावादी शक्तिहरू प्रभावशाली भएर हामीलाई नयाँ जीवन पद्धति अपनाउनबाट रोक्ने छन्। तर नयाँ जीवन पद्धति अपनाउनु राष्ट्रको रक्षा र विश्व कूटनीतिक तथा राजनीतिक समन्वयका लागि अत्यन्त आवश्यक रहेको व्यहोरा सम्माननीयज्यूसमक्ष विनम्र आग्रह गर्दछौं।

यस्ता शक्ति आफ्नो राजनीतिक उद्देश्य प्राप्तिका लागि मनुष्यको बुद्धिले अपिल गर्नुको साटो परम्परागत विश्वास र रीतिरिवाजको दुहाई दिन्छन्। जनताको ज्ञानवर्द्धन नगरी उहाँहरू त्यसमा मतिभ्रम फैलाउने चेष्टा गर्नुहुन्छ। यस किसिमको अपिल एउटा प्रतिगामी नारा बनेर रहन्छ। राष्ट्रियता र प्रजातन्त्र मजबुत गर्न यसको कुनै मद्दत मिल्दैन। यस नयाँ परिस्थितिको सामना हामी त्यतिबेला मात्र गर्न सक्छौं जब हामीमा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिमैत्री भाव हुन्छ, जुन हाम्रो राजनैतिक संस्कृतिको विशेषता हो। संक्षेपमा, यदि कुनै प्रकारको जनआन्दोलन प्रजातन्त्र र राष्ट्रियताको आधारमा गरिन्छ भने हामीले राजनीतिमा भौगोलिक स्थितिको भोगौलिक र साम्प्रदायिक हस्तक्षेप रोक्नै पर्छ। साथै यस प्रकारको साम्प्रदायिक तथा भौगोलिक हस्तक्षेप अन्तर्राष्ट्रिय महत्त्वको विषय नभएको हुनाले अन्तर्राष्ट्रिय जगतलाई सो विषयप्रति अनुरोध गर्दै त्यहाँबाट समर्थनका लागि अपिल गरिदिनु हुनका लागि पनि सम्माननीयज्यूसमक्ष विनम्र आग्रह गर्दछौं।

पवनलाल श्रीवास्तव
अध्यक्ष, राष्ट्रिय बौद्धिक केन्द्र

शोषणमा निजी विद्यालयका शिक्षक



■ विनोद शर्मा

श्रमिक विकासका आधारका सूचक हुन्। तिनै श्रमिकको श्रमबाट प्रत्येक क्षेत्र अघि बढ्छ। अझ उनीहरूको मिहिनेत, सिप र क्षमताबाट औद्योगिक क्षेत्रलगायत अन्य क्षेत्रमा ज्ञान र सिपको वृद्धि हुन्छ भने समुन्नत समाजको निर्माणका आधार बढ्छन्। तर, नेपाल यस्तो एउटा लोकतान्त्रिक देश बनेको छ, जहाँ श्रमिकको उपेक्षा गरिन्छ। श्रमिकलाई तल्लो दर्जाको रूपमा लिइन्छ। ती वर्गको श्रम लुटिन्छ, त्यसपछि ती वर्गलाई देशका सक्षम नागरिक भन्न पनि रुचाइन्न। यसरी हेर्दा लोकतन्त्र भनेको हात्तीको देखाउने दाँतको रूपमा मात्र रहेको र चपाउने वास्तविक दाँतचाहिँ लुटतन्त्रको रूपमा रहेको छ। राणाकालमा राज्य सञ्चालन गर्दा आफ्नो अनुकूल नीति र ऐन बनाई श्रमिक, गरिब र राज्यलाई लुट्थे। त्यसैगरी लोकतन्त्रमा पनि त्यस्तै कानुन बनाई श्रमिकलाई लुट्न सिकाइएको छ। कालो कानुनको निर्माण गरिएको छ। त्यही कानुनको संरक्षणकर्तालाई संविधान निर्माणको दायित्व दिइएको छ। के यसले जनताका लागि, श्रमिकका लागि साथ दिने कानुन बन्ला ? के श्रमिकमाथि जस्ता ऐन, नियमावली बने पनि यसका लागि आवाज बुलन्द गर्ने पार्टी, मानवअधिकारवादी, त्यस्ता संस्था के नेपालमा नभएकै हुन् त ? यस्तैयस्तै भएको छ नेपालमा अहिलेको शिक्षा ऐनमा, जुन शिक्षा ऐन ०६६ मा परिवर्तन गरियो। त्यस ऐनसँग सम्बन्धित श्रमिक त्यो ऐनको सिकार भएका छन्।

नेपालमा दुई किसिमको शिक्षा सञ्चालनमा रहेको छ, सरकारी शिक्षा र निजी वा संस्थागत। सरकारी शिक्षा राजनीतिक आडमा सञ्चालित भए पनि सम्पूर्ण सेवा र सुविधा प्राप्त भएको छ भने निजी वा संस्थागतमा चाहिँ देखावटी रूपमा र गोप्य रूपमा रहेको छ। त्यही पद्धतिभित्र कानुन पनि देखावटी छ, जुन यस प्रकार छ।

उल्लिखित ऐनको दफा (१०५) मा संस्थागत विद्यालयले नेपाल सरकारले तोकेबमोजिम तलब स्केल दिनुपर्ने छ भनेको छ। त्यस्तै, अन्य सेवासुविधा प्रचलित नियम बनाई दिनुपर्नेछ भनिएको छ। तर, यही कुरालाई दफा १२८ र १२९ मा 'माथि जे लेखिए पनि सो नियम लागू हुनेछैन' भनी यस्ता नियम बनाई श्रमिक लुट्न सिकाइएको छ भने कारबाहीका पूर्ण दफा हटाइएको छ र पानीमाथिको ओभानो बनाइएको छ। कानुन, नीति, नियम केही पनि नभएको अवस्था सिर्जना गरी लुट्न सिकाइएको छ।

शारीरिक क्षमतामा उनीहरू सक्षम र सबल हुने, तिनीहरूले पढाएका विद्यार्थीको प्रशंसा हुने, तिनै शिक्षकलाई दोस्रो दर्जाको रूपमा हेर्ने कालो कानुन बनाई लुट्न सिकाउने के यो सही राज्य हो ? के यो लोकतान्त्रिक अधिकार हो। पंक्तिकार ०४८ सालदेखि बनेपाको बालबाटिका विद्या मन्दिर विद्यालयमा अध्ययन गराउने कार्य गर्दै आएको थियो। त्यहाँ न्यून तलब दिने, जसमा सरकारी सेवा वा भनौं शिक्षा नियमावलीभित्रका कुनै कुरा थिएनन्। शिक्षकसँग सञ्चय कोषका लागि भनेर रकम काटिए पनि सो विद्यालयले गुमनाम राख्यो। यसकाबारे शिक्षकले आवाज उठाउँदा धेरै शिक्षकलाई निकालियो। '२० वर्ष लुट्दा पनि अघाएन सेवक परिवार' शीर्षकमा राष्ट्रचक्रमा र 'शिक्षकमाथि निजी विद्यालयको दृष्टिकोण' प्रभातफेरीमा प्रकाशन गरें तर पनि कुनै पक्षबाट श्रमिकका लागि आवाज उठाउने काम भएन।

यस्ता घटना सार्वजनिक हुँदा न कुनै सुनुवाइ हुने ठाउँ छन्, न कतै उनीहरूका आवाजलाई सार्वजनिक गर्ने पक्ष नै। त्यस्तैत्यस्तै घटना सार्वजनिक गर्ने उद्देश्य र सो कर्तुतको सार्वजनिक गर्दै सो संस्थालाई कारबाही गराउन शिक्षकसँग सम्बन्धित भएकाले शिक्षा कार्यालय धुलिखेल गएँ। शिक्षा कार्यालयले विभिन्न बहाना बनाई नियुक्तिपत्र खोइ ? लगायत प्रश्न गरी दर्ता गर्न मानेन। किनकि, त्यो उनीहरूको चरन क्षेत्र थियो। त्यसपछि जिल्ला प्रशासन कार्यालयमा दर्ता नं. ९३ मा कारबाहीका लागि पेस गरें।

जिल्ला प्रशासन कार्यालयले शिक्षा कार्यालयलाई च.नं. २२९ मा एक उच्चस्तरीय समिति गठन गरी सम्पूर्ण माग भएअनुरूप कागजपत्र उपलब्ध गराउन आदेश दिँदा शिक्षा कार्यालय बहिरो बनिदियो। त्यसपछि कारबाहीको प्रक्रिया अघि बढाउन कार्यालय टेकुमा दर्ता नं. १४१५ मा उजुरी दर्ता गराएँ। सो कार्यालयले पनि सोही कालो कानुन दफा नं. १२८ र १२९ लाई टेकी हराएको फैसला सुनायो। श्रमिकमाथिको अत्याचार र शोषण मलजल गराउने लोकतान्त्रिक पद्धतिभित्र लुटतन्त्र मौलाउँदै गएको पुष्टि गर्दै श्रमिक झन् शोषित र पीडित बनाइयो।

देखावटी नियमावलीमा सरकारीसरह सेवासुविधा दिनुपर्छ भनिए पनि न्यून तलब दिन्थ्यो भने अन्य सेवा सुविधा त एकादेशका कुरा थिए। लेखापरीक्षण गर्दा र राजस्व बुझाउँदा चाहिँ शिक्षकलाई सरकारीसरह तलब खुवाएको देखाई दुई नम्बरी काम हुन्थ्यो। सोको जानकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गराई कारबाहीको माग उजुरी पेस गर्दा पनि कुनै कारबाही हुँदो रहेनछ, कस्तो अचम्मको लोकतन्त्र हो यो ?

म्यानमारमा संसद् अधिवेशन सुरु

एजेन्सी
म्यानमार, २० माघ

म्यानमारमा नयां निर्वाचित संसदको पहिलो अधिवेशन बुधवारबाट सुरु भएको छ । गत नोभेम्बरमा निर्वाचित संसदको यो पहिलो अधिवेशन हो । म्यानमारको संविधानमा एक संसदको निर्वाचन भएपछि त्यसले तिन महिनापछि मात्र कार्यभार सुरु गर्ने प्रावधान रहेको छ ।

म्यानमारमा गत ८ नोभेम्बरमा आमनिर्वाचन सम्पन्न भएको थियो । प्रजातन्त्रवादी नेतृ आङ सान सुकीको दल नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) ले गत सो आमनिर्वाचनमा अत्यधिक बहुमत ल्याएको थियो ।

सोही दल गत सोमवारदेखि संसद् प्रवेश गरेको हो । म्यानमारको सबैभन्दा ठुलो दलको कार्यभार सो दलले सोमवारबाट थालेको बताइएको थियो ।

करिव तिन महिनापछि मात्र म्यानमारको नवनिर्वाचित संसद्को अधिवेशन सुरु भएको म्यानमारबाट प्राप्त समाचारमा जनाइएको छ । पहिलो संसद् अधिवेशनको अध्यक्षता एनएलडीका युजोन ललहताले गरेका छन् । आमनिर्वाचनमा एनएलडीले २ सय ३३ सिटमा बहुमत हासिल गरेको थियो ।

म्यानमारको सैनिक सहयोगको सरकार एवं पूर्वसैनिक जर्नेलहरूको वाहुल्यमा रहेको राजनीतिक प्रणालीमा सुकीजस्तो प्रजातान्त्रिक दलले गरेको विजयका कारण म्यानमारको राजनीतिमा नयां विहानी उदाउने अपेक्षा गरिएको छ ।

संसद्को माथिल्लो सदनको नियमित बैठकमा बुधवार सहभागी हुने क्रममा म्यानमारकी विपक्षी नेतृ आङ साङ सुकी ।
तस्बिर : एपी/रासस

म्यानमारको सैनिक सहयोगको सरकारको नेतृत्वले गरेको सो निर्वाचनपछि सहजै शक्ति हस्तान्तरणवारे नागरिकमा आशंका रहेको थियो ।

तर संसद्को अधिवेशन नै सुरु भएपछि भने सरकारले सजिलै शक्ति हस्तान्तरण गर्ने भएको देखिएको बताइएको छ ।

यसअघि सुकीको दल नेसनल लिग फर डेमोक्रचासीले गत नोभेम्बरमा भएको आमनिर्वाचनमा अत्यधिक बहुमत ल्याएको थियो । सुकीको पार्टी सांसदहरू सुन्तला रङको पोसाकमा सोमवार पहिलो पटक संसद प्रवेश गरेका थिए ।

त्यस घटनालाई म्यानमारका विज्ञहरूले वडो महत्त्वका साथ लिएका छन् । गत नोभेम्बरमा सम्पन्न आमनिर्वाचनमा सुकीको दलले स्पष्ट वहुमत हासिल गरेको थियो । त्यसयता सोमवार मात्र म्यानमारको नवनिर्वाचित संसद्को अधिवेशन सुरु हुन लागेको हो ।

जिका भाइरस यौन सम्पर्कबाट सरेको पुष्टि

एजेन्सी
न्यूयोर्क, २० माघ

पछिल्लो समयमा महमारीको रूप लिएको जिका भाइरस यौन सम्पर्कबाट सर्ने गरेको एउटा दुर्लभ घटना अमेरिकामा फेला परेको छ । डल्लासका एक जना जिका संक्रमित व्यक्तिसँगको यौन सम्पर्कबाट सरेको अमेरिकी रोग नियन्त्रण केन्द्रले जनाएको छ ।

सो व्यक्ति संक्रमित क्षेत्रमा पुगेको तर उसको पार्टनर भेनेजुयलाबाट फर्किएको बताइन्छ । जिका भाइरसलाई लामखुट्टेले सार्ने र यसका कारण हजारौं शिशु अविकसित दिमागसहित जन्मिने गरेको बताइन्छ ।

अहिले सम्म स्वास्थ्य अधिकारीहरूले यो रोग यौन सम्पर्कबाट सर्नेमा विरले सम्भावना भएको दावी गरेका थिए । तर, जिकाको विस्फोटक महामारीले विश्वलाई नै चिन्तित बनाएको छ भने धेरै प्रश्नलाई अनुत्तरित बनाएको छ । वास्तवमा यौन सम्पर्कबाट सर्ने कतिको जोखिम छ ? वीर्यमा कति लामो समय यो भाइरस रहन्छ ? संक्रमण देखिएपछि कति समयपछि मात्र यौन सम्पर्क गर्न सुरक्षित हुन्छ ? यस्ता प्रश्न अझै अनुत्तरित छन् ।

विश्व स्वास्थ्य संगठनले विश्वव्यापीमा आपत्कालीन सार्वजनिक स्वास्थ्यको घोषणा गरिसकेको छ । यसैबिच, जिका प्रभावित क्षेत्रबाट फर्किएका सम्भावित रगतदातालाई चार सातापछि मात्र रगत दिन अमेरिकी रेडक्रसले आग्रह गरेको छ । मेक्सिको, क्यारिबियन, मध्य तथा दक्षिण अमेरिकाबाट फर्किएका मानिसले यस्तो साबधानी अप्नाउनुपर्ने रेडक्रसले एक विज्ञप्तिमार्फत जनाएको छ ।

साउदी अरेबीयामा रोजगार

१. कम्पनी : AL NILE CLOTHS & CARPET LAUNDRY — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/२० — चलानी नं. : ९५०२ — LT. No. 148321

क्र.	कामदारको पद	मात्रा	मासिक तलब	खाना	ओभर टाइम	प्रतिदिन काम	हप्ताका काम	मासिक खाने	बस	कपडा
1	WASHING AND IRONING LABOUR	02	1200	33,600	कम्पनीको आफ्नो खर्च	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	छ	छ

महीनाका सीमे दि बोइकाट	रोजगार कम्पनीले बोइकाट	महीनाका सीमे दिया बुझे	रोजगारबाट दिया	हवाई टिकट कसले	दिया भुक्त कसले	सेवा शुल्क
कामदार आफै	दिये	कामदार आफै	हुने रोजगार दाता कम्पनीले	दिनुपर्छ	दिनुपर्छ	५००००

वैदेशिक रोजगार विभागबाट माइंदेको जानकारी :- १. आफ्नो नाममा लिया प्राप्त भईसकेपछि निर्दिष्ट आएपछि काम कम्पनीसँगै गई रहन बुझाउनु होला । २. बुझाउनको रकमको सीमा अधिकतम तिनुपर्दछ । ३. आफू काम गर्न जाने मुलुकका गोरो सेफारी कुटनीतिक निवोदनको कागज ट्रेसमा र भोल नमकारन कागजा राखुहोला । आफू कर्टिनाइका पर्दा कागज गर्न सकिनी हुन्छ । ६. यस विज्ञापन (कार्यसूचना) उल्लेखभएको भन्दा बढी रकम कमैलाई माँगिएमा । ५. विदेश जान अघि अनिवार्यविकरण वा हस्ताक्षर तालिम अनिवार्य लिइसकेपछि । ६. विदेश जानुअघि आफूलाई मुलुक, काम दिने कम्पनी, बसुने ठेगाना, सुविधा र काम कामको राम्रो गोरोबारे कम्पनीलाइ हस्ताक्षर गराइहोला । सोधी १. तलब प्रति आफूलाई राख्नुहोला । ६. कागजमा दिईको जोइ सेफारकी राम्रोसँग पढेर राख्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपर्ने भएमा तल लेखा रोजगार प्रवद्धन विभाग, कार्यालयमा सम्पर्क राख्नुहोला ।

METTA INTERNATIONAL PVT. LTD.
Airport-09, Manpower Bazar, Kathmandu.
Tel : 4112976, 4112977, Fax: +977 1 4112978.
E-mail: info@mettain.com, mettainternational@gmail.com,
Web: www.mettaint.com
METTA INT'(P) LTD.

प्योङयाङको रकेट परीक्षणको योजनाप्रति चीनको चासो

एजेन्सी
बेइजिङ, २० माघ

उत्तर कोरियाले गर्ने भनेको रकेट परीक्षणको योजनाप्रति चीनले गम्भीर चासो जनाएको छ ।

चीनले बुधवार सो चासो व्यक्त गरेको हो । उत्तर कोरियाले यस्तो रकेट अन्तरिक्षमा नै पठाउने योजना बनाएको बताइएको थियो ।

नियमित पत्रकार भेटघाटका क्रममा चीनको विदेश मन्त्रालयका प्रवक्ता लु काङले वेइजिङमा भने, 'हामी उत्तर कोरियाको यो योजनाप्रति गम्भीर छौं ।'

उत्तर कोरियाले कसैलाई असर नपर्ने गरी यस्ता परीक्षण गर्न पाउने अधिकार भए पनि अन्तरिक्षमा कुनै प्रकारको असुरक्षा उत्पन्न गर्न नपाइने उनले बताए ।

उत्तर कोरियाले अन्तरिक्षको शान्तिपूर्ण प्रयोग गर्न पाउने अधिकार भए पनि यसको दुरूपयोग गर्न नपाउने र यसरी गरिएको दुरूपयोग संयुक्त राष्ट्रसंघीय शान्तिसम्बन्धी प्रस्तावविरुद्ध भएको पनि उनले बताए ।

गत महिना मात्र हाइड्रोजन बमको परीक्षण गरेको उत्तर कोरियाले हाले मात्र अन्तरिक्षमा नै रकेट परीक्षण गर्ने धम्की दिंदै आएको छ ।

उत्तरको यो धम्कीको विश्वकै नेताहरूले विरोध गरिरहेका बेला चीनले पनि यसको विरोध गरेको समाचारमा जनाइएको छ ।

हिमपहिरोमा १० जवान बेपत्ता

नयाँ दिल्ली/ एजेन्सी- जम्मु कास्मिरको उत्तरी क्षेत्रमा आएको हिमपहिरोमा परी कम्तीमा पनि १० भारतीय जवान हराइरहेका छन् । करिव ५८ सय मिटर उचाइमा रहेको एउटा हिमनदीमा गस्तीमा रहेका सिपाहीहरू हिमपहिरोमा परेको कर्णेल एसडी गोस्वामीले बताए ।

'बुधवार विहान सवैरै उत्तरी सियाचेन हिमनदीमा गस्तीका क्रममा हिमपहिरो जांदा १० सिपाही प्रभावित भएका छन्,' गोस्वामीले बताए ।

वेपत्ता सिपाहीको उद्धारका लागि सेना र हवाई फौज परिचालन गरिएको भारतको अनलाइन संस्करण द टाइम्स अफ इन्डियाले जनाएको छ ।

जाडो मौसममा हिमपहिरो र पहिरो सामान्य घटना हुन् । यस मौसममा त्यहाँ माइनस ६० डिग्री सेल्सियसमम झर्ने गर्छ ।

एप्पललाई उछिन्दै अल्फाबेटा विश्व उत्कृष्ट

सन फ्रान्सिस्को/एजेन्सी- अमेरिकी कम्पनी अल्फाबेटा इन्कपोरेटेड यसअघिको एप्पल कम्पनीको कीर्तिमानलाई उछिन्दै विश्व उत्कृष्ट वन्न सफल भएको अल्फाबेटाले जनाएको छ ।

अल्फाबेटाले आफ्नो पछिल्लो त्रैमासिक नाफा ५ प्रतिशतले वढेको जनाउँदै वर्तमान अवस्थामा सो कम्पनीको मूल्य ५ सय ७८ अर्व अमेरिकी डलर पुगेको बताएको छ । प्रतिद्वन्द्वी कम्पनी एप्पलको यो त्रैमासिक कारोवारपछि मूल्य ५ सय ३५ अर्व अमेरिकी डलर कायम छ ।

अल्फावेटाको कीर्तिमानसँगै यसको सेयर मूल्यमा समेत वृद्धि भएको र यस कम्पनीका लगानीकर्ता पनि उत्साहित बनेका छन् ।

माइक्रोसफ्ट कम्पनीवाट सन् २०१० मा एप्पलले लिएको कीर्तिमान ६ वर्षको अन्तरालमै अल्फावेटाले कब्जा गर्न सफल हुनुमा अल्फावेटाको वजार व्यवस्थापन नै महत्त्वपूर्ण भएको जोस ओसलानका विश्लेषक एड वार्ड जोन्सले वताए ।

वर्गीकृत डिस्प्ले

राहदानी हरायो
मिति २०७२/८/१८ गते लगनखेलदेखि जावलाखेलसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुंदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : रामशरण महत
राहदानी नं.: ०५९५४९०९
ठेगाना : चितवन-३, बछौली
सम्पर्क: ९८६०३०९३७५

कम्पनी बिक्रीमा
८ वर्ष पुरानो एक प्रतिष्ठित कम्पनी बिक्रीमा ।
सम्पर्क :
९८४१११३५८५

राहदानी हरायो
मिति २०७२ साल पौष २९ गते कोटेश्वर देखि माइतिघर सम्म जांदा मेरो निम्न व्यहोराको राहदानी हराएको हुंदा पाउनुहुने महानुभावले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा बुझाईदिनुहुन अनुरोध गर्दछु ।
नाम : जुल्न राई
राहदानी नं. : ०७४०९०७८
ठेगाना: बीराबाध -६,कसेनी मोरङ

वर्गीकृत डिस्प्ले २५० वर्गीकृत विज्ञापन प्रति शब्द रु ५/-

वर्गीकृत डिस्प्लेको लागि हरेक दिन सम्पर्क : ५५४६३००
E-mail :- rajdhani_marketing yahoo.com/rajdhanimarketing76@gmail.com

दुबईमा रोजगार

१. कम्पनी : ABU DHABI CONSTRUCTION COMPANY LLC — शहर : Abu Dhabi
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ — चलानी नं. : ९२७८ — LT. No. 152318

क्र.	कामदारको पद	मात्रा	मासिक तलब	खाना	ओभर टाइम	प्रतिदिन काम	हप्ताका काम	मासिक खाने	बस	कपडा
1	SCAFFOLD LABOR	25	1150	33,350	कम्पनीको आफ्नो खर्च	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	छ	छ
2	Scaffolder labour with CITB Certificates	25	1600	46,400						

महीनाका सीमे दि बोइकाट	रोजगार कम्पनीले बोइकाट	महीनाका सीमे दिया बुझे	रोजगारबाट दिया	हवाई टिकट कसले	दिया भुक्त कसले	सेवा शुल्क
कामदार आफै	दिये	कामदार आफै	हुने रोजगार दाता कम्पनीले	दिनुपर्छ	दिनुपर्छ	कम्पनीले दिने

वैदेशिक रोजगार विभागबाट माइंदेको जानकारी :- १. आफ्नो नाममा लिया प्राप्त भईसकेपछि निर्दिष्ट आएपछि काम कम्पनीसँगै गई रहन बुझाउनु होला । बुझाउनको रकमको सीमा अधिकतम तिनुपर्दछ । ३. आफू काम गर्न जाने मुलुकका गोरो सेफारी कुटनीतिक निवोदनको कागज ट्रेसमा र भोल नमकारन कागजा राखुहोला । आफू कर्टिनाइका पर्दा कागज गर्न सकिनी हुन्छ । ६. यस विज्ञापन (कार्यसूचना) उल्लेखभएको भन्दा बढी रकम कमैलाई माँगिएमा । ५. विदेश जान अघि अनिवार्यविकरण वा हस्ताक्षर तालिम अनिवार्य लिइसकेपछि । ६. विदेश जानुअघि आफूलाई मुलुक, काम दिने कम्पनी, बसुने ठेगाना, सुविधा र काम कामको राम्रो गोरोबारे कम्पनीलाइ हस्ताक्षर गराइहोला । सोधी १. तलब प्रति आफूलाई राख्नुहोला । ६. कागजमा दिईको जोइ सेफारकी राम्रोसँग पढेर राख्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपर्ने भएमा तल लेखा रोजगार प्रवद्धन विभाग, कार्यालयमा सम्पर्क राख्नुहोला ।

PIONEER OVERSEAS SERVICES PVT. LTD
Govt. Lic. No.:184/057/058, GOP Box:21120, Baluwatar, ktm, Nepal.
Tel: 4433203, 4424946, 4439874, Fax :977-1-4428750,
Email: pos@mos.com.np, Web : www.poineeroverseas.com

कतारमा रोजगार

1 Company : AL SULTHAN BIRYANI
पूर्व स्वीकृती मिति : २०७२/१०/१८ — चलानी नं. : ९१४३ — LT. No.: 151840 — कुल लागत : १०००००

क्र.	कामदारको पद	मात्रा	मासिक तलब	खाना	ओभर टाइम	प्रतिदिन काम	हप्ताका काम	मासिक खाने	बस	कपडा
1	Waiter	02	1400	40,600	कम्पनीको आफ्नो खर्च	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	छ	छ

महीनाका सीमे दि बोइकाट	रोजगार कम्पनीले बोइकाट	महीनाका सीमे दिया बुझे	रोजगारबाट दिया	हवाई टिकट कसले	दिया भुक्त कसले	सेवा शुल्क
कामदार आफै	दिये	कामदार आफै	हुने रोजगार दाता कम्पनीले	दिनुपर्छ	दिनुपर्छ	१०००००

वैदेशिक रोजगार विभागबाट माइंदेको जानकारी :- १. आफ्नो नाममा लिया प्राप्त भईसकेपछि निर्दिष्ट आएपछि काम कम्पनीसँगै गई रहन बुझाउनु होला । बुझाउनको रकमको सीमा अधिकतम तिनुपर्दछ । ३. आफू काम गर्न जाने मुलुकका गोरो सेफारी कुटनीतिक निवोदनको कागज ट्रेसमा र भोल नमकारन कागजा राखुहोला । आफू कर्टिनाइका पर्दा कागज गर्न सकिनी हुन्छ । ६. यस विज्ञापन (कार्यसूचना) उल्लेखभएको भन्दा बढी रकम कमैलाई माँगिएमा । ५. विदेश जान अघि अनिवार्यविकरण वा हस्ताक्षर तालिम अनिवार्य लिइसकेपछि । ६. विदेश जानुअघि आफूलाई मुलुक, काम दिने कम्पनी, बसुने ठेगाना, सुविधा र काम कामको राम्रो गोरोबारे कम्पनीलाइ हस्ताक्षर गराइहोला । सोधी १. तलब प्रति आफूलाई राख्नुहोला । ६. कागजमा दिईको जोइ सेफारकी राम्रोसँग पढेर राख्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपर्ने भएमा तल लेखा रोजगार प्रवद्धन विभाग, कार्यालयमा सम्पर्क राख्नुहोला ।

DYNAMIC GLOBAL H.R. PVT. LTD.
Job Center Pvt. Ltd. (श्रम इजाजत नं. ७३९/०६४/०६५)
PO Box No 6322 Dhapasi-9 Basundhara, Katmandu, Nepal , Ph 014352329, 4355271, Fax 01 4363602, Mob No.: 9849590512, 9813781116, 9813182721, 9841297214, 9841550607,
E-Mail:-hr.dynamicglobal@gmail.com,document.dynamicghr@gmail.com
Website:- www.dynamicglobalhr.com

हार्दिक श्रद्धाञ्जली

स्व. सुरेश प्रसाद मुडभरी
जन्म: २०१२ श्रावण २५ गते
स्वर्गारोहण:२०७२ माघ ९ गते

स्व. शशी मुडभरी
जन्म: २०१२ भाद्र १३ गते
स्वर्गारोहण: २०७२ माघ १४ गते

फ्रेण्ड्स क्बल कोपुण्डोलका **संस्थापक सदस्य सुरेश प्रसाद मुडभरी** दम्पतीको असामयिक स्वार्गारोहण भएकोमा हामी मर्माहत भएको छौं । उहाँहरुको स्वार्गारोहणको १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माप्रति चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोक सन्तप्त परिवारजनमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौ ।

अध्यक्ष
रत्नशम्शेर राणा तथा
फ्रेण्ड्स क्लब कोपुण्डोल
परिवार

सुन-चाँदी

छापावाल प्रतितोला	- रु.५१,७००/-
तेजाबी प्रतितोला	- रु.५१,४५०-
चाँदी प्रतितोला	- रु.६९०/-

अर्थ

कोरियामा अवैध कामदार नियन्त्रणको प्रयास

पुनः कोरिया जाने परीक्षा १३ फागुनमा

मधुजंग पाण्डे / राजधानी
काठमाडौं, २० माघ

पुनः दक्षिण कोरिया जाने नेपाली कामदारका लागि लिइने विशेष परीक्षा आगामी १३ फागुनमा हुने भएको छ। रोजगार अनुमति प्रणाली (ईपीएस) मार्फत वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य दक्षिण कोरियामा एक पटक काम गरेर फर्किएका नेपाली कामलाई पुनः त्यहां पठाउन ईपीएस कोरिया शाखाले विशेष परीक्षा सञ्चालन गर्न लागेको हो। अहिले दैनिक रूपमा दक्षिण कोरियामा अवैधानिक रूपमा कामदार बस्नेक्रम बढेपछि त्यसलाई न्यूनीकरण गर्न श्रम तथा रोजगार मन्त्रालय अन्तर्गतको ईपीएस कोरिया शाखाले यस्तो प्रयास थालेको हो।

एक पटक वसी राम्रोसंग काम सम्पन्न गरेर फर्किएका नेपाली कामदारलाई पुनः कोरिया जाने अवसर दिलाउनका लागि कम्पुटरमा आधारित विशेष परीक्षा सञ्चालन गर्न लागिएको ईपीएर कोरिया शाखाले जनाएको छ। सो परीक्षामा पास हुनेबित्तिकै पहिला काम गरेको रोजगारदाता कम्पनीले बोलाएमा तुरुन्त जान पाइने छ। यसवाहेक दक्षिण कोरियास्थित नयां रोजगारदाता कम्पनीमा जाने अवसर पनि मिल्ने बताइएको छ। कोरियामा काम गरेर बस्ने वैधानिक अवधि सकिएपछि घर फिर्ता हुन प्रोत्साहित गर्ने उद्देश्यले रोजगारदाता मुलुकको संयोजनमा ईपीएस कोरिया शाखाले विशेष परीक्षा लिन लागेको हो।

कम्प्युटरमा आधारित विशेष परीक्षा आगामी १३ फागुनमा हुने भएको छ। जसका लागि बुधबारदेखि नै आवेदन फारम वितरण थालिएको र फाराम वितरण कार्य आगामी शुक्रवारसम्म गरिने सो शाखाले जनाएको छ। त्यहांको काम गरेर फर्किएको ६ महिना अवधि पुरा भएकोले यस परीक्षामा सामेल हुन र पुनः जाने अवसर पाउने छन्। सो शाखाका अनुसार विगतका वर्षमा पनि यस्तो परीक्षा सञ्चालन भइसकेको छ। विशेष परीक्षामार्फत हालसम्म काम गरेर फर्केका २ हजार युवा पुनः दक्षिण कोरिया गइसकेका छन्। हाल कोरियामा काम गरेर फर्केका ४ हजारदेखि ५ हजार जना नेपाली कामदार अहिले नेपालमै रहेको अनुमान गरिएको छ। उनीहरूलाई लक्षित गरी सरकारले अहिले यस्तो विशेष परीक्षा गर्न लागेको हो। एकपटक तोकिएको अवधि पुरा गरेर कोरियाबाट फर्किएका अधिकांश कामदार यो परीक्षामार्फत पुनः जाने ईपीएस कोरिया शाखाले जनाएको छ। यसअघि सञ्चालन गरिएका विशेष परीक्षामार्फत नेपाल आएकामध्ये ९५ प्रतिशत कामदार पुनः दोहोऱ्याएर सोही ठाउंमा काम गर्न कोरिया गइसकेका छन्। यस पटकको विशेष परीक्षामा पास हुनेमध्ये पनि अधिकांश जाने अनुमान सो शाखाको छ।

ईपीएस कोरिया शाखाका प्रमुख डिल्लीराम वास्तोलाले कोरियामा रहेका अवैध कामदार निरुत्साहित गर्ने उद्देश्यले फर्किएकालाई पुनः त्यहां जान दिने अवसरका लागि यो शाखाले कम्प्युटरमा आधारित विशेष परीक्षा सञ्चालन गर्न लागिएको जानकारी दिए। गत वैशाखमा गएको विनाशकारी भुकम्प र नाकाबन्दीका कारण दक्षिण कोरियामा गैरकानुनी रूपमा नेपाली कामदार लुकिछिपी बस्ने क्रम बढेको सम्बन्धित सरोकारवालाको भनाइ छ। हाल दक्षिण कोरियामा बस्ने गैरकानुनी कामदारको संख्या करिब ५ प्रतिशत नागेको अनुमान गरिएको छ। त्यहां कार्यरत कुल नेपाली कामदार मध्ये अवैधको संख्या ५ प्रतिशत नाघ्ने वित्तिकै दक्षिण कोरियाले कडा आपत्ति जनाउंदै कामदार लिन बन्द गर्ने चेतावनी दिने गरेको छ।

हाल दक्षिण कोरियामा करिब ३४ हजार नेपालीले काम गरिरहेका छन्। जसमध्ये ५प्रतिशत एवं १ हजार ७ सय जना कामदार अवैध रहेको अनुमान छ। अवैधको संख्या घटाउन कोरियाले नेपाललाई वारम्वार दवाव दिने गरेको छ। अवैध न्यूनीकरण नगरे त्यस्ता मुलुकवाट कामदार लिन नै रोक्नसक्ने कदम कोरियाले चाल्ने छ। एकपटक गएका कामदार ४ वर्ष १० महिनासम्म वस्न पाउंछन्। यसभन्दा वढी अवधि वसे स्वतः अवैध हुने प्रावधान छ। दक्षिण कोरियाले अहिले नेपालसहित विभिन्न १५ ओटा मुलुकवाट विदेशी कामदार लिने गरेको छ। नेपाली कामदार कोरियाली रोजगारदाताको रोजाइमा पर्दै आएको ईपीएस शाखाले जनाएको छ। कोरियामा ईपीएस (रोजगार अनुमति प्रणाली) मार्फत मात्र प्रशिक्षार्थी कामदार पठाउन पाइन्छ।

न्यादी हाइड्रोको वित्तीय व्यवस्थापन

काठमाडौं / रास- न्यादी हाइड्रोपावर कम्पनीले निर्माण गर्न लागेको न्यादी जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको छ।

बुटवल पावर कम्पनीको सहायक कम्पनी न्यादीमार्फत वनाउन लागेको ३० मेगावाटको न्यादी आयोजनाका लागि एमरेष्ट बैंकको अगुवाईमा पांचओटा बैंक तथा जलविद्युत लगानी तथा विकास कम्पनीमार्फत वित्तिय व्यवस्थापन भएको हो।

पांच बैंक तथा कम्पनीले आयोजना निर्माणका लागि ४ अर्व ४० करोड रुपैयां ऋण लगानी गर्नेछन्।

'सुरुङमार्गको काम जारी छ'

राजधानी समाचारदाता
काठमाडौं, २० माघ

नेपाल पूर्वाधार विकास कम्पनीले काठमाडौं-कुलेखानी-हेटौंडा सुरुङमार्ग परियोजना वनाउने सन्दर्भमा केही विशेष कारणले गर्दा ढिलाइ भएको भए पनि परियोजना सम्पन्न हुने गरी काम अघिवढिरहेको जनाएको छ।

पछिल्लो समयमा विकसित घटनाक्रमको सन्दर्भ उल्लेख गर्दै कम्पनीले यस सन्दर्भमा कुनैपनि भ्रममा नपर्न लगानीकर्ता, सञ्चारकर्मी तथा सम्वद्ध सरोकारवाला पक्षसंग आग्रह गरेको छ। विगत केही दिनयता नेपाल पूर्वाधार विकास कम्पनीका सञ्चालक सेयरधनी सदस्य सभासद सुभासचन्द्र ठकुरी र कम्पनीमा कुनै पनि लगानी नरहेका विज्ञ सञ्चालक तथा उपाध्यक्षका रूपमा बोर्डवाट नियुक्ति पाएका लालकृष्ण केसीले कम्पनीवाट तलवभत्ता खाईपिई आएका पूर्वसञ्चालक तथा हालका एरिया कोर्डिनेटर राजुमान महर्जनलाई अधिसारी तथाकथित संघर्ष समितिको नाममा केही व्यक्तिको भिड जम्मा गराई यस्तो कार्य गरिएको उसले जनाएको छ।

करिव १ हजार ८ सय सेयरधनीको लगानीमा सञ्चालित पब्लिक कम्पनीको कार्यालय घेराउ गर्ने, हुलदंगा गर्ने, कम्पनीका अध्यक्ष कुशकुमार जोशी तथा घरपरिवारलाई कम्पनीको अध्यक्ष पदवाट तत्काल राजीनामा नदिए भौतिक आक्रमण गर्ने धम्की दिने जस्ता काम भएको उसले जनाएको छ।

यस सन्दर्भमा अध्यक्ष जोशीले यस परियोजनालाई अघि बढाउन सहज होस् भनी मार्गप्रशस्त गर्न गत १७ माघमा अध्यक्ष पदवाट सञ्चालक समितिमा पेस गर्न भनी दिएको राजीनामाको सिलवन्दी खाम माथि उल्लिखित दुईजना सञ्चालकसमेतको उपस्थितिमा जवर्जस्ती कम्पनी कार्यालय प्रवेश गरी कब्जामा लिई सार्वजानिक गरेको कम्पनीले जनाएको छ। राजीनामाका विषयमा निर्णय गर्न आगामी २७ माघमा सञ्चालक समितिको वैठक बोलाइएको सो कम्पनीद्वारा बुधवार जारी विज्ञप्तिमा उल्लेख छ।

केही व्यक्तिको निहित स्वार्थका लागि वोर्डका जम्मा दुईजना सदस्यको उक्साहटमा कम्पनीमा अराजक हर्कत भएपछि कम्पनी व्यवस्थापनले कर्मचारी र भौतिक सम्पत्तिको आवश्यक सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालय र नेपाल उद्योग वाणिज्य महासंघमा पनि आवश्यक पत्राचार गरेको कम्पनीले जनाएको छ।

कम्पनीको वित्तीय लेनदेनको विषयमा कतिपय सञ्चारमाध्यममा भ्रमपूर्ण कुरा आइरहेको प्रति पनि ध्यान आकर्षित भएको र परियोजनाको हालसम्म कुनैपनि औपचारिक तथा आपत्तिजनक वित्तीय दायित्व नभएको उसले जनाएको छ। कम्पनीले सरकारलाई बुझाउनुपर्ने वैक ग्यारेन्टीमा सवै सञ्चालकको पर्सनल ग्यारेन्टी आइसकेको तर उपाध्यक्ष समेत रहेका लालकृष्ण केसी र संचालक सुभासचन्द्र ठकुरीले भने हालसम्म सो काम नगरी कम्पनीलाई असहयोग गरिरहेको समेत सो विज्ञप्तिमा उल्लेख छ।

NPBCL
नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेड

कतार र साउदी अरेबीयामा रोजगार

१. कम्पनी: ABD RAB AL-RASOUL AL-BAQSHI CONT EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ चलानी नं. : ९२३७ LT. No. 151220

क्र.सं.	कामदारको पद	मान संख्या पुरुष	मान संख्या महिला	तलव
1	plumber pipes	01	1200	33,600

८ घण्टा ६ दिन

२ कम्पनी: ICE VALLEY FOR ENGINEERING INDUSTRAIL.CO शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ चलानी नं. : ९२३९ LT. No. 151728

क्र.सं.	कामदारको पद	मान संख्या पुरुष	मान संख्या महिला	तलव
1	Factory Labour	06	900	25,200
2	General Welding	01	1000	28,000

८ घण्टा ६ दिन

३ कम्पनी: AL QAWAS TRADING AND CONTRACTING CO. W.L.L शहर : Doha
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ चलानी नं. : ९२२४ LT. No. 151785

क्र.सं.	कामदारको पद	मान संख्या पुरुष	मान संख्या महिला	तलव
1	Driver	05	1400	39,200
2	Labourer	10	900	25,200
3	REPRESENTATIVE	02	2200	61,200

८ घण्टा ६ दिन

PRINCE INTERNATIONAL
EMPLOYMENT SERVICE PVT. LTD.
Govt. Lic. No : 435/060/061
P.O. Box: 8973 NPC 788, Minbhawan, Kathmandu, Nepal,
Tel : +977 1 4461266, 4461267, Fax : +977 1 4461265
E-mail : info@princeies.com/princeintl@wlink.com.np
Web : www.princeies.com

प्रभु बैंक लिमिटेडमा ग्राण्ड बैंक नेपाल लिमिटेड गाभिए पश्चात प्रभु बैंक लिमिटेड को नामबाट एकिकृत कारोबार गर्ने वारेको सूचना

प्रभु बैंक लिमिटेड (**"क" वर्गको इजाजतपत्र प्राप्त संस्था**) मा ग्राण्ड बैंक नेपाल लिमिटेड (**"क" वर्गको इजाजतपत्र प्राप्त संस्था**) गाभिने सम्बन्धमा दुईवटै बैंकको मिति २०७२/०७/१४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभावाट पारित विशेष प्रस्ताव वमोजिम नेपाल राष्ट्र बैंकको मिति २०७२/१०/१५ गतेको पत्रानुसार गाभ्ने गाभिने सम्बन्धी अन्तिम स्वीकृति प्राप्त भएकोले गाभ्ने संस्था प्रभु बैंक लिमिटेडले गाभिने संस्था ग्राण्ड बैंक नेपाल लिमिटेडको गाभिने अन्तिम दिन सम्म कायम रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिनुं व्यहोर्नु पर्ने कर दायित्व आदि गाभ्ने संस्था **"प्रभु बैंक लिमिटेड"** ले व्याहोर्ने सकार्ने गरी मर्जर पश्चात **"प्रभु बैंक लिमिटेड"** अंग्रेजीमा **Prabhu Bank Limited** (**"क" वर्गको इजाजतपत्र प्राप्त संस्था**) को नामवाट कारोवार गर्न स्वीकृति प्राप्त भएको व्यहोरा जानकारी गराउँदै मिति २०७२/१०/२९ (12 Febrary 2016) गते शुक्रवार देखि **"प्रभु बैंक लिमिटेड"** (**"क" वर्गको इजाजतपत्र प्राप्त संस्था**) को नामवाट दुवै बैंकको एकिकृत कारोवार शुरु गरीने व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। मर्जर पश्चात् बैंकको रजिष्ट्रर्ड कार्यालय हाल प्रभु बैंक लिमिटेडको रजिष्ट्रर्ड कार्यालय रहेकै स्थान काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं.११, बबरमहल काठमाण्डौमा यथावत रहने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउंदछौं।

prabhu Bank
प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ
फोन नं. ४०८८७००, फ्याक्स नं. ९७७-१-४०८०७८८

ग्रान्ड बैंक नेपाल लिमिटेड
Grand Bank Nepal Limited
प्रधान कार्यालय, कमलादी, काठमाण्डौ
फोन नं. ४२३१५१५, फ्याक्स नं. ९७७-१-४२३२८३२

आई.एल.एफ.सि.ओ. माइक्रोफाइनान्स वित्तीय संस्था लि. को चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,
यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७२/१०/१८ (तद्नुसार फेब्रुवरी १, २०१६) गतेको दिन बसेको ८१औं वैठकको निर्णय वमोजिम कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा "कम्पनी ऐन, २०६३" को दफा ६७(२) अनुसार शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति, समय र स्थान:
मिति : २०७२ साल चैत ५ गते शुक्रवार (तद्नुसार मार्च १८ २०१६)
समय : विहान १०:०० बजे
स्थान : ए-वान क्याफे एण्ड पार्टी प्यालेस, चाबहिल, काठमाडौं।

छलफलका विषयहरू:
१. सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७२ आषाढ मसान्तको वासलात तथा आ.व. २०७१/७२ को नाफानोक्सान हिसाब, नगद प्रवाह र सम्बन्धित अनुसुचिहरू पारित गर्ने।
३. लेखापरीक्षण समितिले सिफारिस गरे वमोजिम आ.व. २०७२/०७३ को कारोवारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक देव एसोसियट चार्टर्ड एकाउन्टेन्टस् पुनः नियुक्तिको लागि योग्य रहनुभएको छ।)
४. कम्पनीको सांविक नियमावली अनुसार सर्वसाधारण शेयरधनीहरूका तर्फवाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरूको निर्वाचन गर्ने।
५. विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी जानकारी:
१. यस चौथो वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा साधारण शेयर दाखिल खारेजीको कार्य मिति २०७२/११/०६ गतेदेखि मिति २०७२/१२/०५ गतेसम्म बन्द रहनेछ। मिति २०७२/११/०५ गतेसम्ममा नेपाल स्टक एक्सचेन्ज लि. मा कारोवार सम्पन्न भै तद्नुरूप मिति २०७२/११/१४ सम्म शेयर दाखिला खारिज सम्पन्न भै सोही अनुसार कायम हुने मिति २०७२/११/०५ को कम्पनी शेयरधनी पुस्तिकामा कायम रहेका शेयरधनीहरूले मात्र साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छन्।
२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनु हुन अनुरोध छ।
३. शेयरधनी महानुभावहरूले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान ९.३० बजे नै खुल्ला गरिनेछ।
४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले तोकिएको ढाँचामा कम्पनीको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन्। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको निवेदन २०७२/११/१८ गतेदेखि २०७२/१२/०२ गते विहानको १०.०० बजे (अर्थात् सभा शुरू हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै) मित्र कम्पनीको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केटस् लि. काठमाडौंप्वाजा, कमलादी, काठमाडौंवाट प्रमाणीकरण गराई कम्पनीको केन्द्रीय कार्यालय, चाबहिल, काठमाडौंमा दर्ता गराई सक्नुपर्ने छ। प्रतिनिधि (प्रोक्सी) दर्ता सम्बन्धमा कम्पनीले उपलब्ध गराएको प्रोक्सी फारममा तोकिए बमोजिमको प्रमाणीकरण गरी गराई सक्कने प्रोक्सी प्राप्त हुनुपर्नेछ। यस सम्बन्धमा फोटोकपी/फ्याक्स/इमेल इत्यादीवाट प्राप्त हुने/भएको कुनैपनि प्रोक्सी फारम मान्य हुनेछैन।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेको अवस्थामा नियुक्त प्रतिनिधि (प्रोक्सी) ले उपस्थिति पुस्तिकामा दस्तखत गरि नसकेको अवस्था एवं सभाको काम कारवाही शुरू हुनुभन्दा अगावै शेयरधनी आफै सभामा उपस्थिति भई उपस्थिति पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिने छ। तर एकपटक तोकिएको प्रतिनिधि (प्रोक्सी) लाई बदर गरी अर्को प्रतिनिधि (प्रोक्सी) मुकर्रर गर्नुपरेमा सोको लिखित निवेदन सहित नयां प्रतिनिधि (प्रोक्सी) मुकरर गरेको प्रमाणित प्रोक्सी फारम मिति २०७२/१२/०३ गते विहानको १०:०० बजेभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता भै सक्नुपर्नेछ। अन्यथा पहिलो मुकर्रर भएको प्रतिनिधि (प्रोक्सी) लाई नै मान्यता दिइनेछ।
६. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण साधारण शेयरको प्रतिनिधि (प्रोक्सी) एकजना व्यक्तिलाई मात्र मुकर्रर गर्नुपर्नेछ। एक प्रतिनिधि (प्रोक्सी) फारममा एकभन्दा बढि व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएमा त्यस्तो नियुक्ति बदर हुनेछ। एक शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) फारम मार्फत् एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकर्रर गरेमा कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र मान्यता दिइनेछ। संगठित संस्था शेयरधनीको हकमा संस्थाले तोकी खटाएको वा मनोनीत गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छ।
७. नावालक वा विक्षिप्त शेयरधनीको हकमा कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ। संयुक्त रूपमा साधारण शेयर लिने शेयरधनीहरूको हकमा त्यस्तो शेयरधनीहरू मध्येवाट सर्वसम्मत रूपमा मनोनित प्रतिनिधिले वा सो वामोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनीहरूको दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउनेछ।
८. सर्वसाधारण शेयरधनी महानुभावहरू मध्येवाट सञ्चालक पदमा उमेदवार हुनको लागि यस कम्पनीको न्यूनतम १०० कित्ता शेयर आफ्नै नाममा लिएको हुनुपर्दछ र उमेदवार हुन चाहने शेयरधनीले तोकिएको समयावधिभित्र १ (एक) जना यस कम्पनीको शेयरधनी प्रस्तावक र अर्को एक जना कम्पनीकै शेयरधनी समर्थक सहित आफ्नो उमेदवारी तोकिएको ढाँचा वमोजिम यस कम्पनीको प्रधान कार्यालय चावहिलमा दरखास्त मार्फत दर्ता गराउनुपर्ने छ। सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका यस कम्पनीको प्रधान कार्यालयमा सम्पर्क गरि लाग्ने शुल्क तिरी प्राप्त गर्न सकिनेछ। सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम एंव तत् सम्बन्धी क्रियाकलापका जानकारी यस कम्पनीको प्रधान कार्यालयको सूचनापाटीमा सभा हुने मिति भन्दा कम्तीमा ७ (सात) दिन अगाडि टाँस गरिनेछ।
९. प्रत्येक शेयरधनीलाई निजले लिएको शेयरको हदसम्म मतदान गर्ने अधिकार हुनेछ। तर त्यस्तो मताधिकारको अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने यस कम्पनीको अधिकतम शेयर संख्यको सीमाभन्दा बढी हुनेछैन।
१०. शेयरधनीहरूबाट उठेका प्रश्न जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फवाट अध्यक्ष वा अध्यक्षवाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनेछन्।
११. विविध विषय अर्न्तगत कुनै शेयरधनी महानुभावलाई कम्पनी सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रूपमा सभा हुनुभन्दा कम्तीमा ७ दिन अगावै कम्पनीको प्रधान कार्यालयमा पठाउन हुन अनुरोध गरिन्छ। तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन।
१२. शेयरधनी महानुभावहरू सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ। सभा अवधिभर सभा स्थलमा रहेको सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा निजहरूलाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ।
१३. शेयरधनी महानुभावहरूको जनकारीको लागि कम्पनीको संक्षिप्त वार्षिक आर्थिक विवरण हुलाक/कुरियर मार्फत पठाईनुका साथै राष्ट्रिय दैनिकमा समेत प्रकाशित गरिने छ। कथमकदाचित उक्त विवरण प्राप्त हुन नसकेमा कम्पनीको चावहिल स्थित केन्द्रीय कार्यालयवाट सो विवरण प्राप्त गर्ननुहुन अनुरोध छ।
१४. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालयमा सम्पर्क गर्ननुहुन अनुरोध छ।

ILFC
आई.एल.एफ.सि.ओ. माइक्रोफाइनान्स वित्तीय संस्था लि.
चावहिल-७, काठमाडौं। फोन: ०१-४४७१४३८, ०१-४४७४२०२

कोसीटप्पु वन्यजन्तु आरक्षको मुआब्जासम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७२/१०/२१

नेपाल सरकारको मिति २०७२/६/२२ को निर्णयअनुसार गठित कोसीटप्पु वन्यजन्तु आरक्षभित्र परेको नम्बरी जग्गाको मुआब्जा उपलब्ध गराउनेसम्बन्धी कार्यदलको मिति २०७२/१०/१८ को बैठकको निर्णयानुसार कोसीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रभित्र जग्गापर्दा मुआब्जा प्राप्त गर्न छुट हुन गएका व्यक्तिहरूलाई (इन्दिरा कार्कीसमेत ९ परिवार र असर्फी मण्डलसमेत १५ परिवारबाहेक) १५ दिनभित्र कोसीटप्पु वन्यजन्तु आरक्ष कार्यालयमा तपसिलमा उल्लेखित कागजातहरू र निवेदन व्यक्तिपिच्छे छुट्टाछुट्टै पेश गर्न यो सूचना जारी गरिएको छ।

तपसिल :
१. आरक्षभित्र परेको आ-आफ्नो जग्गाको जग्गाधनी प्रमाणपूर्जा वा श्रेस्ता
२. जग्गाको नक्सा
३. नारिकताको प्रतिलिपि
४. गाविसको सिफारिस
५. अधिकरण हुँदाको प्रमाण

सशस्त्र प्रहरी बल प्रधान कार्यालयको सूचना

जिल्ला काठमाण्डौ, का.म.न.पा.-०८ बस्ने गणेशप्रसाद रिमालको नाति, धुबप्रसाद रिमालको छोरा, मद्दती तथा सेवा निर्देशनालय, सशस्त्र प्रहरी बल प्रधान कार्यालय दरबन्दी भई संचार शाखा, सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा कार्यरत आई.डि.नं. ४७३२२ का सशस्त्र प्रहरी जवान विकास रिमाल मिति २०७२/०९/१२ गतेदेखि आफुखुशी कोही कसैलाई कुनै किसिमको जानकारी नगराई कार्यालयमा अनुपस्थित रहेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र सम्बन्धित कार्यालयमा सम्पर्क गर्न आउनुहोला। अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली, २०७२ बमोजिम सेवाबाट हटाउनेतर्फ आवश्यक कारवाही भई जाने व्यहोरा सूचित गरिएको छ।

सहकारी अभियानको विरोध बिच मन्त्रिपरिषद् पुग्यो ऐन

राजधानी समाचारदाता
काठमाडौं, २० माघ

सहकारी तथा गरिबी निवारण मन्त्रालयले तयार पारेको सहकारी ऐनको मस्यौदा मन्त्रिपरिषद् पुगेको छ । राष्ट्रिय सहकारी संघले प्रस्तावित ऐनप्रति विराध जनाएको भए पनि मन्त्रालयले ऐनअगाडि बढाएको हो ।

ऐनको मस्यौदा मन्त्रिपरिषद्मा पेस भइसकेको मन्त्रायका सचिव शंकरप्रसाद अधिकारीले जानकारी दिए । ऐनप्रति राष्ट्रिय सहकारी संघले तीब्र विरोध जनाएको छ । संघका अध्यक्ष केशव बडालले प्रस्तावित ऐन सहकारीलाई सिध्याएर बैंक जोगाउने अभिप्रायले आएको भन्दै विरोध गरेका छन् । संघले ऐनका खास प्रावधानप्रति विरोध जनाएको हो ।

प्रस्तावित ऐनमा कार्यकारी सञ्चालक हुन नहुने व्यवस्था छ । यस्तो व्यवस्थाले संस्थाको जोखिम बढाउने र आर्थिक हिनामिना बढी हुने सम्भावना रहेकाले नियन्त्रण गर्न यस्तो व्यवस्था गरिएको मन्त्रालयको भनाइ छ । तर, कार्यकारी सञ्चालक हुनै नहुने व्यवस्थाले संस्थाको खर्च बढाउने र आर्थिक अवस्था सानो भएका संस्था वाच्न नसक्ने अवस्था आउने संघको भनाइ छ । यस्तै सहकारी संस्था गठनको व्यवस्थाप्रति पनि संघले आपत्ति जनाएको छ । प्रस्तावित ऐनमा एक परिवार एक सदस्यका दरले कम्तीमा एक सयजनाको सहभागितामा विषयगत वा बहुद्देश्यीय संस्था गठन गर्न सकिने भनिएको छ । यसअघि २५ जनाले सहकारी गठन गर्न सक्ने कानुनी व्यवस्था थियो ।

यस्तै गाउँपालिका क्षेत्रमा कार्यक्षेत्र रहेको संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले कम्तीमा ३० जना सदस्यको सहभागितामा गठन गर्न सकिने व्यवस्था ऐनमा छ । तर, कुनै पनि व्यक्ति एकै प्रकृतिको एक मात्र संस्थाको सदस्य वन्न सक्ने व्यवस्था ऐनले गरेको छ । ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य भएकामा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्य वन्नुपर्ने प्रावधान ऐनमा छ ।

ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा वढी संस्थाको सञ्चालक वा कर्मचारी भएकामा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी वन्नु पर्ने पाउने वाटो ऐनले खोलेको छ । एक गाँउपालिका वा नगरपालिकाको एक वडामा वचत तथा ऋणको कारोवार गर्ने गरी एकमात्र संस्था दर्ता गरिने भएको छ । यस्तो व्यवस्थाले सहकारी संस्थाको संख्या कम गर्ने भएको छ । ऐनमा वचत परिचालन गर्दा कायम गरिने व्याजदर प्रचलित वजारको व्याजदरको औसतभन्दा वढी नहुने गरी साधारणसभावाट स्वीकृत तथा अनुमोदन गराउनुपर्ने भनिएको छ । यस्तो व्यवस्थाले अल्पकालमा तरलताको अवस्था परिवर्तन भएर व्याजदर परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भए त्यसमा परिमार्जन गर्ने ठाउँ सञ्चालक समितिलाई छैन ।

यस्तै संस्थाको सदस्यको सेयरपुँजी तथा वचतको अनुपात कम्तीमा एक वरावर १० हुनुपर्ने व्यवस्था गरिएको छ । यसको अर्थ १० हजार रुपैयां सेयर पुंजी भएका व्यक्तिले १ लाख रुपैयांसम्म मात्रै वचत गर्न सक्छन् भन्ने हो ।

ऐनमा ५० करोड रुपैयांभन्दा वढी वार्षिक आर्थिक कारोवार गर्ने संस्था, संघ वा वैंकको वित्तीय व्यवस्थापनको नियमन तथा सुपरीवेक्षण नेपाल राष्ट्र वैंक समेतको संलग्नतामा गरिने व्यवस्था छ । वचत तथा ऋणको कारोवार व्यवस्थित गर्न संस्था वा संघले वचत स्वीकार गर्न सक्ने सीमा, ऋण प्रदान गर्दा लिनुपर्ने सुरक्षण विधि ऋण प्रदान गर्ने प्रक्रिया, संस्था वा संघमा राख्नुपर्ने तरलता, वचत तथा ऋण परिचालन तथा ऋण लगानी सुरक्षणलगायतका विषयको मापदण्ड तोकिने व्यवस्था ऐनमा छ । तर, मापदण्ड वनाउँदा गाउँपालिका तथा नगरपालिका कार्यक्षेत्र भई वचत तथा ऋणको कारोवार गर्ने संस्थाका लागि छुट्टाछुट्टै वनाउन सकिने उल्लेख छ ।

राष्ट्र वंकले सहकारी विभागलाई जानकारी दिई राष्ट्रिय सहकारी वैंकको समितिलाई निलम्वन गरी त्यस्तो वैंकको व्यवस्थापन आफैंले वा अन्य कुनै निकायद्वारा गर्न गराउन सक्ने व्यवस्था ऐनमा छ । यस्तै निरीक्षण वा हिसाव जाँचवाट कुनै संस्था वा संघमा समस्या देखिएको अवस्थामा सहकारी विभागले त्यस्तो संस्था वा संघलाई समस्यारुस्त संस्था वा संघका रूपमा घोषणा गर्न मन्त्रालयसमक्ष सिफारिस गर्ने व्यवस्था गरिएको छ । समस्याग्रस्त संस्था वा संघ घोषणा भएमा त्यस्तो समस्यारुस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्वन्धी कार्य गर्न नेपाल सरकारले व्यवस्थापन समिति गठन गरिने भनिएको छ । व्यवस्थापन समितिमा उच्च अदालतको न्यायाधीश भइसकेको वा नेपाल न्याय सेवाको विशिष्ट श्रेणीमा काम गरेको व्यक्तिमध्येवाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति अध्यक्ष हुने भनिएको छ ।

यस्तै सरकारको सहसचिव स्तरको कार्यअनुभव भएको व्यक्तिमध्येवाट एकजना र राष्ट्रिय सहकारी महासंघ वा विषयगत केन्द्रीय सहकारी संघका पदाधिकारी वा सहकारी क्षेत्रमा कम्तीमा १० वर्षको कार्य अनुभव भएका व्यक्तिमध्येवाट नेपाल सरकारले मनोनीत गरेको एकजना सदस्य हुने भनिएको छ । वैंक तथा वित्तीय संस्थाको कम्तीमा नवौं तह वा सो सरहको पदमा वा चार्टर्ड एकाउन्टेन्ट भई वैंक तथा वित्तीय संस्थाको सुपरीवेक्षण क्षेत्रमा कम्तीमा तिन वर्षको कार्य अनुभव भएका व्यक्तिमध्येवाट नेपाल सरकारले मनोनीत गरेको एकजना मन्त्रालयले तोकेको सहसचिव निजामती सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीलाई सदस्य सचिव तोकिने भनिएको छ ।

ऐनमा कसैले सहकारीको नाममा कसुर गरेको अवस्था कडा कारवाही गर्ने भनिएको छ । ऐनमा १९ लाख रुपैयांसम्म विगो भएमा तिन महिनादेखि एक वर्षसम्म कैद, १० लाख रुपैयांदेखि ५० लाख रुपैयांसम्म विगो भएमा एक वर्षदेखि दुई वर्षसम्म कैद, ५० लाख रुपैयांदेखि १ करोड रुपैयांसम्म विगो भएमा दुई वर्षदेखि तिन वर्षसम्म कैद, १ करोड रुपैयांदेखि १० करोड रुपैयांसम्म विगो भएमा तिन वर्षदेखि चार वर्षसम्म कैद, १० करोड रुपैयांदेखि २५ करोड रुपैयांसम्म विगो भएमा चार वर्षदेखि पांच वर्षसम्म कैद, २५ करोड रुपैयांदेखि ५० करोड रुपैयांसम्म विगो भएमा पांच वर्षदेखि ६ वर्षसम्म कैद र ५० करोडभन्दा वढी जतिसुकै विगो भएमा ६ वर्षदेखि सात वर्षसम्म कैद सजाय हुने व्यवस्था ऐनमा छ ।

प्रस्तावित ऐनमा एक परिवार एक सदस्यका दरले कम्तीमा १ सयजनाको सहभागितामा विषयगत वा बहुद्देश्यीय संस्था गठन गर्न सकिने भनिएको छ । यसअघि २५ जनाले सहकारी गठन गर्न सक्ने कानुनी व्यवस्था थियो ।

अवरुद्ध जलविद्युत् आयोजना पुनः सञ्चालनमा

खोटाङ/रास- खोटाङको तावाखोला लघु जलविद्युत् आयोजना आठ महिनापछि पुनः सञ्चालनमा ल्याइएको छ । गत १९ असारमा आएको वाढीले पावर हाउस वगाएपछि अवरुद्ध वनेको १७ किलोवाट क्षमताको लघु जलविद्युत् आयोजना वुधवारवाट पुनः सञ्चालनमा ल्याइएको हो । वाढीले क्षतिग्रस्त जलविद्युत् सञ्चालनमा ल्याउन कसैको सहयोग नपाएपछि आफैंले चन्दा संकलन र श्रमदान गरेर सञ्चालनमा ल्याइएको उपभोक्ता समितिका सचिव लोकप्रसाद राईले जानकारी दिए । खिदीमा गाविसको वडा नम्बर- ४, ५, ६, ७ र ८ तथा छितापोखरी-९ र मात्तिम-९ गरि २३३ घरधुरी उपभोक्ताले प्रयोग गर्दै आएको अवरुद्ध जलविद्युत् पुनः सञ्चालनमा आएपछि उपभोक्तासमेत खुसी भएका छन् ।

आजदेखि मध्यपश्चिमाञ्चल क्षेत्रीय महोत्सव

नेपालगन्ज/रास- नेपालगन्ज उद्योग वाणिज्य संघले आयोजना गरेको मध्यपश्चिमाञ्चल क्षेत्रीय महोत्सव-२०७२ आज विहीवारदेखि सुरु हुन लागेको छ । २ फागुनसम्म सडक विभागको मैदानमा हुने सो महोत्सवको सम्पूर्ण तयारी पूरा भएको आयोजकले वताएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष भवानी राणाले उद्घाटन गर्ने कार्यक्रम तय भएको महोत्सव तयारी मूल समितिका संयोजक तथा संघका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए ।

संयोजक श्रेष्ठले छोटो समयमा महोत्सवको तयारी सुरु गरिएको भए पनि निर्धारित समयमै महोत्सव सुरु हुने गरी कामलाई तीब्र रूपले अघि सारेकाले तयारी अन्तिम चरणमा पुगेको वताए । महोत्सव तयारी मूल समितिले सो को तयारीका लागि विभिन्न क्षेत्रका अगुवा तथा विज्ञसँग राय सुझाव लिने क्रम जारी राखेको छ ।

उनले सानादेखि ठूला उद्योग तथा व्यवसायीको आफ्नो उत्पादनको वजार व्यवस्थापनका लागि महोत्सवले राम्रो भूमिका निर्वाह गर्न सक्ने दावी गरे । 'झन्डै ५ करोडको व्यापार हुने अपेक्षा गरिएको छ । महोत्सवमा खर्च ६० लाख र आम्दानी ८५ लाख हुने हाम्रो अपेक्षा छ,' उनले भने ।

मेला स्थलको सुरक्षाको लागि आयोजकको तर्फवाट विशेष सर्तकतासँगै सीसी क्यामेराको निगरानी राख्ने तयारी भएको उपाध्यक्ष तथा सुरक्षा उपसमितिका संयोजक अब्दुल वाहिद मन्सुरीले जानकारी दिए । उनले मेला स्टल तथा परिसरको सुरक्षाको विषयमा कुनै पनि कम्प्रोमाइज्ड नगर्ने वताउँदै तिन चरणको सुरक्षा गरिने वताए ।

महोत्सवमा सवै क्षेत्र तथा समुदायलाई समेट्ने गरी झाँकीको तयारी भएको झाँकी व्यवस्थापन समितिका संयोजक हश्चिन्द्र श्रेष्ठले जानकारी दिए । उनले मधेसी समुदायको अवधी, मुस्लिम समुदाय, जनजाति, थारू संस्कृति र हात्तीको प्रयोग गर्न तयारी भएको जानकारी दिए ।

महोत्सवमा विभिन्न ख्याति प्राप्त राष्ट्रिय तथा स्थानीय कलाकारले आ-आफ्नो प्रस्तुति गर्ने सांस्कृतिक उपसमितिका संयोजक अमित वस्नेतले जानकारी दिए ।

Government of Nepal
Ministry of Federal Affairs and Local Development
Office of District Development Committee
District Technical Office, Sindhuli

Invitation for Bids

Date of publication: 2072/10/21 (4 February, *2016*)

1. The District Technical Office, Sindhuli invites sealed bids or electronic bids from eligible bidders for the construction of following buildings under National Competitive Bidding procedures. Only eligible bidders should participate in this bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office ofDistrict Technical Office Sindhuli.
   Tel: 047-520288/047-521099 or may visit PPMO website www.bolpatra.gov.np.
3. A complete set of Bidding Document may be purchased from the District Technical Office, Sindhuliby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as mentioned in the following table till 4 *March 2016*.
   or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank, Sindhulimadi Branch, Sindhuli
   Name of Office: Treasury Controller Office, Sindhuli
   Office Code no. : 20-365-01
   Account no.: Ka-1-1-001
   Rajaswa (revenue) Shirshak no. : 14227
4. Pre-bid meeting shall be held at District Technical Office, Sindhuliat 11:00 hrs on 22 February, *2016*.
5. Sealed or electronic bids must be submitted to the District Technical Office, Sindhuli by hand or through PPMO website www.bolpatra.gov.np on or before 12:00 hrs on *6 March , 2016*. Bids received after this deadline will be rejected.
6. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on 6 March, 2016 at the District Technical Office, Sindhuli. Bids must be valid for a period of 90 (ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum listed in table below, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If bidder wishes to submit the bid security in the form of cash, bidder has to deposit cash in the following account.
   Name of the Bank: RastriyaBanijya Bank, Sindhulimadi Branch, Sindhuli
   Name of Office: Treasury Controller Office, Sindhuli
   Office Code no. : 20-365-03
   Account no.: 1060203000000
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Details of contract are shown in the following table:

Contract No.	Description of work	Estimated amount(with OH & VAT), NRs	Bid security amount, NRs	Minimum Average Annual Construction Turnover, NRs	Minimum Work Experience of similar size and nature, NRs	Cost of bid document, NRs
DTO/Sindhuli/ 8/072-73	DDC/DTO Sinduli Building Construction		960,000	532,00,000	30450000	3000
DTO/Sindhuli/ 9/072-73	VDC Belghari Building Construction	5524103.97	144000	-	-	1000

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11 Any intimidation, collusion and cartelling during bidding process shall be punishable by law.

साउदी अरेबीयामा रोजगार

1. MOHAMMED HUSSAIN HAMZAH AL NABHANI & PARTNER CO.FACTORY FOR POLYSTEREEN LLC शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/२० चलानी नं. : ९४०९ LT. No. 144640

सि. नं.	कामदारको पद		मासिक तलब पुरुष	SR	म.न.	तलबको मुद्रा	तलबको बैंकिङ	तलबको नगद	तलबको अन्य	काम घण्टा	आराम	बस	कुल
1	GENERAL MACHINE OPERATOR	07	2000	56,000						८ घण्टा	६ दिन	छ	छ

Synnet Intl. Pvt. Ltd. सिनेट ईन्टरनेशनल प्रा.लि.
पोष्ट बक्स नं. १७३०, कुपण्डोल, ललितपुर
फोन.: ०१४७ १ ५५२५७१, ५५२५२०५, फ्याक्स नं.: ०१४७ १ ५५४७७१३,
ईमेल: info@synnet206.com, वेवसाइट : www.synnetintl.com

साउदी अरेबीयामा रोजगार

१ कम्पनी : GULF ASKAL CONTRACTING EST.
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ चलानी नं. : ९३२५ LT. No. 151113 जम्मा खर्च : कम्पनीले दिने

सि. नं.	कामदारको पद		मासिक तलब पुरुष	SR	म.न.	तलबको मुद्रा	तलबको बैंकिङ	तलबको नगद	तलबको अन्य	काम घण्टा	आराम	बस	कुल
1	General Labour	04	1200	33,600						८ घण्टा	६ दिन	छ	छ

- छनौट भई भीषा प्राप्त भैसकेका व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषाबापतको शुल्क अतिपूर्ति दिनुपर्नेछ ।

Pratigya Management Services Pvt. Ltd.
G.P.O. Box: 4686, Word No. 9, Gaushala, Battisputali, Kathmandu,
Nepal, Tel: 977-1-4499293, 0088-01824351477(Dhaka)
Fax: +977-1-4492964, Email: pratigyams067@yahoo.com
pratigyams@gmail.com Web: www.pratigyams.com

साउदी अरेबियामा रोजगार

१. कम्पनी : DAR AL-SHAWAYA शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/१८ चलानी नं. : ९१२५ LT. No. 149442

सि. नं.	कामदारको पद		मासिक तलब पुरुष	SR	म.न.	तलबको मुद्रा	तलबको बैंकिङ	तलबको नगद	तलबको अन्य	काम घण्टा	आराम	बस	कुल
1	Resturant Worker	02	1500	42,000						८ घण्टा	६ दिन	छ	छ

२ कम्पनी : SFAISAL MUSLEH SALEH ALSWAT FURNISHED APARTMENTS शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/१९ चलानी नं. : ९३४१ LT. No. 149331

सि. नं.	कामदारको पद		मासिक तलब पुरुष	SR	म.न.	तलबको मुद्रा	तलबको बैंकिङ	तलबको नगद	तलबको अन्य	काम घण्टा	आराम	बस	कुल
1	Waiter	06	1500	42,000						८ घण्टा	६ दिन	छ	छ
2	Hotel Room Cleaner	17	1500	42,000									

Fazal International Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal,
Tell : 1-4481208, 4481209 | Fax : +977-1-4481210,
E-mail : fazanepal@gmail.com
Govt Lic No.: 709/064/065

मलेशिया र कतारमा रोजगार

१. कम्पनी : QATAR FACTORY शहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/१०/१३ चलानी नं. : ८८८४ LT. No. 151667

सि. नं.	कामदारको पद		मासिक तलब पुरुष	QR	म.न.	तलबको मुद्रा	तलबको बैंकिङ	तलबको नगद	तलबको अन्य	काम घण्टा	आराम	बस	कुल
1	Light Driver	25	1700	49,300						८ घण्टा	६ दिन	छ	छ
2	Fire Alarm Technician	25	1600	46,400									
3	6G WELDER	10	2500	72.500									
4	HEAVY DRIVER	25	1900	55,100									
5	AUTOMOBILE ELECTRICIANS	02	2200	63,800									
6	AUTO MOBIE DIESEL MECHANIC	02	2200	63,800									
7	AUTO MOBILE AC TECHNICIAN	02	2200	63,800									

२ कम्पनी : FINE DECOR WLL शहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/१०/२० चलानी नं. : ९३९२ LT. No. 152383

सि. नं.	कामदारको पद		मासिक तलब पुरुष	QR	म.न.	तलबको मुद्रा	तलबको बैंकिङ	तलबको नगद	तलबको अन्य	काम घण्टा	आराम	बस	कुल
1	Foreman	01	2500	72,500						८ घण्टा	६ दिन	छ	छ
2	Painter	20	1100	31,900									
3	Labourer	10	900	26,100									
4	Plaster Worker	09	1300	37,700									

३ कम्पनी : PANTECH STEEL INDUSTRIES SB. शहर : Malaysia
पूर्व स्वीकृत मिति : २०७२/१०/१३ चलानी नं. : ८६९५ LT. No. 151529 जम्मा खर्च : कम्पनीले दिने

सि. नं.	कामदारको पद		मासिक तलब पुरुष	RM	म.न.	तलबको मुद्रा	तलबको बैंकिङ	तलबको नगद	तलबको अन्य	काम घण्टा	आराम	बस	कुल
1	General Worker	20	900	22,500						८ घण्टा	६ दिन	छ	छ

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क अतिपूर्ति दिनुपर्नेछ ।

MONTAGE OVERSEAS (P.) LTD.
Sinamangal-9, Kathmandu, Nepal, P.O. Box : No. 2349,
Tel : +977-1-4110744, 4110605, 4110537, 4110755.
License No: 798/055/066
Cell : 9841892804, 9801177733, ITHAR:- BIKRAM- 9808834335
JHAPA:- MUKESH-9849121470,DANG:- SHANKAR BOHARA:-9857831118
ITHAR:- RAJESH:-9852676056
Email : montage_krishna@yahoo.com, Web : www.montageoverseas.com

साढे ३ लाख बढीले हेरे क्यान मेला

काठमाडौं/रास- राजधानीमा जारी सूचना तथा प्रविधिसम्बन्धी मेला क्यान इन्फोटेक बुधवार सम्पन्न भएको छ। सूचना तथा सञ्चार प्रविधिको विकास, विस्तार र पूर्वद्धन गर्ने उद्देश्यले कम्प्युटर एसोसिएन नेपाल महासंघद्वारा आयोजित सो मेलामा कुल ३ लाख ६३ हजार ४ सय ५६ जनाले अवलोकन गरेको आयोजकले बताएको छ।

मेलमा सेलिब्रेटी, राजनीतिक दलका नेतृत्वबर्ग,नीति निर्मातालगायत बालकदेखि बृद्धसम्का सर्वसाधारणको बाक्लो उपस्थिति थियो। प्रदर्शनीमा प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, उपप्रधान तथा रक्षामन्त्री भीम रावल, सूचना तथा सञ्चारमन्त्री शेरधन राई, जनसंख्या तथा वातावरणमन्त्री विश्वेन्द्र पासवान, विज्ञान प्रविधिमन्त्री शिवलाल थापा, सामान्य प्रशासनमन्त्री रेखा शाह, प्रधानन्यायाधीश कल्याण श्रेष्ठ, मुख्यसचिव डा. सोमलाल सुवेदी, पुनरावेदन अदालत पाटनका मुख्य न्यायाधीश डा. आनन्दनाथ भट्टराई, पूर्वमन्त्री अष्टलक्ष्मी शाक्य, पूर्वमन्त्री राधाकृष्ण मैनाली, एमाले नेतारू पदीप ज्ञवाली र शंकर पोखरेल, नेता अमृत बोहोरा, एमाले सांसद पशुपति चौलागाई, एमाओवादी नेता कृष्णबहादुर महरा र लोकेन्द्र बिष्ट मगर, गायक प्रमोद खरेल, अभिनेत्री प्रियंका कार्कीलगायतले इन्फोटेकको अवलोकन गरे।

इन्फोटेक स्थलमा नेपाल रेडक्रस सोसाइटी सीतापाइला र गोदावरी जेसिजले संयुक्त रुपमा आयोजना गरेको रक्तदान कार्यक्रममा ५ सय १५ पिन्ट रगत संकलन भएको छ। नेपालमा एउटै कार्यक्रमबाट सबैभन्दा बढी रगत संकलन भएको यो पहिलो पटक भएको कार्यक्रमका संयोजक पुष्पा स्थापितले जानकारी दिइन्।

प्रदर्शनीमा हार्डवेयर सेल्स तथा मेन्टिनेन्स्, पावर सोलुसन्स्, मोबाईल एसेसोरिज, डिलर र डिस्ट्रिब्युटर्स, इन्टरनेट सेवा प्रदायक, टेलिकम्युनिकेशनस्, आईसीटी कलेज तथा ट्रेनिङ इन्स्टिच्यूटस, सफ्टवेयर सोलुसन्स, पेमेन्ट सोलुसन्सलगायत गरी १ सय १२ कम्पनीका १ सय ८८ स्टल रहेका थिए।

डामिलानोमा छुटैछुट

काठमाडौं/रास- बहुराष्ट्रिय कम्पनी डामिलानो इटालीले उसका सामान खरिदमा छुटैछुट योजना ल्याएको छ। कम्पनीले नेपालमा सोरुम खोलेको अवसरमा आफ्ना उत्पादनको खरिदमा छुटको व्यवस्था गरेको हो। विगत ५ दशकदेखि निरन्तर रूपमा लेदरका उच्च स्तरीय र ब्रान्डेड सामान उत्पादन गर्दै आएको सो कम्पनीले पहिलो

पटक काठमाडौंको दरबारमार्गस्थित क्यापिटल मलमा सोरुम खोलेको छ। नयां सोरुम खोलेको खुसियालीमा कम्पनीले आफ्ना उत्पादनमा २५ प्रतिशतसम्म छुटको व्यवस्था गरेको आरपी ग्रुप प्रालिका निर्देशक रुपेश पाण्डेले बताए।

ब्रान्डेड सामारीको प्रयोग गर्ने उपभोक्तालाई लक्षित गरेर कम्पनीले नेपालमा पहिलो पटक सोरुम सञ्चालनमा ल्याएको बताउंदै उनले यो अवसरमा कम्पनीले केही दिनका लागि छुटको योजना ल्याएको बताए। यो अफर तिन सातासम्म जारी रहने र यो अवधिभरमा उपभोक्ताले भरपुर फाइदा लिन सक्ने छन्।

सोरुममा ६ हजारदेखि ४० हजार रुपैयांसम्मका लेदरका ब्रान्डेड समान पाइने छन्। यी सामानको उपलब्धताले गुणस्तरीय सामानको खरिदका लागि विदेश जानुपर्ने बाध्यता अन्त्य भएको र यसले गुणस्तरीय सामान प्रयोग गर्न चाहने उपभोक्ताको बर्षौदेखिको चाहना पूरा भएको निर्देशक पाण्डेले बताए। आरपी ग्रुप नेपालका लागि डामिलानोको आधिकारिक बिक्रेता हो। यसले नै पहिलो पटक नेपालमा डामिलानोका उत्पादन ल्याएको हो। गत मंसिर २८ देखि सञ्चालनमा आएको सोरूममा हाल उपभोक्ताको भिड लाग्दै आएको छ।

उसले लेडिज ब्याग, ट्वली ब्याग, कम्प्युटर ब्याग, जेन्स वालेट, स्यान्डल, जेन्स सुज, बेल्ट, लेडिज सुज तथा स्यान्डललगायतका सामरी राखेको छ। यी सामरीको उपलब्धताले उपभोक्ताले स्वदेशमा नै सस्तो र गुणसरय सामान पाउन सकेको कम्पनीले जनाएको छ।

पुल्चोकमा केटीएमको सोरुम

काठमाडौं/रास- युरोपियन रेसिङको लागि प्रख्यात बाइक केटीएमको आधिकारिक वितरक हंसराज हुलास चन्दले पुल्चोक ललितपुरमा विशेष सोरुम सञ्चालनमा ल्याएको छ। साथै जावलाखेलमा सर्भिस सेन्टर पनि सञ्चालन गरेको छ। सो नयां सोरुमबाट ग्राहकले केटीएम बाइकका विविध आकर्षक बाइकका साथै केटीएम पावर बेयर सामान पनि खरिद गर्न सक्ने छन्।

सोरुमले ललितपुरका रेसिड बाइकका सौकिनलाई केटीएमका चार बहुचर्चित मोडल उपलब्ध गराउने बताएको छ। मध्यमखाले उच्चकार्य क्षमताको आरसी ३९० र ३९० ड्युक रेसिड बाइक अथवा सर्वाधिक सफलहल्लुका तौलको स्पोर्टी २०० ड्युक र आरसी २०० मध्ये ग्राहकले कुनै एकलाई रोजेर रेसिड बाइकको अनुभव सम्हाल्न सक्ने छन्। यी बाइकमा ३९० ड्युक बाइकको मूल्य ६ लाख ७५ हजार, आरसी ३९०को मूल्य ५ लाख ९९ हजार, आरसी २०० को ५ लाख २० हजार र ड्युक २०० को मूल्य ४ लाख ३५ हजार रुपैयां रहेको छ।

यस्तै कावासाकी निन्जाबाइकको सोरुम मूल्य ९ लाख ९९ हजार रहेको छ।

होन्डाका तिनओटा नयाँ बाइक

काठमाडौं/रास- होन्डा मोटरसाइकल तथा गाडीका नेपालका लागि एक मात्र बिक्रेता तथा ज्योति गुपअन्तर्गतको स्याकार ट्रेडिङ कम्पनीले सीबी ५०० एफ, सीआरएफ २५० एम तथा एएसएक्स १२५ बजारमा ल्याएको छ।

होन्डा सीआरएफ २५० एम सहर र अफरोड दुबैमा चलाउने ग्राहकलाई ध्यानमा राख्दै फिकाइएको हो। सो मोटरसाइकलको मजबुत बनावट, कम तौल र चुस्त च्यासिसले गर्दा यसका चालकलाई जुनसुकै बाटोमा चलाउंदा पनि सहज हुन्छ। यस मोटरसाइकलको बजार मूल्य ९ लाख ९० हजार रुपैयां तोकिएको छ।

नेकेड सेग्मेन्टमा सीबी ५०० एफ सहजताका साथ चलाउन सकिने मोटरसाइलका रुपमा प्रस्तुत गरेको छ। त्यसैगरी एएसएक्स १२५ मिनी क्रसओभर मोटरसाइकल हो जसले कठिन यात्रालाई रमाइलोमा परिणत गर्न मद्दत गर्ने कम्पनीले बताएको छ।

सीबी ५०० एफको बजार मूल्य १३ लाख ९९ हजार र एमएसएक्स १२५ को मूल्य ५ लाख ९९ हजार रुपैयां रहेको छ।

एनआईबीएल पीसीआई डीएसएस ३.१ संस्करणबाट प्रमाणित

काठमाडौं/रास- नेपाल इन्भेस्टमेन्ट बैंक (एनआईबीएल) ले पेमेन्ट कार्ड इन्डस्ट्री डेटा सेक्युरिटी स्टान्डर्ड (पीसीआई डीएसएस) को ३.१ संस्करणमा प्रमाणित भई आफ्ना कार्डवाहकका लागि थप सुरक्षणको सुविधा प्रदान गर्ने भएको छ। पीसीआई डीएसएस संसारभरिमा कार्डवाट सुविधा लिने कार्ड डेटा सेक्युरिटी स्टयान्डर्डमा सबैभन्दा उच्चतम सुरक्षाको तह हो।

कार्डवाट कारोबार गर्दा विभिन्न प्रकारका असुरक्षित अवस्था सिर्जना हुनबाट यो पीसीआई डीएसएसको सेक्युरिटी स्टान्डर्डवाट न्यूनीकरण हुने बैंकले बताएको छ। सो बैंकका कार्डवाहकले अब सो पीसीआई डीएसएसको नयां संस्करणवाट थप भरपर्दो र सुरक्षित कारोबार गर्न सक्ने छन्। बैंकले हालै ईएमभी चिपमा आधारित कार्डहरू पनि सुचारु गरिसकेको हुनाले यसले थप सुरक्षा दिने बैंकको भनाइ छ।

बैंकका हाल ६ लाख ५० हजार भन्दा बढी ग्राहक रहेका छन्। यसका ४६ शाखावाट तथा २४ शाखारहित बैंक केन्द्रहरूबाट सुविधा प्राप्त गर्दै आएका छन्। बैंकका ८३ ओटा एटीएम सुविधा प्रदायक छन्।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, धनकुटा

जिल्ला स्वास्थ्य कार्यालय, ताप्लेजुङको

औषधि खरिद सम्बन्धि सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७२।०४।१

यस जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल तथा अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.व.२०७२/७३ का लागि आवश्यक पर्ने औषधिहरु सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही औषधिको बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन सम्म कार्यालय समय भित्र खरिद गरी सो को भोलिपल्ट दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:

१. बोलपत्र खरिद गर्न आधिकारिक निवेदनका साथ अनिवार्य निम्न कागजात संलग्न गर्नु पर्ने छ। (क) औषधि व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (ग) आ.व.२०७१/७२ सम्म कर चुक्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (घ) प्रोप्राइटर स्वयं उपस्थित हुन नसकेमा नीजको आधिकारिक मञ्जुरीनामा
२. बोलपत्र फारम जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र यस कार्यालयबाट प्रति बोलपत्र रु.१०००/- एकहजार रुपैयां मात्र (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ ।
३. रित पूर्वक पेश भएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १:०० बजे वा सो दिन बिदा परे सो दिनको भोलि पल्ट यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा नीजको प्रतिनिधि नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. रित नपुगेको र म्याद नाघि आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
५. बोलपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य सो को भोलि पल्ट सोही समयमा हुने छ ।
६. बोलपत्रदाताले कोष तथा लेखा नियन्त्रकको कार्यालय ताप्लेजुङको ने.वै.लि. ताप्लेजुङ स्थित धरौटी खाता ख-३-०१ मा निम्न अनुसारको धरौटी रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको (बोलपत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।
७. बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिनको हुने छ ।
८. बोलपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुबैमा अनिवार्य उल्लेख गर्नु पर्ने छ । अङ्क र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइने छ ।
९. पेश भएका बोलपत्र आंशिक, आइटम वाइज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
१०. खरिद गरिने औषधिको प्रयोग गर्ने अवधि यस कार्यालयको स्टोरमा दाखिला हुँदा कम्तिमा १८ महिना बाँकी रहेको हुनु पर्ने छ । र १८ महिना एक्सपाइरी भएर हुनेको हकमा कम्तिमा ७५% बाँकी रहेको हुनु पर्ने छ ।
११. बोलपत्रदाताले आफूले दिन चाहेको औषधिको उत्पादक कम्पनी र उत्पादन भएको मुलुकको नाम स्पष्ट संग उल्लेख गर्नु पर्ने छ ।
१२. सिलबन्दि बोलपत्र स्वीकृत भए पछि सम्झौता गर्न आउँदा कबोल अंकको ५% ले हुन आउने रकम कोष तथा लेखा नियन्त्रकको कार्यालय ताप्लेजुङको ने.वै.लि. स्थित धरौटी खाता ख-३-०१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको ठेक्का शर्त रहेको कुनै मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कार्य सम्पादन जमानत (परफर्मेन्स स्यारेन्टि) पेश गर्नु पर्ने छ ।
१३. बोलपत्रदाताले सप्लाई गर्ने औषधि WHO/GMP Certified कम्पनीको हुनु पर्ने छ ।
१४. बोलपत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयले आवश्यकतानुसार थप घट गर्न सक्ने छ, थपघट भएता पनि बोलपत्रदाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन ।
१५. बोलपत्र दाखिला गर्दा बोलपत्र साथ आफूले सप्लाई गर्ने प्रत्येक औषधिको नमुना सिलबन्दि गरी छुट्टै पेश गर्नु पर्ने छ ।
१६. बोलपत्र दाताले बोलपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको फारम मात्र खरिद गर्नु पर्ने छ र सोही फारमको प्रत्येक पानामा बोलपत्र दाताले फर्म वा कम्पनीको छाप सहित दस्तखत गरी पेश गर्नु पर्दछ ।
१७. एउटा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन । यदि दाखिला गरेको पाइएमा नीजले पेश गरेको बोलपत्र अमान्य हुने छ ।
१८. आफूले सप्लाई गर्ने प्रत्येक औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता भएको हुनु पर्नेछ । औषधिको प्याकिङ (स्ट्रीप, बोतल) बाहिर औषधिको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एक्सपाइरी मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र ***"नेपाल सरकारबाट निःशुल्क वितरणको लागि"*** भनी प्याकिङमा स्पष्ट संग उल्लेख भएको हुनु पर्नेछ। सो नलेखिएका औषधिहरु कार्यालयले लिने छैन ।
१९. सप्लाई हुने सबै भोतल तथा पाउडर औषधिहरु प्लाष्टिक बोतलमा प्याकिङ भएको हुनु पर्ने छ ।
२०. बोलपत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्ने छ ।
२१. आफूले दाखिला गरेको बोलपत्र फिर्ता लिन चाहेमा अनिवार्य बोलपत्रदाता स्वयं वा नीजको आधिकारिक प्रतिनिधि उपस्थित भइ सक्कली निबेदन पेश गर्नु पर्ने छ। फ्याक्स वा अन्य कुनै माध्यमबाट प्राप्त निबेदन मान्य हुने छैन ।
२२. यसमा उल्लेख हुन छुट भएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुने छ। अन्य आवश्यक कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।
२३. औषधिको लागत अनुमान अंक मु.अ.कर सहित रु.३१,७२,४८७५० पै. रहेको छ।

जिल्ला स्वास्थ्य कार्यालय, ताप्लेजुङ

I.L.F.C.O MICROFINANCE BITTIYA SANSTHA LTD.
(Subsidiary Company of ILFCO)

Unaudited Financial Results (Quarterly)
As at Poush End 2072 of the F.Y. 2072/073 (2015/016)

(Rs. in '000)

S. N.	Particulars	This Quarter Ending (Poush End 2072)	Previous Quarter Ending (Ashwin End 2072)	Corresponding Previous Year Quarter Ending (Poush End 2071)
1	**Total Capital and Liabilities (1.1 to 1.7)**	**209,305.31**	**202,587.94**	**147,154.96**
1.1	Paid up Capital	100,000.00	100,000.00	60,000.00
1.2	Reserves and Surplus	5,824.32	4,550.48	5,321.30
1.3	Debenture and Bond	.....	.....	.....
1.4	Borrowings	59,978.87	54,978.88	58,000.00
1.5	**Deposits (a+b)**	39,434.17	34,539.42	21,516.77
	A. Domestic Currency	39,434.17	34,539.42	21,516.77
	B. Foreign Currency	.....	.....	.....
1.6	Income Tax Liability (Net)	1,006.83	489.62	.....
1.7	Other Liabilities	3,061.11	8,029.54	2,316.89
2	**Total Assets (2.1 to 2.7)**	**209,305.31**	**202,587.94**	**147,154.96**
2.1	Cash And Bank Balance	61,185.22	1936.07	931.92
2.2	Money at call and Short Notice	11,906.64	8151.34	634.26
2.3	Investments	457.47	60457.47	50457.47
2.4	**Loans and Advances (a+b+c+d+e+f)**	**128,412.59**	**124,734.46**	**89,332.13**
	a. Real Estate Loan	.....	.....	.....
	1. Residential Real Estate Loan (Except Personal Home Loan upto 10 Million)	.....	.....	.....
	2. Business Complex and Residential Apartment Construction Loan	.....	.....	.....
	3. Income Generating Commercial Complex Loan	.....	.....	.....
	4. Other Real Estate Loan (Including Land Purchase and Plotting)	.....	.....	.....
	b. Personal Home Loan of NRs. 10 Million or Less	.....	.....	.....
	c. Margin Type Loan	.....	.....	.....
	d. Term Loan	.....	.....	.....
	e. Overdraft Loan / TR Loan / WC Loan	.....	.....	.....
	f. Others	128412.59	124734.46	89332.13
2.5	Fixed Assets	4434.47	3558.88	3903.29
2.6	Non Banking Assets	.....	.....	.....
2.7	Other Assets	2908.92	3749.72	1895.89
3	**Profit and Loss Account**	**Upto This Quarter**	**Upto Previous Quarter**	**Upto Corresponding Previous Year Quarter**
3.1	Interest Income	13,759.38	6,697.61	9,564.10
3.2	Interest Expense	2,723.92	1,265.59	2,140.06
	A. Net Interest Income (3.1-3.2)	**11,035.45**	**5,432.02**	**7,424.04**
3.3	Fees, Commission and Discount	.....	.....	.....
3.4	Other Operating Income	42.12	18.70	9.88
3.5	Foreign Exchange Gain / Loss (Net)	.....	.....	.....
	B. Total Operating Income (A.+3.3+3.4+3.5)	**11,077.57**	**5,450.72**	**7,433.92**
3.6	Staff Expenses	4,209.26	2,161.75	2,612.24
3.7	Other Operating Expenses	2,358.15	900.15	1,790.18
	C. Operating Profit Before Provision (B.-3.6-3.7)	**4,510.16**	**2,388.82**	**3,031.50**
3.8	Provision for Possible Losses	2,304.52	1,175.92	1,004.37
	D. Operating Profit (C.-3.8)	**2,205.63**	**1,212.90**	**2,027.13**
3.9	Non Operating Income / Expenses (Net)	64.05	.....	.....
3.10	Write Back of Provision for Possible Loss	1,422.03	477.05	585.28
	E. Profit from Regular Activities (D+3.9+3.10)	**3,691.71**	**1,689.95**	**2,612.41**
3.11	Extraordinary Income / Expenses (Net)	.....	.....	.....
	F. Profit before Bonus and Taxes (E.+3.11)	**3,691.71**	**1,689.95**	**2,612.41**
3.12	Provision for Staff Bonus	335.61	153.63	237.49
3.13	Provision for Tax	1,006.83	460.90	712.48
	G. Net Profit / Loss (F.-3.12-3.13)	**2,349.27**	**1,075.42**	**1,662.45**
4	**Ratios**	**This Quarter Ending**	**Previous Quarter Ending**	**Corresponding Previous Year Quarter Ending**
4.1	Capital Fund to RWA	70.95%	72.26%	62.38%
4.2	Non Performing Loan (NPL) to Total Loan	1.69%	1.63%	0.53%
4.3	Total Loan Loss Provision to Total NPL	96.21%	94.28%	230.00%
4.4	Cost of Fund	5.88%	6.10%	6.01%
4.5	Credit to Deposit Ratio (Calculated as per NRB Directives)	89.91%	91.08%	104.15%

Note: 1. ILFCO Microfinance Bittiya Sanstha's accounts of Poush End 2072 have been certified by the Company's Internal Auditor, which could be changed if the statutory auditor / supervisory authority notify and remarks to change the unaudited financial statements.
2. Interest rate on Loan & Advance and Deposits :
Int. Rate on Loan: 12% to 21%, **Deposits:** 8% to 8.91%

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६४ को अनुसूची १४
(नियम २१ को उपनियम (२) संग सम्बन्धित)

आ.व. २०७२/०७३ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण:**
(क) वैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण: यस वित्तीय संस्थाको दोश्रो वैमासिक नाफा नोक्सान तथा २०७२ साल पौष मसान्त सम्मको वासलात सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।
(ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी अनुपात	मूल्य आम्दानी अनुपात (P/E Ratio)	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्ति मूल्य	तरलता अनुपात
२.३५	४०४.२६	१०५.३१	२०९.३१	३३.२०%

२. **व्यवसायपकीय विश्लेषण:**
(क) वैमासिक अवधिमा यस वित्तीय संस्थाको आम्दानी, मौज्दात र तरलतामा वित्तीय संस्थाले अनुमान गरेअनुरुप नै वृद्धि भएको छ। हालसम्मको अवस्थालाई हेर्दा यस वित्तीय संस्थाको सम्पूर्ण वित्तीय स्थिति निर्धारित योजनाअनुरुप नै रहेको र भुकम्प, इन्धन अभाव लगायतका बाधाअड्चनका बाबजुत पनि यस वित्तीय संस्थाको निर्धारण गरिएका लक्ष अनुरुप नै सदस्य तथा कर्जा लगानीमा भएको वृद्धि, आम्दानीमा वृद्धि र सेवामा विविधिकरण गरि गुणस्तरीय सेवा प्रदान गरेको आदि कारणले गर्दा अनुमान गरेबमुरुपनै प्रगति सन्तोषजनक रहेको छ।
(ख) राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले संख्यात्मक वृद्धि भन्दा पनि गुणात्मक वृद्धिलाई आफ्नो प्रमुख लक्षका रुपमा अगाडि सारेको छ। फलस्वरुप हालसम्म ४ वटा शाखा कार्यालयहरू मार्फत ग्राहक सदस्यहरूलाई आधुनिक तथा गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको छ। साथै वित्तीय बजारको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाको पहुंच कम भएका स्थानहरूमा आफ्नो कार्यक्रम विस्तार गर्दै लाने यस वित्तीय संस्थाको भावी योजना अनुरुप निकट भविष्यमै थप शाखाहरु विस्तार गर्दै अगाडि बढ्ने लक्षका साथ कार्य भैरहेको छ।
(ग) विगतको अनुभवबाट यस वित्तीय संस्थाले विकास गरेका सेवामुखी सुविधाहरू तथा ग्राहक सदस्यहरूले वित्तीय संस्थाप्रति देखाएको सहभागीता र उत्साहले नै हालसम्म यस वित्तीय संस्थालाई आफ्नो कार्यक्रम विस्तार गर्न सफलता प्राप्त भएको छ। जसको कारण यस वित्तीय संस्थाको आम्दानी वृद्धि हुनेमा व्यवस्थापन विश्वस्त रहेको छ। हाल देशमा देखिएको विषम परिस्थिति भुकम्प, आन्दोलन, इन्धन अभाव तथा लघुवित्त वित्तीय संस्थाहरू बीच हुने अस्वस्थ प्रतिस्पर्धा, दोहोरोपन आदी कारणले वित्तीय संस्थालाई प्रभाव पार्न सक्ने भएता पनि वित्तीय संस्थाले विकास गरेको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय सस्थासंग रहेको मौज्दात तथा कुशल व्यवस्थापनको कारण सम्पूर्ण परिसूचकहरूमा कुनै नकारात्मक असर नपर्ने देखिन्छ। यसको साथै भविष्यमा पनि यस्तो नकारात्मक असर पर्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिहरूको तर्जुमा गरी अगाडि बढ्ने नीति यस वित्तीय संस्थाले लिएको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**
(क) वैमासिक अवधिमा यस वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।
(ख) यस वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।
(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
(क) सेयर कारोबार द्वितीयक बजारबाट निर्देशित हुने हुंदा व्यवसायको वृद्धिसंगै कारोबार मूल्य सकारात्मकता तर्फ उन्मुख हुनु स्वभाविक हो। राजनैतिक अवस्था, नेपाल सरकार तथा राष्ट्र बैंकको नीति तथा अन्य कारणहरुको असर स्वरुप मूल्यमा उतार चढाव आएता पनि हालसम्मको कारोबार सन्तोषजनक रहेको छ।
(ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार वैमासिक अवधिमा यस संस्थाको सेयरको कारोबार निम्न अनुसारले भएको देखिन्छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या
१०४०	३१८	९५०	२९	९५५२

५. **समस्या तथा चुनौति:**
(क) देशको संकमणकालीन राजनैतिक अवस्था, लगानी मैत्री वातावरणको अभाव, दक्ष तथा अनुभवी कर्मचारीको अभाव तथा परिवर्तन भैरहने नीतिगत परिवर्तन एवं निर्देशनाबट समस्या सृजना हुन सक्ने।
(ख) दुर्गम स्थानहरुमा कार्यक्रम विस्तार गर्न आवश्यक रहने पूर्वाधार, सूचना प्रविधि आदिको अभावको कारण त्यस्ता स्थानहरुमा उल्लेख्य मात्रामा कार्यक्रम विस्तार गर्न नसकिएको।
(ग) अप्रत्याशित रुपमा आई पर्ने प्राकृतिक दैवि विपतिबाट सृजना हुने परिस्थितिबाट हुनसक्ने चुनौति।
(घ) साथै यस क्षेत्रमा देखिएको बढ्दो अस्वस्थ प्रतिस्पर्धा चुनौतिपुर्ण रहेको छ।

६. **संस्थागत सुशासन:**
यस वित्तीय संस्थाले विद्यमान ऐन कानुन तथा नीति नियम र नियमनकारी निकायहरुबाट प्राप्त निर्देशनहरु मुताबिक आफ्नो व्यवसाय संचालन गर्दै आएको छ। साथै वित्तीय संस्थाका शेयरधनीहरुप्रति वित्तीय संस्थाको संचालक समिति पूर्ण रुपमा जवाफदेही र उत्तरदायी रहेको छ। नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार संस्था संचालनमा रहि आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न वैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षकले दिएको सुझाव बमोजिम कार्यान्वयन गर्दै आएको छ। कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी बापतको व्यवस्था, सदस्यहरुलाई अठ्ठारो परेको बेला सहयोग पुऱ्याउने उद्देश्यले स्थापित जीवन तथा आवास सुरक्षा योजना कोष जस्ता कोषहरुको व्यवस्था गरेको छ। यस वित्तीय संस्थाको संचालक समितिले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन विभिन्न उपसमितिहरु गठन गरी कार्य संचालन गर्दै आएको छ। आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा प्राप्त निरिक्षणबाट प्राप्त सुझावहरुको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन संचालक समिति कटिबद्ध रहेजनुसार कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारी लुकाइएको छैन।

आई.एल.एफ.सि.ओ.माइक्रोफाइनान्स वित्तीय संस्था लि.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय, चावहिल-७, काठमाडौं

भर्डीसामु निरीह लिभरपुल

लन्डन/एजेन्सी- एकपछि अर्को खेलमा प्रभावशाली प्रदर्शन गर्दै आएको लिसेस्टर अर्को एक महत्त्वपूर्ण भिडन्तमा बाजी मार्न सफल भएको छ। आफूलाई इंग्लिस प्रिमियर लिगको शीर्ष स्थान कायमै राख्ने क्रममा जारी सिजन सर्वाधिक गोलकर्ताको शीर्ष स्थानमा रहेका जेम्मी भर्डीले २ गोल गरेपछि लिभरपुल स्तब्ध रह्यो।

जितपछि लिसेस्टरले दोस्रो स्थानमा रहेको सिटीसँगको अंक दुरी ३ अंकमै राख्न सफल भएको छ। यससँगै शनिवार हुने सिटीविरुद्धको खेल दुबैका लागि निकै महत्त्वपूर्ण हुने पक्का छ। आफूलाई उपाधि अभियानमा कायमै राख्नका लागि लिसेस्टरविरुद्ध सिटीको खेल बहुप्रतीक्षित रहेको छ।

लिसेस्टर जारी सिजन डार्क हर्सका रूपमा लिगमा उदाएपछि शीर्ष इंग्लिस क्लबहरूको टाउको दुखाइ बनिरहेको छ। लिसेस्टरका जेम्मी भर्डीले एकपछि अर्को खेलमा गोल गर्दै आफूलाई १८ गोलका साथ लिगमा सर्वाधिक गोलकर्ताको शीर्ष स्थानमा कायमै राखेका छन् भने टिमले पनि ५० अंक पुरा गर्दै उपाधि अभियानमा आफूलाई बलियो बनाउँदै लगेको छ।

मंगलवार राति भएको खेलमा दुवै गोल लिसेस्टरले दोस्रो हाफमा सम्भव बनायो। उसका लागि दुवै गोल भर्डीले गरेका थिए। दोस्रो हाफको ६०औं मिनेटमा भर्डीले हाफ भलमार्फत ३० यार्डबाट गरेको शक्तिशाली प्रहारले जाली चुमेपछि लिसेस्टरले अग्रता कायम गऱ्यो। घरेलु दर्शकमाझ उत्कृष्ट लयमा देखिएको लिसेस्टरले पाएका मौकालाई खेर फालेन। पहिलो गोल गरेको ११ मिनेटपछि पुनः भर्डीले नै लिसेस्टरको अग्रता दोब्बर बनाए। २ गोलले जितको आधार सुरक्षित गरेको लिसेस्टरले त्यसपछि पनि लिभरपुललाई दबाब दियो। यद्यपि, लिभरपुल भने गोल गर्न संघर्षरत रहे पनि गोल गर्न असफल रह्यो।

सिटीको संघर्षपूर्ण जित

सन्डरल्यान्डको घरेलु मैदानमा १६औं मिनेटमा सर्जिओ अग्वेरोले गरेको गोल नै निर्णायक भएपछि साविक उपविजेता म्यान सिटीले लिसेस्टरसँगको अंक दुरी ३ अंकमै रोक्न सफल भयो। लिसेस्टरसँगको ३ अंकको दुरीमा रहेको सिटीले उपाधि अभियानलाई कायमै राख्न पनि सन्डरल्यान्डलाई पराजित गर्नुपर्ने थियो। यस्तोमा उसले पहिलो हाफको सुरुआतमै गरेको गोल निर्णायक बन्यो।

म्यानसिटीलाई कडा दबावमा राखेको सन्डरल्यान्डले गोलका केही राम्रा अवसरको सदुपयोग नगर्दा सिटी भाग्यमानी रह्यो। साथै, सिटीले पनि थप गोलका केही मौका खेर फालेको थियो। रेलिगेसन जोनबाट माथि उठ्न संघर्षरत रहेको सन्डरल्यान्डविरुद्ध सहज जितको अपेक्षा गरे पनि सिटीलाई सन्डरल्यान्डले कडा चुनौती दिएको थियो।

मंगलवार राति नै भएको अर्को खेलमा दावेदार मानिएको आर्सनल भने साउथहयाम्टनसँग गोलरहित बराबरीमा रोकियो। बराबरीमा रोकिएसँगै आर्सनल चौथो स्थानमा झऱ्यो। उसलाई टोटनहयामले पछि पाऱ्यो। टोटेनहयामले नविंचलाई ३-० ले पराजित गरेको थियो। त्यस्तै, म्यानचेस्टर युनाइटेड पनि विजयी भयो। युनाइटेडले स्टकलाई ३-० ले हरायो। युनाइटेड ४० अंकका साथ पाँचौं स्थानमा छ। ऊ चौथो स्थानको आर्सनलभन्दा ५ अंकले पछि रहेको छ। लिगमा २४ खेलबाट लिसेस्टर ५० अंकका साथ शीर्ष स्थानमा छ भने समान खेलबाट म्यानसिटी ४७ अंकका साथ दोस्रो तथा टोटेनहयाम आर्सनलसमान ४५ अंकका साथ तेस्रो र आर्सनल चौथो स्थानमा रहेको छ।

कर्ण लिम्बूको ह्याट्रिकमा झापा फाइनलमा

कोकिला ढकाल/राजधानी
इलाम, २० माघ

दोस्रो हाफमा लगातार ४ गोल गर्न सफल भएपछि झापा- ११ इलाममा जारी माई भ्याली गोल्डकप प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। रूपन्देही-११ विरुद्धको सेमिफाइनलमा सबै ४ गोल दोस्रो हाफमा सम्भव भयो।

पहिलो हाफ गोलरहित बारबरी भए पनि दोस्रो हाफमा रूपन्देहीले लय गुमयो। परिणामतः उसले फराकिलो हार वेहोऱ्यो। दोस्रो हाफमा झापाले कप्तान नरेन्द्रमणि लिम्बूको गोलमार्फत खाता खोल्यो। ५३औं मिनेटमा गोल गरेको झापाले त्यसको १ मिनेट पनि नबित्दै कर्ण लिम्बूको गोलमार्फत टिमको अग्रता दोब्बर बनाए।

कर्णको गोलपछि रूपन्देहीका खेलाडीले रेफ्रीसँग विवाद गरेका थिए। विवादपछि पनि झापाले रुपन्देहीविरुद्ध गोल यात्रा निरन्तर कायम राख्यो। विवादपछि रूपन्देही थप दवावमा आयो। उसका विजय धिमालले झापाका गणेश खड्कालाई फल गरेपछि रेफ्रीले उनलाई सीधै रेडकार्ड देखाउँदै मैदानबाहिर पठाए।

रेडकार्ड पाएर विजय बाहिरिएपछि १० खेलाडीमा सीमित बनेको रूपन्देहीमाथि झापाका कर्ण लिम्बूले अर्को गोल गरे।

एकपछि अर्को राम्रा मौका बनाएको झापाका लागि ८८औं मिनेटमा कर्ण लिम्बूले ह्याट्रिक सम्भव बनाएका थिए। उनी 'म्यान अफ द म्याच' भए।

झापाले आगामी २३ माघमा फाइनल खेलमा विभागीय टोली त्रिभुवन आर्मी र एपीएफको विजेतासँग प्रतिस्पर्धा गर्नेछ। झापाका प्रशिक्षक भगीरथ आलेले अब विभागीय टिमको सामना गर्न थप नयाँ रणनीति तयार गर्नुपर्ने बताए। रूपन्देहीका टिम म्यानेजर जग्गुनाथ खड्काले रेफ्रीको गलत निर्णयका कारण पराजित हुनुपरेको बताए। विहीवारको अर्को सेमिफाइनलमा आर्मी र एपीएफ भिड्नेछन्।

यू-१९ विश्वकपको क्वार्टरफाइनलको तयारी गर्दै नेपाली यू-१९ टिम। नेपाल शुक्रवार बंगलादेशविरुद्ध क्वार्टरफाइनल खेल्दै छ।

तस्विर सौजन्य : क्यान

मर्स्याङ्दी उपाधिनजिक

काठमाडौं/रास- मर्स्याङ्दी बोर्डिङ स्कुल प्रथम ओप्स अन्तरविद्यालय फुटबल प्रतियोगिताको बुधवार फाइनल प्रवेश गरेको छ।

नेपालटारस्थित तारकेश्वरको खेलमैदानमा भएको सेमिफाइनल खेलमा मर्स्याङ्दीले पुष्पकुञ्जलाई २-० को अन्तरले पराजित गर्दै उपाधिनजिक पुगेको हो।

त्यस्तै, विहीवार नै भएको क्वार्टरफाइनल खेलमा जित हात पार्दै सृजना ज्ञानसागर र प्रगति सेमिफाइनलमा प्रवेश गरे। सृजनाले राजन मेमोरियलसँगको खेलमा २-१ को जित निकाल्यो। त्यस्तै, प्रगतिले सेबलाई टाइब्रेकरमा ५-४ ले स्तब्ध पाऱ्यो।

रिजाललाई सफाइ

काठमाडौं/रास- यू-१९ विश्वकपमा नेपाली टोलीको नेतृत्व गरिरहेका कप्तान राजु रिजालको उमेरसम्बन्धी विवादलाई अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले प्रमाण नभेटिएको भन्दै उनी योग्य रहेको बताएको छ। राजु रिजाललाई राजु शर्मा भन्दै केही भारतीयले सोसल मिडियामार्फत उठाइरहेको विवादलाई भारतीय मिडियाले समेत साथ दिएपछि यो विषय चर्को रूपमा अगाडि आएको थियो जसलाई आईसीसीले मंगलवार राति विज्ञप्ति जारी गर्दै विवाद अनावश्यक भएको बताएको छ। उसले आधिकारिक रूपमा प्राप्त डकुमेन्टहरू विश्वास योग्य भएको भनेको छ।

ओडीसी र बीएनए फाइनलमा

काठमाडौं/रास- आयोजक ओडीसी इन्टरनेसनल एकेडेमी र वीएनए स्कुल आठौं ओडीसी अन्तरविद्यालय वास्केटवल प्रतियोगिताको जुनियर ब्वाइजको फाइनल प्रवेश गरेरका छन्। बुधवार भएको सेमिफाइनलमा ओडीसीले माउन्ट ग्लोरी तथा वीएनएले इनोभेटिभ इंग्लिस स्कुललाई पराजित गर्दै फाइनल यात्रा तय गरेका हुन्। घरेलु कोर्टमा भएको पहिलो सेमिफाइनलमा ओडीसीले माउन्ट ग्लोरी स्कुललाई २८-२० ले पराजित गऱ्यो। ओडीसीको जितमा सागर लामाले १६ अंक जोडे। ओडीसीले क्वार्टरफाइनलमा गिनल्यान्डलाई पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको थियो। त्यस्तै, माउन्ट ग्लोरीले गोल्डेनपिकलाई पाखा लगाएको थियो। दोस्रो सेमिफाइनलमा वीएनएले इनोभेटिभ स्कुललाई २१-१८ ले हरायो।

सेमिफाइनलमा स्थान बनाउने क्रममा वीएनएले एन्जल्स हर्टलाई पराजित गरेको थियो भने इनोभेटिभले डेनेव एकेडेमीलाई निराश बनाएको थियो। सिनियर गर्ल्सतर्फको उपाधिका लागि भ्यालीपब्लिक स्कुल र श्रीदवा स्कुल भिड्ने भएका छन्। सेमिफाइनलमा भ्यालीले चन्द्राबिन्दु स्कुललाई ८-४ ले पराजित गऱ्यो भने श्रीदवा स्कुलले नेब्स स्कुललाई ५-३ ले पाखा लगायो। प्रतियोगितामा जुनियर ब्वाइजमा १६ तथा सिनियर गर्ल्समा १२ स्कुल सहभागी रहेका छन्।

कर छली प्रकरणमा तानिए नेयमार

साओपाउलो/एजेन्सी- ब्राजिलमा कर छलीका चार अलग विवादमा फुटवल स्टार नेयमारविरुद्ध छानविन सुरु भएको छ।

बार्सिलोना स्ट्राइकर नेयमारविरुद्ध सन् २००६ देखि २०१३ का विचमा कम करतिरको विषयमा सुनुवाइ हुनेछ। त्यस्तै, उनलाई फर्जी कम्पनीले ट्याक्समा छुट दिइरहेको बताइएको छ।

जाँचकर्ताले नेयमारका वुवा नेमार दा सिल्भा सेन्टान्सले पनि उनलाई सहयोग गरेको बताएका छन्। बार्सिलोना अध्यक्ष जोजफ मरिया बार्टोम्यू र पूर्वअध्यक्ष सैन्ड्रो रोजर्सविरुद्ध पनि कर छल्न सहयोग गरेको आरोप लागेको छ।

न्युजिल्यान्डको फराकिलो जित

अकल्यान्ड/एजेन्सी- न्युजिल्यान्डका टेन्ट बोल्ट र मैट हेनरीले कसिलो वलिङ गरेपछि अस्ट्रेलियाविरुद्धको ३ खेलको एकदिवसीय सिरिजमा न्युजिल्यान्डले १ सय ५९ रनको सानदार जित आत्मसात् गरेको छ।

टस हारेर पहिले व्याटिङ गरेको न्युजिल्यान्डले ८ विकेट गुमाएर ३ सय ७ रन बनाएको थियो। ३ सय ८ रनको विजयी लक्ष्य पछ्याएको अस्ट्रेलिया १ सय ४८ रनमै समेटिएपछि न्युजिल्यान्ड फराकिलो जित निकाल्न सफल भएको हो।

अस्ट्रेलियालाई सस्तैमा पेविलियन फर्काउने क्रममा उसेन बोल्ट र हेनरीले ३/३ विकेट लिए। त्यसअघि, पहिले व्याटिङ गरेको न्युजिल्यान्डका लागि मार्टिन गुप्टिलले ९० रनको योगदान दिंदा हेनरी निकोलसले ६१ रन बनाए। त्यस्तै, ब्रेन्डम म्याकुलमले ४४ रन दिंदै न्यूजिल्यान्डलाई सानदार सुरुआत दिलाएका थिए। ३० ओभरमा जम्मा २ सय रनको आँकडा पुरा गरेको न्युजिल्यान्डले अन्तिम समयमा भने रन तीव्र गतिमा जोड्न असफल रह्यो।

इडन पार्कमा ३ सय रनको लक्ष्य सामान्य मानिन्छ। यद्यपि, अस्ट्रेलियाले सुरुआतबाटै गतिलो प्रदर्शन गर्न सकेन। हेनरी र बोल्टले अस्ट्रेलियाको शीर्ष क्रमलाई तहसनहस बनाएपछि खेल न्युजिल्यान्डको पकडमा आएको थियो। अस्ट्रेलिया ४५ रनमै महत्त्वपूर्ण ६ विकेट गुमाउन बाध्य भएको थियो। हेनरीले आफ्नो पहिलो ओभरमै सन मार्सलाई पेविलियन पठाएका थिए। उसका अर्का भरपर्दा ब्याट्समयान स्टिवन स्मिथ १८ रनमा बोल्ड भए। उनले जर्ज वेलीलाई पनि क्रिजमा धेरै समय रहन दिएनन्। बोल्टले डेविड वार्नरलाई पेविलियन पठाए भने ग्लेन म्याक्सवेल र मिचेल मार्सलाई शून्य रनमा आउट गरेका थिए। शीर्ष क्रम ध्वस्त भएपछि म्याथ्यु वेड र जेम्स फल्कनरले अस्ट्रेलियाको पारीलाई केही समय सम्हालेका थिए। उनीहरूले सातौं विकेटका लागि ७९ रनको योगदान दिए। त्यसपछि दुवै खेलाडी आउट भएका थिए।

बोल्टले ३८ रन दिएर ३ विकेट लिए भने हेनरीले ४१ रन दिएर समान ३ विकेट लिए। अस्ट्रेलियाविरुद्धको सिरिजपछि सन्न्यास घोषणा गरेका ब्रेन्डम म्याकुलमलाई समर्थकहरूले इडनपार्कमा उभिएर सम्मान गरेका थिए। उनको इडन पार्कमा यो अन्तिम खेल हो। उनले अकल्यान्डमा २९ वलमा ४४ रनको विस्फोटक पारी खेले।

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.व.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : आषिश शेरचन, सम्पादक : राजन शर्मा